सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ भदौ २०८२, आइतबार (7 Sep 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ एमाले विधान महाधिवेशन

सचिवालयको निर्णय विपरित कर्ण थापालाई फरक मत राख्नै दिइएन

ईश्वर पोखरेलसहित विद्या पक्षधर नेताको प्रतिवाद



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका



कर्ण थापा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

केन्द्रीय सचिवालय बैठकले स्थायी समिति सदस्य कर्णबहादुर थापालाई विधान महाधिवेशनमा फरक मत वाचन गर्न दिने निर्णय गरे पनि अन्तिम समयमा एमाले अध्यक्ष केपी ओलीले रोकेका छन्। महाधिवेशनको दोस्रो दिन थापाले फरक मत राख्ने कार्यसूची भए पनि ओलीले कार्यतालिका प्रभावित हुने भन्दै रोकेका हुन्।

हलमा सबै प्रतिनिधिको हातमा फरक मत पुगेको भन्दै ओलीले समूहगत छलफलमै बोल्न निर्देशन दिएका थिए। त्यसपछि पूर्वनिर्धारित कार्यसूची र निर्णयअनुसार आफूले बोल्न पाउनुपर्ने भन्दै थापाले १५ मिनेटसम्म मौन उभिएर विरोध जनाए।

थापालाई बोल्न नदिएपछि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले प्रतिवाद गरे। 'हिजै कार्यसूचीमा चढाइएपछि पनि आज किन बोल्न दिइएन,' पाण्डेले उठेर प्रतिवाद गरेका थिए। केन्द्रीय सचिवालयको पछिल्लो बैठकमा पूर्वराष्ट्रपति विद्याको पक्षमा खुलेका अर्का उपाध्यक्ष रामबहादुर थापा बादलले पनि 'पार्टीलाई यसरी चलाएर के गर्न खोजेको' भन्दै पाण्डेसहितका नेतालाई साथ दिएका थिए।

अन्तिमसम्म पनि थापाले महाधिवेशनको हलमा नै फरक मत पेस गर्न चाहेका थिए। तर, अध्यक्ष ओलीले 'हलमा पेस गर्नुपर्दैन, समूहमा जानुस्' भन्दै रोकेका थिए। थापाले कार्यकारी पदमा दुई कार्यकालको व्यवस्था र ७० वर्षे उमेरहद हटाइएको तथा पूर्वराष्ट्रपति विद्याको सदस्यता रोकिएको जस्ता विषयलाई आन्तरिक लोकतन्त्रको मुद्दासँग जोडेर फरक मत अगाडि सारेका छन्।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले अध्यक्ष

» पृष्ठ २ मा क्रमशः

तैपनि समूहगत छलफलमा विद्याको पक्षमा उल्लेख्य मत

टोली नेतामा पनि ओली र विद्यानिकट तीन-तीनजना

अध्यक्ष ओलीको निर्देशनका कारण समूहगत छलफलमा सहभागीमध्ये बहुसंख्यक प्रतिनिधिले विद्याको पुनरागमनको पक्ष-विपक्षमा बोल्न नै रुचाएनन्, तर जतिले बोले तीमध्ये पाँच समूहका उल्लेख्य प्रतिनिधि घोषित रूपमै विद्याको पुनरागमनको पक्षमा उभिए

काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले विधान महाधिवेशनको हलमा रोक लगाए पनि समूहगत छलफलमा उल्लेख्य प्रतिनिधि पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता रोक्ने केन्द्रीय कमिटी निर्णयको विपक्षमा उभिएका छन्। सदस्यताको मुद्दाबारे महाधिवेशनमा छलफल नगर्न ओलीले 'अघोषित निर्देशन' गरे पनि दशमध्ये पाँचवटा समूहमा उल्लेखनीय प्रतिनिधि विद्याको पक्षमा उभिएका छन्। अन्य पाँच समूहमा पनि पक्ष-विपक्षमा नखुली तटस्थ बस्ने प्रतिनिधि धेरै देखिएका छन्।

उपाध्यक्ष विष्णु पौडेलको विधान संशोधन प्रतिवेदनमा संगठन विभाग प्रमुख काशीनाथ अधिकारी नै असन्तुष्ट

अध्यक्ष ओलीको निर्देशनका कारण समूहगत छलफलमा सहभागीमध्ये बहुसंख्यक प्रतिनिधिले पक्ष-विपक्षमा बोल्न नै रुचाएनन्। तर, जे-जति प्रतिनिधिले मत राखे, तीमध्ये उल्लेख्य प्रतिनिधि घोषित रूपमै विद्याको पुनरागमनको पक्षमा उभिए। उनीहरूले ०८४ मा एकल बहुमतसहितको बलियो पार्टी बनाउने मिसन पूरा गर्न एकताबद्ध पार्टी आवश्यक रहेको, तर विद्यामाथि रोक लगाएर नेतृत्व नै उल्टो बाटो हिँड्न खोजेको टिप्पणी गरे।

विधान महाधिवेशन उद्घाटनमा ओलीले विद्यालाई इंगित गर्दै उनको विषय विधान महाधिवेशनसँग सम्बन्धित नरहेको प्रस्ट्याएर छलफल गर्न आवश्यक नभएको बताएका थिए। तर, उनको निर्देशनको समूहगत छलफलमा पालना भएन। टोली नेता चयन पनि आफूअनुकूल देखिएकोमा विद्या समूह उत्साहित छ।

» पृष्ठ २ मा क्रमशः

जेब्राक्रसमै बालिकालाई गाडीले हानेर भागे मन्त्री

प्रधानमन्त्रीले उल्टै पीडित पक्षलाई लगाए 'महाधिवेशन भाँड्ने तत्त्व'को आक्षेप



टेकराज थामी/नयाँ पत्रिका

जेब्राक्रसमा पनि तीव्र गतिमा हुइँक्याइएको कोशीका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगर सवार गाडीले शनिबार बिहानै ललितपुर महानगरपालिका- २८ हरिसिद्धिमा एक बालिकालाई ठक्कर दियो। बालिका सडकमा छटपटाउन थालिन्। मन्त्री तत्काल बालिकाको उद्धार गरेर अस्पताल पुऱ्याउनुपर्ने मानवीयता पनि लत्याएर गाडीको स्पिड अझ बढाएर भागे। एमाले नेतासमेत रहेका मन्त्री मगर सिधै एमालेको गोदावरीस्थित विधान महाधिवेशनस्थल पुगे। यस्तो अपराधजन्य कार्य गर्ने मन्त्रीको बचाउमा प्रधानमन्त्री केपी ओली नै उभिए।



कोशीका आर्थिक मामिला तथा योजनामन्त्री मगर

घटनाको विरोधमा उत्रिएका स्थानीयलाई उनले 'एमाले विधान महाधिवेशन भाँड्ने तत्त्व'को लाञ्छनासमेत लगाए। हरिसिद्धिकै ११

» पृष्ठ २ मा क्रमशः



गैरजिम्मेवार मन्त्रीलाई सचेत गराउनुपर्नेमा प्रधानमन्त्रीले घटानाको विरोधमा उत्रिएका स्थानीयमाथि आरोप लगाए-

सामान्य रूपमा बच्चीलाई गाडीले छोयो, महाधिवेशन भाँड्ने तत्त्व परिचालित भए

बालिकालाई ठक्कर दिएर भागेका मन्त्री रामबहादुर मगर सिधै गोदावरीस्थित एमाले विधान महाधिवेशनस्थल पुगेका थिए। केहीबेरमै घटनाबारे प्रधानमन्त्री केपी ओलीले पनि जानकारी पाए। तर, गैरजिम्मेवार मन्त्रीलाई सचेत गराउनुपर्नेमा ओलीले उल्टै घटनाको विरोधमा उत्रिएका स्थानीयलाई महाधिवेशन भाँड्ने तत्त्वको संज्ञा दिए। सडक अवरुद्धका कारण प्रतिनिधि बाटोमै रोकिएर महाधिवेशन प्रभावित भएपछि ओलीले संगीन आरोप लगाएका थिए।

'बन्दसत्रमा आउने प्रतिनिधिको गाडीले हरिसिद्धि घुम्तीमा बालिकालाई ठक्कर दिएछ। बालिकाको सम्पूर्ण उपचार खर्च पार्टीले व्यहोर्ने गरी उपचारका लागि अस्पताल पठाएको जानकारी छ। बालिकाको शीघ्र स्वास्थ्यलाभको कामना छ। दुर्घटना भवितव्य हो। सडक अवरुद्ध भएको जानकारीमा आयो। महाधिवेशन भाँड्ने गरी त्यहाँ कसैले राजनीति गर्न खोजेको देखियो,' उनले भने। प्रधानमन्त्रीले मन्त्री मगरको बचाउ पनि गरे। दुर्घटनापछि मानवीयतासमेत नदेखाएका मगरको पक्षमा वकालत नै गरे। 'सामान्य रूपमा एक बच्चीलाई गाडीले छोयो। अस्पताल लगिसकियो। त्यस्तो कुनै नियत थिएन। पार्टीले बच्चीको सम्पूर्ण उपचार खर्च व्यहोर्छ,' उनले भने, 'कहिले-कहिले यस्ता अप्रिय घटना हुन्छन्।'

■ उच्चपदस्थले अवलोकन गरे इन्द्रजात्रा



राष्ट्रपतिसहित विशिष्ट व्यक्तिहरूले गद्दी बैठकबाट शनिबार श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको दर्शन तथा रथयात्रा अवलोकन गरेका छन्। हनुमानढोकाअगाडि इन्द्रध्वजासहितको लिंगो ठड्याएपछि सुरु हुने इन्द्रजात्रा विविध नाचगान, रथयात्रा र देवीदेवताको पूजाअर्चनाका साथ आठ दिनसम्म मनाइन्छ। दिवंगत आफन्तका सम्झनामा मनाइने यो जात्राको मुख्य आकर्षण काठमाडौंको जीवित देवी कुमारीको रथयात्रा हो।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

अंग प्रत्यारोपणमा नेपालमा ऐतिहासिक उपलब्धि

एकै व्यक्तिमा तेस्रोपटक मिर्गौला प्रत्यारोपण

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



■ खानेपानीमन्त्रीको दबाबमा थुनाइएकी किरणको बेलीविस्तार

हैजाले परिवार नै अस्पताल पुग्नुपरेको पीडामा फोन गरेको थिएँ

मन्त्रीले अभिभावकत्व देखाउनुको सट्टा शक्ति देखाए

वीरगन्जमा समुदायस्तरमै फैलिएको हैजा रोकथाम र नियन्त्रणमा जिम्मेवारी निर्वाह नगरेको भन्दै खानेपानीमन्त्री प्रदीप यादवलाई प्रश्न गर्दा बारा कलैया उपमहानगरपालिका- २६, सिस्वा महेशपुरकी किरण साह ६ दिन हिरासतमा थुनिनुपऱ्यो। मन्त्री यादवको दबाबमा साहलाई प्रहरीले १४ भदौमा पक्राउ गरेकोमा गत बिहीबार जिल्ला अदालत पर्साका न्यायाधीश कमलकान्त जोशीको इजलासले पाँच हजार धरौटीमा छाड्न आदेश दिएपछि उनी हिरासतमुक्त भएकी हुन्। उनीविरुद्ध विद्युतीय अपराध, संघीय सांसदलाई धम्की दिने र झुटा समाचार/अफवाह फैलाउनेसम्बन्धी तीन कसुरमा मुद्दा चलाइएको छ।



प्रदीप यादव, खानेपानीमन्त्री

आखिर के भएको थियो घटना ?
नयाँ पत्रिकाकर्मी **तिवारी यादव**लाई किरणले सुनाएको बेलीविस्तार-



किरण साह

वीरगन्ज महानगरपालिकाका केही वडामा खानेपानीकै कारण झाडापखाला र हैजाको प्रकोप बढिरहेको थियो। ८ भदौमा बहिनी सम्झादेवी साहका दुई वर्ष दुई महिनाकी छोरी कृतिका र चार वर्षका छोरा आर्यनलाई हैजा देखिएपछि नेसनल अस्पताल भर्ना भए। उनीहरू अहिलेसम्म पनि उपचाररत छन्। बहिनी सन्झादेवी त त्यसको चार दिनअघिदेखि नै सोही अस्पतालमा उपचाररत थिइन्। बहिनी अस्पतालको बेडमा रहेकै बेला साना दुई बच्चालाई पनि हैजाले अस्पतालमा पुऱ्याएपछि तनाव हुने नै भयो।

दुई दिनपछि १० भदौमा बुवा तुलसी साह र आमा सावित्रीदेवीलाई हैजा देखिएर एडभान्स अस्पतालमा भर्ना गरियो। परिवारका सदस्यलाई एकपछि अर्को गर्दै हैजाले अस्पतालमा सुताएको पीडा र समुदायमा झन् फैलिरहेको अवस्थामा वीरगन्ज महानगर क्षेत्र पनि समेट्ने पर्सा १ का प्रतिनिधिसभा सदस्यसमेत रहेका खानेपानीमन्त्री प्रदीप यादवको जिम्मेवार भूमिका नदेखिएपछि फोन गरेर गुनासो गर्न मन लाग्यो। बारा घर भए पनि एक दशकदेखि वीरगन्जमै डेरा गरेर बस्दै आएको छु। पटक-पटक फोन गर्दा पनि मन्त्रीले उठाएनन्। जनप्रतिनिधि भएर पनि नागरिक समस्यामा पर्दा फोन नउठाउने कस्तो मन्त्री ? हैजा किन फैलिरहेको छ भनेर जवाफ दिने जिम्मेवार व्यक्ति नै कोही देखिएन।

११ भदौमा बल्ल मन्त्रीको फोन उठ्यो। म तनावमा थिएँ। यादवलाई अभिभावकका रूपमा धेरै प्रश्न गर्ने। उल्टै उनले मलाई प्रतिप्रश्न गरेर पन्छिन खोजेजस्तो गरे। 'वीरगन्जमे केतना आदमी मरगैल हैजा के बजसे' (वीरगन्जमा हैजाले कति मान्छे मरे) भनेर सोध्दा मन्त्री यादवले 'तथ्यांक छ ?' भनेर प्रतिप्रश्न गरे। जिम्मेवार व्यक्तिले उल्टै यस्तो प्रश्न गरेपछि थप पीडा भयो। मैले 'डाटा

» पृष्ठ २ मा क्रमशः

भारतीय ड्रोनले सीमा क्षेत्र आतंकित

भारतद्वारा सर्वेक्षणका नाममा नेपाली पक्षसँग समन्वय नै नगरी कपिलवस्तु सीमा क्षेत्रमा दैनिक ड्रोन उडान

नवराज मैनाली/नयाँ पत्रिका

भारतले नेपाली पक्षलाई कुनै जानकारी नै नदिई सर्वेक्षणका नाममा सीमा क्षेत्रमा दैनिक ड्रोन उडाएपछि कपिलवस्तु सीमा क्षेत्रका बासिन्दा त्रसित बनेका छन्। बिहीबार र शुक्रबार बुद्धभूमि नगरपालिका- ५ स्थित गौतम सामुदायिक वन क्षेत्रमा ड्रोन उडाएको थियो भने शनिबार कृष्णनगर क्षेत्रमा पनि उडाएको हो।

स्थानीयका अनुसार त्यसअघि खुनुवा मर्यादपुर क्षेत्रमा भारतीय पक्षले ड्रोन उडाएको थियो। नेपालको भूमितर्फ समेत ड्रोन उडाएपछि त्रास फैलिएको स्थानीयले बताएका छन्। सीमा क्षेत्रमा समन्यव गरेर मात्र ड्रोन उडाउनुपर्नेमा भारतले कुनै औपचारिक जानकारी दिएको छैन। स्थानीयको गुनासोपछि नेपाली पक्षले बुझ्दा उनीहरूले नदीसम्बन्धी सर्वेक्षणका लागि त्यसरी सरकारी तवरबाटै ड्रोन उडाइएको बताएका छन्। स्थानीयले नेपाली भूमितर्फ समेत ड्रोन उडेको भिडियो नै खिचेर सुरक्षा

» पृष्ठ २ मा क्रमशः

नागरिकमा त्रास फैलियो भनेर मैले भारतीय पक्षलाई कन्सर्न राखेको छु



● **दिलकुमार तामाङ**
प्रजिअ, कपिलवस्तु

भारतको रिसर्च इन्स्टिच्युटले नदीसम्बन्धी अनुसन्धान गरिरहेको भनेर अनौपचारिक जानकारी दिएको छ। तर, ड्रोन नेपालतर्फ आएको छैन। सीमाको सिधा लाइन छैन, जिकज्याक छ, उड्दाखेरि नेपालतर्फ जस्तो देखिएको हो। तैपनि नागरिकमा त्रास फैलियो भनेर मैले भारतीय पक्षलाई कन्सर्न राखेको छु।

NIMB AUTO LOAN @6.29 % p.a.

कोशीमा ३४ झोलुंगे पुल प्रयोगविहीन

जीर्ण १७ पुल मर्मत गर्नुपर्ने, १२ वटा अन्यत्रै सानुपर्ने र पाँचवटा भत्काउनुपर्ने

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशमा ३४ वटा झोलुंगे पुल प्रयोगविहीन रहेको पाइएको छ। तीमध्ये १२ वटा सरकारले अन्यत्रै सार्ने भएको छ। जीर्ण अवस्थामा पुगिसकेका १७ वटा पुल भने पुनः मर्मत गरेर सञ्चालनमा ल्याइने भएको छ।

मोरङ, धनकुटा, उदयपुर, भोजपुर, ओखलढुंगा, खोटाङ, सोलुखुम्बुलगायत जिल्लामा निर्माण भएका ३४ वटा पुराना झोलुंगे पुलमध्ये १२ वटा पुल मोटरेबल पक्की पुल बनेपछि प्रयोगविहीन भएका हुन्। पहिले आवतजावत गर्ने पदमार्गका लागि अत्यावश्यक रहे पनि मोटरेबल पक्की पुल बनेपछि आजकल ती पुलहरू वनलहरे थांक्राका रूपमा प्रयोगविहीन अवस्थामा छन्। जसकारण कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले विज्ञहरूबाट अध्ययन गराएर प्रयोगविहीन रहेका १२ वटा झोलुंगे पुललाई अन्यत्रै आवश्यक स्थानमा सार्ने तयारी गरेको छ।

मन्त्रालयको अध्ययन टोलीले गरेको अध्ययनअनुसार मोरङमा दुई, धनकुटामा एक, भोजपुरमा नौ, उदयपुरमा पाँच, खोटाङमा सात, ओखलढुंगामा चारवटा पुल प्रयोगविहीन अवस्थामा छन्। 'वनलहराको थांक्राका रूपमा परिणत भएर मानव उपयोगविहीन अवस्थामा रहेकाले राज्यको सम्पत्तिको सही सदुपयोग गराउन विज्ञहरूबाट अध्ययन गराएर झोलुंगे पुलहरूको सही व्यवस्थापन गर्न लागेका हौँ,' भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राईले भने।

उनका अनुसार उपयोगविहीन झोलुंगे पुलहरूलाई नजिकै उचित स्थानमा स्थानान्तरण गर्न सके उपयोगमा पनि आउने, आर्थिक मितव्ययिताको दृष्टिकोणले पनि उचित लाभ लिन सकिन्छ। यसैले मन्त्रालयले प्रदेशका सम्पूर्ण स्थानीय तहलाई त्यस्ता पुलहरूको विवरण पठाउन अनुरोध गरेको थियो। जसअनुसार कोशी प्रदेशका विभिन्न जिल्लामा रहेका ३४ वटा झोलुंगे पुल कम प्रयोगमा रहेको, जीर्ण भएकाले भत्काउनुपर्ने अनि स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको देखिएको छ।

कोशीको भौतिक मन्त्रालयले 'लोकल रोड पुल युनिट'का विज्ञ इन्जिनियरहरूमार्फत प्रदेशभरिका झोलुंगे पुलहरूको अवस्था विश्लेषण गरेको थियो। जसअनुसार ३४ वटा उपभोग कम भएका पुलमध्ये २३ वटा पुल सार्न सकिने प्रतिवेदन प्राप्त भएको थियो।

मन्त्रालयले कम प्रयोगमा रहेका १७ वटा झोलुंगे पुल स्थानीय नागरिक र स्थानीय तहहरूको सहमति लिएर त्यही स्थानमा उपयोग गराउनेछ। मोटरेबल पक्की पुल सञ्चालनमा आए पनि कतै भत्केबिग्रेमा वैकल्पिक मार्गका रूपमा झोलुंगे पुलहरू अत्यावश्यक पर्छ। तर, १७ वटा पुललाई भने प्रदेश सरकारले तत्कालै हटाएर अन्यत्रै सार्नेछ। पाँचवटा पुल भत्काएर लिलामी गर्नेछ। मन्त्रालयका अनुसार एउटा झोलुंगे पुल निर्माण गर्दा कम्तीमा पनि ४५ लाख रुपैयाँ खर्च हुन्छ। पुराना पुल सार्दा, नयाँ पुल बनाउँदाभन्दा सरकारलाई ४० प्रतिशत कम खर्च लाग्नेछ। 'अब पुल सार्नका लागि लगभग तयारी पूरा भइसकेको छ, चाँडै सबैको सहमति लिएर कार्यान्वयनमा लैजान्छौँ,' मन्त्री राईले भने।

सोमबार भ्रष्टाचारविरुद्ध प्रदर्शनको तयारी

काठमाडौं/ सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले सर्वसाधारणमा आक्रोश बढाइरहेका वेला सामाजिक सञ्जालमा नेताका सन्तानको आलिसान जीवनशैली बाहिर ल्याउने अभियान चलेको छ। विभिन्न युवाहरूले भ्रष्टाचारले सीमा नाघेको भन्दै यस्तो अभियान थालेका हुन्।

खासगरी सामाजिक सञ्जाल टिकटकमा नेताहरूका सन्तानको महँगो र आलिसान जीवनशैली 'एक्सपोज' गर्दै उनीहरूले जनताको कर दुरुपयोग गरेको भनेर अभियान थालिएको हो। पूर्वप्रधानन्यायाधीश तथा पूर्वप्रहरी प्रमुखलगायतका सन्तानको जीवनशैलीमाथि पनि प्रश्न गरिएको छ। यसमा कलाकार तथा कन्टेन्ट क्रियटरहरूले पनि साथ दिइरहेका छन्।

यही समूहले सोमबार सामाजिक सञ्जालमाथि नियन्त्रण र भ्रष्टाचारको विरोधमा काठमाडौंमा प्रदर्शनका लागि आह्वान गरेका छन्। माइतीघर र बानेश्वरस्थित संसद् भवनअगाडि प्रदर्शनको तयारी छ। नेताहरूको भ्रष्टाचारका कारण आफूहरूको भविष्य बर्बाद भएको भन्दै 'जेन्जी' पुस्ताले यस्तो अभियान थालेको हो। उपत्यकाबाहिरका जिल्लामा पनि सोही दिन सिडिओ कार्यालयअगाडि प्रदर्शनको तयारी भइरहेको छ।

पूर्वराष्ट्रपतिलाई राजनीतिमा आउन संविधानले रोक्दैन : देउवा

काठमाडौं/ पूर्वराष्ट्रपति र उपराष्ट्रपतिलाई राजनीतिमा आउन संविधानले नरोक्ने नेपाली कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले बताएका छन्। विराटनगर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्।



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेको राजनीतिमा फर्किएकी छन्। तर पार्टीले उनको सदस्यता नवीकरण नगर्ने निर्णय गरिसकेको छ। पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन नेकपा माओवादी केन्द्रको राजनीतिमा आइसकेका छन्।

पूर्वराष्ट्रपति र उपराष्ट्रपति राजनीतिमा आउँदा संविधानको औचित्य सकिएन भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'बास्तवमा मलाई थाहा छैन धेरै कुराहरू, संविधानमा (पाइन्छ) भन्या पनि छैन, पाइन्न भनेको पनि छैन।'

आगन्तुक रिसोर्ट प्रा. लि.
बनेपा न.पा. वडा नं ६, काभ्रेपलान्चोक

विशेष साधारण सभा सम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरू,
यस कम्पनीको मिति २०८२/४/९ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार मिति २०८२/५/२१ मा बोलाइएको विशेष साधारण सभा गणपूरक संख्या नपुगी स्थगित हुन गएको हुँदा आज मिति २०८२/५/२१ गते संचालक समितिको आकस्मिक बैठक बसी ७ दिनको सार्वजनिक सूचना प्रकाशित गरी देहायको विषयमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा पुनः विशेष साधारण सभा बोलाइएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितीको लागि यसै सूचनाद्वारा जानकारी गराईएको छ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८२ साल आश्विन २ गते बिहिबार
समय : विहान ८:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय बनेपा न.पा. वडा न ६, काभ्रेपलान्चोक जिल्ला

विशेष साधारण सभाका प्रस्तावहरू :
१. कम्पनीको संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।
२. विविध।

आज्ञाले
कम्पनी सचिव

सचिवालयको...

पृष्ठ १ बाट क्रमशः

ओलीले थापालाई मत राख्न निषेध नगरिएको बताए। 'उहाँलाई अध्यक्षले समय अभावका कारण समूहमा कुरा राख्नुहोस् भनिएको हो। फरक मत छलफलका लागि बाँड्न दिइएकै छ, प्रतिनिधिमाझ छलफलमा रोक लगाइएको होइन,' गौतमले भने।

उपाध्यक्ष विष्णु पौडेलको विधान संशोधन प्रतिवेदनमा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीको असन्तुष्टि

एमालेको विधान संशोधन प्रतिवेदनप्रति संगठन विभाग प्रमुखले नै असन्तुष्टि जनाएका छन्। समूहगत छलफलका क्रममा स्थायी समिति सदस्यसमेत रहेका संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले मस्यौदाप्रति असहमति राखेका हुन्। उनले साधारण सदस्यसमेत थपिएकोमा असन्तुष्टि जनाएका हुन्। एमालेमा हाल संगठित सदस्य मात्र रहने व्यवस्था छ। उपाध्यक्ष विष्णु पौडेलले विधान महाधिवेशनमा प्रस्तुत गरेको विधान संशोधन प्रतिवेदनमा संगठित र साधारण गरी दुई प्रकारका सदस्य रहने उल्लेख छ। संगठन प्रमुखले नै सदस्यता मुद्दामा असहमति राखेपछि कतिपय प्रतिनिधिले आश्चर्य व्यक्त गरेका छन्। 'विधान मस्यौदामा संगठन विभागकै महत्त्वपूर्ण भूमिका हुन्छ, तर उहाँले स्थायी समिति बैठक नै नबसेकाले आफ्ना कुरा राख्न नपाएर हुन सक्छ समूहगत छलफलमै आफ्नो असन्तुष्टि राख्नुभो,' एक प्रतिनिधिले भने।

प्रेस चौतारी नेपालको नेतृत्व चयनप्रति एमाले विधान महाधिवेशन हलमा निर्वाचन आयोगले उठायो गम्भीर प्रश्न

एमालेको जारी दोस्रो विधान महाधिवेशनको छलफलमा प्रेस चौतारी नेपालको नेतृत्व चयनप्रति पार्टीकै केन्द्रीय निर्वाचन आयोगले गम्भीर प्रश्न उठाएको छ। विधानअनुसार चौतारीले महाधिवेशन सम्पन्न गर्नुपर्नेमा पार्टीको केन्द्रीय निर्वाचन आयोगको औपचारिक जानकारी र उपस्थितिविनै नेतृत्व चयन गरेको भन्दै आयोगले प्रश्न उठाएको हो।

'नेकपा एमालेको जनसंगठन प्रेस चौतारी नेपालको दसौँ केन्द्रीय महाधिवेशन, २०८१ चैत १०-१२ मा विराटनगरमा सम्पन्न भएको भएता पनि आयोजक कमिटीले उक्त अधिवेशनको सहजीकरण वा निर्वाचन सम्पन्न गर्नका लागि कुनै पत्र केन्द्रीय निर्वाचन आयोगमा प्राप्त हुन नआएको,' अध्यक्ष विजय सुब्बाको प्रतिवेदनमा उल्लेख छ।

महाधिवेशनमा एउटा ठुलो समूहलाई उम्मेदवारी नै दर्ता गर्न नदिएर नेतृत्व चयन गरिएको भन्दै त्यतिवेलै पनि गम्भीर प्रश्न उठेको थियो। देशभरका करिब चार सयभन्दा बढी प्रतिनिधिले निर्वाचनमार्फत नेतृत्व चयनको माग गर्दै महाधिवेशनस्थलमा हस्ताक्षरसमेत संकलन गरेका थिए। तर, यी सबै कुरामा कुनै सुनुवाइ नै नगरी पार्टीको केन्द्रीय निर्वाचन आयोगको जानकारी र उपस्थितिविनै महाधिवेशन सम्पन्न भएको कुरालाई आयोगको प्रतिवेदनले खुलासा गरेको छ।

एमाले र सम्बद्ध जनसंगठनहरूमा आयोगको जानकारी र सहभागितामा मात्र नेतृत्व चयन हुने गर्छ। तर, त्यसविपरीत नेतृत्व चयन भएको भन्दै महाधिवेशन हलमा पार्टीको आधिकारिक निकायले नै प्रतिवेदनमार्फत छलफलमा प्रश्न उठाएपछि वैधानिकतामाथि प्रश्न उठेको छ।

तैपनि...

पृष्ठ १ बाट क्रमशः

टोली नेतामा पनि ओली र विद्यानिकट तीन-तीनजना

विद्याको पक्षमा उल्लेख्य प्रतिनिधि देखिएकै कारण टोली नेता चुनिएका सात प्रदेशमध्ये ओली-विद्या पक्षबाट तीन-तीनजना छन्। एकजना तटस्थजस्तो देखिएका छन्। बाँकी तीन समूहमा विवादकै कारण शनिबार राति अबेरसम्म टोली नेता चयन भएका थिएनन्। छलफलका क्रममा १० मध्ये कोशीमा प्रदेश अध्यक्ष घनश्याम खतिवडा, मधेशबाट प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ, बागमतीबाट प्रदेश अध्यक्ष कैलाश ढुंगेल, गण्डकीबाट प्रदेशका कार्यवाहक अध्यक्ष मीनप्रसाद गुरुङ टोली नेता चयन भएका छन्। त्यस्तै, लुम्बिनीबाट राधाकृष्ण कँडेल, कर्णालीबाट प्रदेश अध्यक्ष गुलावजंग शाह र सुदूरपश्चिम प्रदेशबाट प्रदेश अध्यक्ष कृष्णप्रसाद जैसी टोली नेता चयन भएका छन्। उनीहरूमध्ये खतिवडा, श्रेष्ठ र शाह ओली पक्षका चिनिन्छन्। तर, ढुंगेल, गुरुङ र कँडेल भण्डारीसँग निकट र नरम मानिन्छन् भने जैसी तटस्थजस्तै छन्। ओली पक्षमा रहेका शाह महासचिव शंकर पोखरेलसँग मात्र निकट छन्। बाँकी तीन समूहमा विवादकै कारण अबेरसम्म टोली नेता चयन भएका थिएनन्।

सुदूरपश्चिमको समूहगत छलफलमा ४९ जना सहभागी भएकोमा डोटीका जिल्ला अध्यक्ष लक्ष्मण मरासनीबाहेक सबैले विद्याको सदस्यता नवीकरण हुनुपर्ने पक्षमा बोलेका छन्। केहीले सिधै विद्यालाई पार्टीमा रोक्न नहुने तर्क राखेका थिए भने कतिपयले पार्टीभित्र एकता भए मात्र मिसन ०८४ सफल हुने धारणा राखेका थिए। सुदूरपश्चिमबाट केन्द्रीय सदस्यहरू प्रकाश शाह र झपट रावलले यो मतको नेतृत्व गरेका थिए। बोल्नेमध्ये अधिकांश प्रतिनिधि स्थायी समिति सदस्य कर्ण थापाका साथै पूर्वमाओवादी समूहबाट प्रतिनिधित्व गर्ने रहेका छन्।

जनसंगठन, केन्द्रीय विभाग, सम्पर्क कमिटी र प्रवास समूहमा ४९ जनाले समूहगत छलफलमा भाग लिए। यो प्रदेशमा स्थायी समिति सदस्य लालबाबु पण्डितलाई टोली नेता बनाउन प्रस्ताव गरिए पनि प्रवासबाट भक्त गुरुङ र जनसंगठनबाट गजेन्द्र थपलियाले पनि दाबी गरे। केन्द्रीय निकायहरूको नेतृत्व गर्दै लेखा आयोगका सचिव विष्णुबहादुर राउतले विद्याको पक्षमा खुलेर वकालत गरे। त्यस्तै, थपलियाले पनि विद्यालाई रोक्न नहुने पक्षमा धारणा राखे।

मधेश प्रदेश समूहबाट २२ जना मात्र छलफलमा सहभागी भएकोमा पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, केन्द्रीय सदस्य अरविन्द सिंहले खुलेर विद्याको पक्षमा वकालत गरे। बाँकी बोल्ने कोही पनि पक्ष-विपक्षमा खुलेनन्। उनीहरूले स्थानीय मुद्दा उठाएका थिए।

बागमतीको समूहमा केन्द्रीय नेताहरूसहित सहभागी उल्लेख्य प्रतिनिधिले विद्यालाई सदस्यतामा रोक लगाउँदा पार्टी संकटमा पर्ने भन्दै नवीकरणमार्फत पार्टी राजनीतिको ढोका खुलाउनुपर्ने मत राखे। बागमतीबाट ८२ जना छलफलमा सहभागी भएकोमा स्थायी समिति सदस्य सीता पौडेल, पोलिटब्युरो सदस्य अरुण नेपाल र टंक कार्कीसहित प्रदेश अध्यक्ष कैलाश ढुंगेल, केन्द्रीय सदस्यहरू शर्मिला कार्की, सरिता न्यौपाने, काठमाडौं अध्यक्ष दीपक निरौलालगायतले विद्याको सदस्यता रोकेकोमा विरोध गरे।

त्यस्तै, काभ्रे जिल्ला अध्यक्ष राजन भुर्तेलसहित नुवाकोटबाट नारायण खतिवडासहित केही प्रतिनिधि, काठमाडौंका पदाधिकारीहरू उद्धव भण्डारी, हरि खड्कासहित एक दर्जनभन्दा बढी प्रतिनिधि, सिन्धुलीबाट शर्मिला दाहाल, खड्ग खत्रीसहित चार प्रतिनिधि, सिन्धुपाल्चोकबाट सुशीला पाखिन, झक्क नेपाल, कमल नेपाल, भक्तपुरबाट राजेन्द्र राजथला, धादिङबाट नेता भूमि त्रिपाठीसहित आधा दर्जन प्रतिनिधि, ललितपुरबाट कमला थापा, चिरिञ्जीवी आचार्यसहित आधा दर्जन तथा मकवानपुरबाट पनि आधा दर्जन प्रतिनिधिले विद्याको सदस्यता नवीकरण हुनुपर्ने धारणा मात्र राखेनन्, विगतमा बागमती प्रदेशमा पार्टीको पराजयको विषयलाई पनि जोडदार रूपमा उठाएका थिए।

उनीहरूले अहिलेको परिस्थितिमा पार्टीभित्रको लोकतन्त्र र आन्तरिक जीवन नै महत्त्वपूर्ण रहेको बताएका थिए। 'बागमतीमा पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यताको विषय मात्र होइन, पार्टी जीवनलाई बलियो बनाउने र मिसन ०८४ सफल बनाउने विषय पनि महत्त्वका साथ उठेको छ,' एक प्रतिनिधिले भने।

विरोध गरेका थिए। बोल्नेमध्ये अधिकांशले पार्टी एकतामा जोड दिएर अध्यक्ष ओली र पूर्वराष्ट्रपति विद्याको पक्षमा खुल्न रुचि देखाएनन्।

गण्डकीमा टोली नेता चयनमा उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र गण्डकी इन्चार्ज किरण गुरुङ तथा स्थायी समिति सदस्य खगराज अधिकारी पक्षबिच विवाद भएर झन्डै हात हालाहालकै अवस्था सिर्जना भएको थियो। अधिकारी पक्षले पदम गिरी र पृथ्वी पक्षले मीन गुरुङको नाम अगाडि सारेकोमा अन्तिममा गुरुङ सर्वसम्मत चुनिए। स्थायी समिति सदस्य अधिकारीले पूर्वराष्ट्रपति विद्या कुनै हालतमा राजनीतिमा आउन नहुने भन्दै मत राखे। भण्डारीको पक्षमा यो प्रदेशको छलफलमा प्रतिनिधि खुल्न रुचाएनन्। यद्यपि, कतिपय प्रतिनिधिले मिसन ०८४ प्रभावित नहुने गरी नेतृत्वले पार्टीलाई एकताबद्ध बनाउनुपर्ने धारणा राखे।

लुम्बिनीको समूहगत छलफलमा रोल्पाका पूर्वजिल्ला अध्यक्ष शान्तराज ओलीले विद्याको पक्षमा अगुवाइ गरे। कर्णालीमा विद्याको पक्ष-विपक्षमा



काठमाडौंबाट केन्द्रीय सदस्य रामेश्वर फुयाँल र ललितपुरका मधुसूदन पौडेलसहित केहीले मात्र पूर्वराष्ट्रपति सम्मानित स्थानमै बस्नुपर्ने मत राखेका थिए। बागमतीमा अध्यक्ष ढुंगेललाई टोली नेता बन्न रोक्न सिन्धुलीका प्रदीप कटुवाल र इन्चार्ज राजन भट्टराईको पनि नाम प्रस्ताव भएकोमा विरोध बढेपछि अन्तिममा उनी नै टोली नेता बनेका थिए।

उता, कोशीबाट धारणा राख्ने ४८ मध्ये बहुसंख्यक प्रतिनिधिले पूर्वराष्ट्रपति विद्याको नाम नलिई पार्टीभित्र देखिएको मतभिन्नता अन्त्य गरी मिसन ०८४ मा केन्द्रित हुनुपर्नेमा जोड दिए। प्रदेशबाट सहभागी तीन सयमध्ये ४८ जनाले धारणा राखेकोमा एकाध प्रतिनिधिले मात्रै खुलेर पार्टीको आन्तरिक जीवनबारे प्रश्न गरेका थिए। तीमध्ये केन्द्रीय सदस्य युवराज बाँस्कोटा, पूर्वकेन्द्रीय सदस्य तारा राईले मात्र खुलेर विद्याको पक्षमा बोले। झापाका प्रतिनिधि प्रेम गिरीले पूर्वराष्ट्रपति विद्याले राजनीति गर्नुहुँदैन भन्दै प्रतिनिधिहरू खुलेर प्रस्तुत भएनन्। केन्द्रीय सल्लाहकार र केन्द्रीय निकायहरूको समूहगत छलफलमा अधिकांश सल्लाहकार विद्याको पुनरागमनको पक्षमा खुले।

विद्याको पार्टी सदस्यता नवीकरण रोक्न नहुने पक्षमा रहेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले दशमध्ये अधिकांश समूहमा प्रतिनिधिहरूले खुलेर राम्रो छलफल गरेको बताए। उनले महाधिवेशनले लिने निर्णय नै सबैले मानेर अगाडि बढ्नुपर्ने बताए। 'समूहहरूमा प्रतिनिधिहरूले राम्रोसँग छलफल गर्नुभएको बुझेको छु। महाधिवेशनहरूमा सार्वभौम अधिकार प्रतिनिधिहरूमा हुन्छ, त्यसैले उनीहरूले गर्ने फैसला नै अन्तिम हुन्छ,' उनले नयाँ पत्रिकासँग भने, 'विधान वा केन्द्रीय महाधिवेशन जहाँ भए पनि कार्यकर्ता अर्थात् प्रतिनिधिले गर्ने फैसलालाई सबैले मानेर अगाडि बढ्नुपर्ने हुन्छ। छलफल जारी छ, छलफलबाटै निष्कर्ष आउँछ।'

जेब्राक्रसमै...

पृष्ठ १ बाट क्रमशः

वर्षीया उषा सुनुवार बिहान ७:३० बजे जेब्राक्रसबाट सडक पार गर्दै थिइन्। राष्ट्रिय झन्डा हल्लाउँदै गोदावरीतर्फ तीव्र गतिमा हुइँकिँदै गरेको मन्त्री मगरको को.१झ ६९९ नम्बरको गाडीले उनलाई ठक्कर दिएको थियो। उषा सडकमै ढलिन्। मन्त्री मगर गाडीको स्पिड थप बढाएर झन्डा हल्लाउँदै भागे। सर्वसाधारणले उषालाई सडकबाट उठाएर तत्काल निजी सवारीसाधन प्रयोग गरी ग्वार्कोस्थित बी एन्ड बी अस्पताल पुऱ्याए।

बालिका बचाउन छाडेर भागेका मन्त्री मगरले आफ्नो ज्यान जोगाउन त्यसो गरेको प्रतिक्रिया दिएका छन्। 'बालिकालाई हाम्रो गाडीले छोएपछि हामी अलि अघि बढेर रोकियौँ। गाडीको ऐनाबाट पछाडि हेर्‍यौँ। बालिकालाई सडकबाट कसैले उठाएको देख्यौँ। घटना सामान्यझैँ लागेर अगाडि बढ्यौँ,' उनले नयाँ पत्रिकासँग भने, 'घटनास्थलमा फर्किएको भए परिस्थिति हामीअनुकूल नहुन पनि सक्थ्यो। हामीमाथि आक्रमण पनि हुन सक्थ्यो, त्यसैले अघि बढेका हौँ।'

उषालाई घाइते बनाएर गाडी फरार भएपछि स्थानीय सडकमा उत्रिए। दोषीलाई कारबाहीको माग गरेर सवारीसाधन अवरुद्ध गरे। चर्को दबाबपछि प्रहरीले बल्ल फरार गाडीबारे सोधीखोजी गऱ्यो। उक्त गाडी कोशीका मन्त्री रामबहादुर मागरको रहेको बल्ल पत्ता लागेको थियो। हरिसिद्धिमा स्थानीयले विरोध गरिरहँदा मन्त्री मगर गोदावरीमा चलिरहेको पार्टी विधान महाधिवेशनमा भाग लिइरहेका थिए। प्रहरीका अनुसार मन्त्री मगर गोदावरीमा चलिरहेको पार्टीको विधान महाधिवेशनमा भाग लिन जाने क्रममा उनको गाडीले बालिकालाई ठक्कर दिएको थियो। गाडी मन्त्री मगरका निजी चालक चन्द्रनारायण चौधरीले हाँकेका थिए। प्रहरीले चौधरीलाई नियन्त्रणमा लिएर उषाको उपचार मन्त्रीका तर्फबाट व्यहोर्ने सहमतिपछि मात्रै स्थानीयले आन्दोलन रोकेका थिए।

बालिकालाई उपचारका लागि बी एन्ड बी अस्पतालमा राखिएको सूचना पाएपछि पनि मन्त्री मगर भेट्न पुगेनन्। पीडित पक्षसँग सहमति गराउन आफ्ना सहयोगीलाई अस्पताल पठाएका थिए। उपचारमा लागेको करिब २२ हजार तिनै सहयोगीले तिरेको उषाका मावलीका हजुरबुवा रञ्जित महर्जनले बताए।

'उषाकी आमा मेरी छोरी हुन्। उनी अहिले वैदेशिक रोजगारीमा छिन्। त्यसैले उषा मेरै संरक्षणमा छिन्,' उनले भने, 'शनिबार मन्त्रीको गाडीले ठक्कर दिएर फरार भएपछि पैदलयात्रीले उद्धार गरेर अस्पताल पुऱ्याएछन्। पछि ठक्कर दिने गाडी पहिचान भएपछि पनि मन्त्री अस्पतालमा भेट्न आएनन्। उपचार खर्च तिर्न सहयोगीलाई पठाएका थिए। खर्च लागेको २२ हजारजति उनैले तिरे।'

स्थानीय प्रत्यक्षदर्शी झन्डावाल गाडी तीव्र गतिमा भएका कारण दुर्घटना भएको बताउँछन्। 'बिहान ७:३० बजे हामी पनि सोही ठाउँमा थियौँ। सातदोबाटोबाट झन्डा हल्लाउँदै एउटा गाडी हुइँकिएर आयो। जेब्राक्रसबाट एउटी बालिका सडक पार गर्दै थिइन्। बालिका देखेपछि गाडीले ब्रेक लगाए पनि तीव्र गतिका कारण भनेको ठाउँमा रोकिएन, बालिकालाई ठक्कर दियो,' प्रत्यक्षदर्शी अष्टकुमारी महर्जनले भनिन्, 'गाडी रोकिएन, झन् छिटो हुइँकिएर फरार भयो।'

उषा हरिसिद्धिस्थित क्षितिज बोर्डिङ स्कुलमा कक्षा ४ मा अध्ययनरत छिन्। आमा वैदेशिक रोजगारीमा भएकाले हजुरबुवा र हजुरआमासँग बस्दै आएकी छिन्। शनिबार बिदाको दिन भएकाले बिहानै उनी आफन्तकहाँ जाँदै थिइन्। मन्त्री मगरको गाडीको ठक्करले उनको घाँटीमा चोट लागेको छ। करिब चार घण्टाको उपचारपछि उषा डिस्चार्ज भइसकेकी छिन्। मन्त्रीका चालक चौधरीलाई भने नियन्त्रणमा लिएको जिल्ला प्रहरी परिसर ललितपुरका प्रवक्ता एसपी चक्रराज जोशीले बताए। 'बालिकालाई ठक्कर दिने मन्त्रीको गाडीका चालकलाई नियन्त्रणमा लिइएको छ,' जोशीले भने, 'घाइते उषा पनि उपचारपछि घर फर्किसकेकी छिन्। उपचार खर्च मन्त्री पक्षबाटै व्यहोरिएको छ।'

जेब्राक्रडबाट सडक पार गर्दै गरेकी बालिकालाई तिब्र गतिमा चलाएको मन्त्रीको गाडीले ठक्कर दिएर घाइते भएको घटनामा चालकको गम्भीर लापर्वाही देखिन्छ। मन्त्रीका चालक थिए, चन्द्रनारायण चौधरी। यो दुर्घटनामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का को दफा १४७ आकर्षित हुन्छ। उक्त दफाले लापबाहीसाथ सवारी साधन चलाउने कार्यलाई बन्देज गरेको छ।

यो नियम उल्लंघन गरे सोही ऐनको दफा १६२ (१)मा सजायको व्यवस्था पनि छ। भनिएको छ, 'ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारीबाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अंगभंग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए त्यसरी सवारी चलाउने व्यक्तिलाई ३ वर्षदेखि १० वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनेछ। सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई पाँच हजार रुपैयाँ जरिबाना हुनेछ।'

सोही ऐनको दफा १३३ मा दुर्घटना हुँदा चालकले अपनाउनु पर्ने कर्तव्यलाई व्याख्या गरिएको छ। उक्त दफाअनुसार सावरीले कुनै दुर्घटना गरी कसैलाई घाइते बनाए सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नुपर्ने छ। उक्त दफामा भनिएको छ, 'कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोटपटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्छ।' तर, हरिसिद्धि दुर्घटनामा मन्त्री र मन्त्रीका चालकले यो दफाको उल्लंघन गरेका छन्।

हैजाले...

पृष्ठ १ बाट क्रमशः

ना, खुद घरके आदमी आइसियूमे भर्ती बाटे मन्त्रीजी, साफे नु, छोडेम ना, ज्यान मार देम, डर नैखे लागत (तथ्यांक होइन, मेरो घरकै मान्छे आइसियूमा भर्ना छ, मन्त्रीजी। मैले छोड्दिनँ, मलाई डर लाग्दैन) भनेकै हो। हद भएपछि पीडा र आक्रोशमा यी कुरा बेलेको थिएँ। वीरगन्जका मजस्तै सबै हैजापीडितका लागि बोलेको थिएँ।

अझै पनि मन्त्रीले वीरगन्जको समस्यालाई नजरअन्दाज गरेपछि आफूले बोलेको जिम्मेवारी लिन्छु भन्ने निर्णयमा पुगेरै मैले नै उनीसँगको फोन संवादको रेकर्ड पत्रकारलाई दिएँ। १३ भदौमा उक्त अडियो सार्वजनिक भयो। जिम्मेवार पदमा बसेका मन्त्रीलाई जवाफदेही बनाउन उक्त अडियो मिडियामा ल्याउन पत्रकारको सहयोग लिएकी थिएँ।

एउटा नागरिकले उठाएको गम्भीर प्रश्नको जवाफ उनले काम गरेर दिनुपर्थ्यो। अभिभावकत्व देखाउनुपर्थ्यो, तर उल्टै शक्ति देखाए। १४ भदौमा प्रहरीले मलाई पक्राउ गऱ्यो। सत्ता शक्तिको दुरुपयोग गरेर मन्त्रीले मलाई ६ दिनसम्म हिरासतमा थुनाए। शक्तिकै बलमा ममाथि तीनवटा कसुरमा मुद्दा लगाए। बिहीबार जिल्ला अदालतले पाँच हजार धरौटीमा छाड्न आदेश दिएपछि हिरासतमुक्त भएको छु। तर, मिडियाले मेरो न्यायका लागि आवाज उठाइदिएकाले मात्रै मलाई छाडिएको हो। त्यसो त सर्वसाधारण शुभचिन्तकले पनि मलाई साथ, समर्थन र सहयोग गरे। मैले उठाएको आवाज व्यक्तिगतभन्दा पनि सामुदायिक समस्याको विषय भएकाले हिरासतमै पुग्नुपरे पनि खुसी नै लागेको छ।

हिरासतभित्र पनि मेरो मोबाइलमा रहेको व्यक्तिगत सामग्रीको दुरुपयोग भयो। हिरासतमा रहँदा प्रहरीको नियन्त्रणमा रहेको फोनबाट थप अडियो सार्वजनिक भयो। यो गम्भीर दुरुपयोग हो। सत्ता र शक्ति छ भन्दैमा त्यसको दुरुपयोग गर्न पाइँदैन। प्रहरीले व्यक्तिगत सामग्री दुरुपयोग गर्नु अक्षम्य हो। अन्य सवालमा हिरासतमा रहँदा प्रहरी प्रशासनले सकारात्मक सहयोग नै गऱ्यो। अस्पतालमा परिवारका सदस्यको कुरुवा बसेकै क्रममा पक्राउ परेकाले हिरासतमा अलिकति शारीरिक कमजोरी भने भयो। त्यसकारण पटक-पटक अस्पताल भर्ना हुनुपरेको हो।

सामाजिक न्यायका लागि आवाज उठाएकी हुँ। पीडा र आक्रोशमा बोल्दा शब्द चयनमा केही कमीकमजोरी भयो होला। नियतले भनेको होइन। कसैबाट परिचालित भएको होइन। अहिलेसम्म कुनै पार्टीको सदस्यता पनि लिएको छैन। कलाकारबाहेक मेरो अरू परिचय छैन। तर, मन्त्रीजस्तो अभिभावकले एउटा नागरिकले प्रश्न उठाएकै भरमा नियतवश नै राज्य शक्तिको दुरुपयोग गरेर दुःख दिने काम गरेका छन्। अब अदालतमा पुगेको मुद्दा छिटो किनारा लाग्नेमा आशावादी छु।

भारतीय...

पृष्ठ १ बाट क्रमशः

निकायलाई जानकारी गराएका छन्। कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले ड्रोन उडाइएको विषयमा स्थानीयबाट गुनासो आएको, तर भारतीय पक्षबाट कुनै औपचारिक जानकारी नआएको बताए। 'भारतको रिसर्च इन्स्टिच्युटले नदीसम्बन्धी रिसर्च गरिरहेको भनेर अनौपचारिक जानकारी दिएको छ। तर, ड्रोन नेपालतर्फ भने आएको छैन,' उनले भने, 'सीमाको सिधा लाइन छैन, जिकज्याक छ, उड्दाखेरि नेपालतर्फ जस्तो देखिएको हो, सुरक्षा अधिकारीले बताएअनुसार नेपालतर्फ ड्रोन आएको छैन। तैपनि नागरिकमा त्रास फैलियो भनेर मैले भारतीय पक्षलाई कन्सर्न राखेको छु।' बुद्धभूमि नगरपालिका- ५ का वडाध्यक्ष रोमबहादुर थापा क्षेत्रीले सीमा क्षेत्रमा ड्रोन उडाएको विषयमा आफूलाई औपचारिक जानकारी नभएको बताए। तर, केही स्थानीयले सामाजिक सञ्जालमा पोस्ट गरेका कारण जानकारी भने पाएको बताए।

भारत सरकारले सन् २०२३ देखि लागू गरेको नदी नीतिअन्तर्गत गण्डक, राप्तीलगायत सीमावर्ती नदीहरूको डिजिटल म्यापिङ बहाव नियन्त्रण, बाढीको जोखिम मूल्यांकन तथा तटबन्धको अवस्थाबारे तथ्यांक संकलनका लागि ड्रोन उडाइएको भारतीय अधिकारीले जानकारी दिएका छन्।

सीमावर्ती क्षेत्रको संवेदनशीलतामा भारतले चासो नदिएको आरोप नेपाली पक्षको छ। नेपाली पक्षसँग समन्वय गरी सूचना प्रवाह नगर्दा सीमा क्षेत्रका बासिन्दा नियमित उड्ने ड्रोनका कारण त्रसित बन्दै आएका छन्। सीमामा पूर्वस्वीकृतिविना ड्रोन उडाउनु सुरक्षाका दृष्टिकोणले पनि संवेदनशील विषय भएकाले यसमा सरकारले नै कुरा गर्नुपर्ने प्रहरी अधिकारी बताउँछन्।

अंग प्रत्यारोपणमा नेपालमा ऐतिहासिक उपलब्धि

एकै व्यक्तिमा तेस्रोपटक मिर्गौंला प्रत्यारोपण

साँघुरो भवनबाटै धर्मभक्तले गऱ्यो १५ सयजनामा मिर्गौंला प्रत्यारोपण

नेपालमा अंग प्रत्यारोपणका लागि विशिष्टीकृत अस्पताल शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र नै हो। तर, केन्द्रको आफ्नै भवन छैन। साँघुरो भवनबाट सेवा दिइरहेको छ। हालसम्म केन्द्रले स्थापनाको १३ वर्षमा १५०२ सफल मिर्गौंला प्रत्यारोपण तथा ३५ जनामा कलेजो प्रत्यारोपणसमेत सम्पन्न गरिसकेको छ। केन्द्रले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा विशेष कार्यक्रमसमेत आयोजना गरेको छ।

‘ब्रेन डेथ’पछि हुने प्रत्यारोपणले पनि गति लिँदै

तीन महिनामा तीन महिलामा मिर्गौंला र दुई पुरुषमा कलेजो प्रत्यारोपण

● **डा. पुकारचन्द्र श्रेष्ठ**, कार्यकारी निर्देशक, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

सामान्यतया मिर्गौंला प्रत्यारोपण एकपटक सफल भएपछि लामो समयसम्म काम गर्छ, तर इम्युनोलोजिकल अस्वीकार, संक्रमणलगायतका समस्याले मिर्गौंला असफल हुन सक्ने सम्भावना रहन्छ। यस्तो अवस्थामा दोस्रो प्रत्यारोपण गरिन्छ, तर तेस्रोपटक प्रत्यारोपण गर्नुपर्ने अवस्था भने अत्यन्तै दुर्लभ मानिन्छ। प्राविधिक जटिलता, औषधीय चुनौती तथा दाता पाउनसमेत कठिनाइ हुने र जोखिम झनै बढ्ने हुँदा तेस्रो प्रत्यारोपण संसारमै सीमित मात्रामा हुने गरेको छ।

● **लक्ष्मणकिशोर चौधरी**
सांसद, नागरिक उन्मुक्ति पार्टी

अघिल्लोपटक पनि यहीं प्रत्यारोपण गरेको थिएँ, सेवा विश्वासयोग्य छ, तर ठाउँ साँघुरो रहेछ, अब यो अस्पताललाई ठाउँ दिनुपऱ्यो मन्त्रीज्यू। मजस्ता थुप्रैले यहाँ नयाँ जीवन पाएका छन्। मैले आफूलाई बढी भाग्यमानी भएको ठानेको छु, किनकि मेरो जटिल अवस्थामा पनि प्रत्यारोपण भयो।



तेस्रोपटक मिर्गौंला प्रत्यारोपणपछि डा. पुकारचन्द्र श्रेष्ठसँग नाउपा सांसद लक्ष्मणकिशोर चौधरी



‘ब्रेन डेथ’ भएकाको मिर्गौंला ३० साउनमा अर्को बिरामीमा प्रत्यारोपण गर्दै चिकित्सक

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा पहिलोपटक एकै व्यक्तिमा तेस्रोपटक मिर्गौंला प्रत्यारोपण गरिएको छ। सामान्यतः एउटा व्यक्तिमा तीनपटकसम्म मिर्गौंला प्रत्यारोपण गर्नु जटिल र चुनौतीपूर्ण मानिए पनि शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले दुर्लभ मानिने प्रत्यारोपण सफलतापूर्वक गरेको छ।

गत ९ भदौमा सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री लक्ष्मणकिशोर चौधरीको तेस्रोपटक मिर्गौंला प्रत्यारोपण गरिएको केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले जानकारी दिए। चौधरी नागरिक उन्मुक्ति पार्टीका सांसद हुन्। ‘सामान्यतया मिर्गौंला प्रत्यारोपण एकपटक सफल भएपछि लामो समयसम्म प्रत्यारोपित मिर्गौंलाले काम गर्ने गर्दछ, तर इम्युनोलोजिकल अस्वीकार, संक्रमण, क्रोनिक अलोग्राफ्ट नेफ्रोप्याथीलगायतका समस्याले पहिले प्रत्यारोपण गरिएको मिर्गौंला असफल हुन सक्ने सम्भावना रहन्छ,’ उनले भने, ‘यस्तो अवस्थामा दोस्रो प्रत्यारोपण गरिन्छ, तर तेस्रोपटक प्रत्यारोपण गर्नुपर्ने अवस्था भने अत्यन्तै दुर्लभ मानिन्छ। प्राविधिक जटिलता, औषधीय चुनौती तथा दाता पाउनसमेत कठिनाइ हुने र जोखिम झनै बढ्ने हुँदा तेस्रो प्रत्यारोपण संसारमै सीमित मात्रामा हुने गरेको छ।’

डा. श्रेष्ठले बेलायतमा हुँदा भने यस्तो जोखिमपूर्ण प्रत्यारोपण गरेको अनुभव बटुलेका थिए। उनले नेपालमा पनि जटिल प्रत्यारोपण सम्भव भएको र कमजोर पूर्वाधार र जनशक्तिका बिच पनि प्रत्यारोपणमा केन्द्रले फड्को मारेको दाबी गरे। चौधरी मिर्गौंला प्रत्यारोपणकै लागि आफ्नो मन्त्री पद त्यागेर केन्द्रमा भर्ना भएका थिए। उनको सबै प्रकारका परीक्षण गरी डोनर तयार पार्न करिब एक महिनाजति समय लागेको केन्द्रले जनाएको छ।

चौधरीको पहिलो मिर्गौंला प्रत्यारोपण ०७२ मा भारतमा भएको थियो। दोस्रो र हालको तेस्रो प्रत्यारोपण भने केन्द्रमा डा. श्रेष्ठकै नेतृत्वमा भएको हो। चौधरीको तेस्रो प्रत्यारोपण ‘पेयर एक्सचेन्ज’ प्रणालीअन्तर्गत गैरनातेदारबिच अंग साटासाट गरी गरिएको केन्द्रले जनाएको छ। यसलाई मिर्गौंला साटासाट पनि भनिन्छ। आफ्नो प्रत्यक्ष आफन्तबिच प्रत्यारोपण गर्न रक्त समूह नमिलेपछि चौधरी तनाबमा थिए। अस्पतालले उनीजस्तै भौतारिएका अर्का मिर्गौंलापीडितलाई भेट गराएको थियो। रक्त समूह मिलेपछि दुई मिर्गौंला एक-अर्कामा साटासाट भएको थियो।

डा. श्रेष्ठका अनुसार नेपालमा एकै व्यक्तिमा दोस्रोपटकको मिर्गौंला प्रत्यारोपण वीर अस्पतालमा सन् २०१० मै सुरु भएको थियो। तर, तेस्रो प्रत्यारोपण हुन सकेको थिएन। यो अत्यन्तै दुर्लभ उपलब्धि हो। केन्द्रले त्यही इतिहास रचेको कार्यकारी निर्देशक श्रेष्ठले बताए। यसरी सम्पन्न भएको प्रत्यारोपणले नेपालमा अंग प्रत्यारोपण सेवाको स्तर विश्वस्तरीय क्षमता र दक्षतासँग मेल खाने स्तरमा पुगेको प्रमाणित गरेको उनको भनाइ छ।

तेस्रोपटक मृगौंला प्रत्यारोपण गरेर नयाँ जीवन पाएका चौधरीले केन्द्रले दिने सेवा गुणस्तर रहेको र भौतिक पूर्वाधार भने निकै दयनीय र साँघुरो रहेको बताए। स्वास्थ्यमन्त्री प्रदीप पौडेलसँगको भेटमा उनले आफूले केन्द्रकै कारणले नयाँ जीवन पाएको अनुभव साट्दै केन्द्रलाई जग्गा र भवन उपलब्ध गराउन पहल गर्न अनुरोध गरे। ‘अघिल्लोपटक पनि यहीं प्रत्यारोपण गरेको थिएँ, सेवा विश्वासयोग्य छ, तर ठाउँ साँघुरो रहेछ, अब यो अस्पताललाई ठाउँ दिनुपऱ्यो मन्त्रीज्यू,’ उनले भने, ‘मजस्ता थुप्रैले यहाँ नयाँ जीवन पाएका छन्। मैले आफूलाई बढी भाग्यमानी भएको ठानेको छु, किनकि मेरो जटिल अवस्थामा पनि प्रत्यारोपण भयो।’

तेस्रोपटकको मिर्गौंला प्रत्यारोपण सफल भएको भन्दै स्वास्थ्यमन्त्री पौडेलले अस्पतालका कार्यकारी निर्देशक तथा प्रत्यारोपण विशेषज्ञ डा. श्रेष्ठलाई भेटेर बधाई दिएका छन्। शनिबार साँझ अस्पताल पुगेका उनले बिरामी चौधरीको स्वास्थ्यलाभको कामनासमेत गरे।

काठमाडौं/ कुनै समय असम्भवजस्तै मानिने मस्तिष्क मृत्यु (ब्रेन डेथ)पछि हुने अंग प्रत्यारोपणले पनि नेपालमा गति लिन थालेको छ। भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले पछिल्लो तीन महिनामा तीनजना महिलामा मिर्गौंला र दुई पुरुषमा कलेजो प्रत्यारोपण गरेको छ।

नेपालमा दैनिक ६-८ जनासम्मले सडक दुर्घटनामा परी ज्यान गुमाउँछन्। यदि यो संख्यालाई अंग प्रत्यारोपणसँग जोड्ने हो भने मृत्युको मुखमा पुगेका कैयौं मानिसले नयाँ जीवन पाउने चिकित्सकहरूको भनाइ छ। दुर्घटनाका कारण कसैको जीवन समाप्त भए पनि समयमै ध्यान दिएर ती व्यक्तिका अंग अर्को व्यक्तिमा राख्न सकेमा त्यसबाट पनि नयाँ जीवनको सुरुवात हुन सक्ने केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले बताए। उनका अनुसार गत ३० साउनमा ललितपुरको सुमेरु सिटी अस्पतालमा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुईवटा मिर्गौंला र एउटा कलेजो प्राप्त भएको थियो। मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त दुईवटा मिर्गौंला र एक कलेजो एकैसाथ तीनजनामा सफल प्रत्यारोपण गर्न सकिएको उनले बताए।

श्रेष्ठका अनुसार कलेजो प्रत्यारोपित काठमाडौंका ३८ वर्षीय पुरुष सोमबार डिस्चार्ज भएका छन्। र, मिर्गौंला प्रत्यारोपितहरू पनि डिस्चार्ज हुने तयारीमा छन्।

केन्द्रले तीन महिनाअघि पनि एक मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त दुई मिर्गौंला एक पुरुष र एक महिलामा प्रत्यारोपण गरेको थियो।

‘यो ऐतिहासिक सफलता हो, हामीले ब्रेन डेथबाट हुने अंग लिएर अर्को व्यक्तिमा राख्न निकै कसरत गरिरहनुपरेको छ। अनाहकमा दुर्घटनामा परी मस्तिष्क मृत्यु भएका व्यक्तिबाट मृत्युको मुखमै पुग्न लागेका कसैको जीवन बचाउन सम्भव छ,’ डा. श्रेष्ठले भने, ‘तर, यो प्रक्रिया सहज भयो वा सरकारले एउटा संयन्त्र नै बनायो भने सहज हुने थियो, अहिले हामीले हारगुहार र बिन्ती गरेर मस्तिष्क मृत्युपछि अंग प्रत्यारोपण गर्न सकेका छौं।’

केन्द्रले २८ वैशाख ०७४ मा पहिलोपटक मस्तिष्क मृत्यु भएका व्यक्तिको अंगबाट प्रत्यारोपण गरिएको थियो। केन्द्रले हालसम्म सातजना व्यक्तिबाट अंग प्राप्त गरी १३ जनामा मिर्गौंला र पाँचजनामा कलेजो गरी कुल १८ जनामा प्रत्यारोपण गरेको छ। मस्तिष्क मृत्युपछि हुने अंग प्रत्यारोपणले थप गति लिँदै गएको मिर्गौंला तथा कलेजो प्रत्यारोपण शल्य चिकित्सकसमेत रहेका श्रेष्ठले बताए।

सरकारले मस्तिष्क मृत्युपछि अंगदान तथा त्यसरी प्राप्त हुने अंग ग्रहण गर्न चाहने व्यक्तिको प्राथमिकताको सूची बनाउने जिम्मा केन्द्रलाई तोकेको छ। साथै, अंग झिकेपछि अंग तोकिएबमोजिमको प्राथमिकताक्रमअनुसार वितरण गर्ने जिम्मा पनि केन्द्रलाई नै दिइएको छ। हाल उक्त इकाइको संयोजक डा. कल्पनाकुमारी श्रेष्ठलाई तोकिएको छ।

केन्द्रको तथ्यांकअनुसार हालसम्म मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त अंग प्रत्यारोपण गर्ने १३ मध्ये १० जना पुरुष र तीनजना महिला छन्। पाँचजना पुरुषमा कलेजो प्रत्यारोपण गरिएको छ। देशमा अंगदानसम्बन्धी कानुन निकै उदार भए पनि कार्यान्वयन कमजोर भएको श्रेष्ठले बताए। उनका अनुसार यसको मुख्य कारण जनचेतनाको कमी नै हो। गाडेर खेर जाने वा जलेर खरानी हुने अंग दान दिन सके एकजना मस्तिष्क मृत्यु भएको व्यक्तिबाट अंगहरू दुईवटा मिर्गौंला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्यांक्रियाज र सानो आन्द्रा प्राप्त गरी आठजनाको ज्यान बचाउन सकिन्छ। मुख्यतः मिर्गौंला र कलेजो प्रत्यारोपण सेवा दिँदै आएको केन्द्रले देशको चारवटा प्रदेशमा प्रत्यारोपण सेवा सुरु गरिसकेको छ। जसमा बागमती, गण्डकी, कर्णाली र लुम्बिनी छन्। बाँकी तीनवटा प्रदेशमा पनि सेवा विस्तार गर्ने तयारी गरिएको छ। हाल सरकारले घोषणा गरे पनि केन्द्रलाई पाँच सय बेड क्षमताको भवन बनाउने योजना अलपत्र परेको छ।

संक्षेप

नेपाल-चीन संयुक्त सैन्य अभ्यास हुँदै

काठमाडौं/ नेपाल र चीन संयुक्त सैन्य अभ्यासको पाँचौं शृंखला आइतबार सुरु हुनेछ। सैन्य अभ्यासमा सहभागी हुन चिनियाँ जनमुक्ति सेनाको टोली काठमाडौं आइपुगेको छ। सैन्य अभ्यासलाई सगरमाथा मित्रता अभ्यास भनिएको छ। ‘दुई सेनाबिच अभ्यास सगरमाथाको पाँचौं शृंखला आइतबारदेखि सुरु हुँदै छ। यसको तयारी पूरा भएको छ’ सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतले भने। प्रतिआतंकवाद अपरेसन, युद्धकौशल, विपत् व्यवस्थापनलगायतका विषयमा अभ्यासकेन्द्रित हुनेछ। सैनिक अभ्यास १० दिनसमम सञ्चालन हुनेछ। नेपाली र चिनियाँ सैनिकबिच यसअघि चारपटक पालैपालो दुवै देशमा सैन्य अभ्यास भइसकेको छ। दुवैतर्फ प्रमुख सेनानीस्तरका सैनिक अधिकृतले सैन्य अभ्यासमा सहभागी हुने टोलीको नेतृत्व गर्दै आएका छन्। पहिलोपटक ३ देखि १२ वैशाख ०७४ मा दुई देशबिच सैन्य अभ्यास भएको थियो। दोस्रो अभ्यास चीनको चेन्दुमा १-१२ असोज ०७५ मा भएको थियो। तेस्रो सैन्य अभ्यास नेपालमा १३-२३ भदौ ०७६ भदौ सम्म भएको थियो चौथो अभ्यास चीनको छोङछिङ महानगरमा गत वर्ष भएको थियो।

लुम्बिनीमा भारतीय प्रधानन्यायाधीश गबई

लुम्बिनी/ भारतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गबईले लुम्बिनीको भ्रमण गरेका छन्। न्यायपालिकाको सर्वोच्च जिम्मेवारी सम्हालेपछि उनको यो पहिलो नेपाल यात्रा हो। लुम्बिनी आगमनलाई उनले विशेष आध्यात्मिक अवसरका रूपमा लिएका छन्। शनिबार बिहान लुम्बिनी प्रवेश गरेका गबईलाई लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हाक्याल लामा, सदस्यसचिव सानुराजा शाक्य, कार्यकारी सदस्य श्याम रोक्का, वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईसहित कोषका अधिकारीले स्वागत गरेका थिए। गबईले लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्त्वबारे जानकारी लिएका थिए। उनले मायादेवी मन्दिरपरिसरमा पुगेर बुद्ध जन्मस्थल अवलोकन गर्दै सूत्रपाठ गरेका थिए। साथै, विश्वशान्ति, मानव कल्याण, नेपालको प्रगति र भारत-नेपालबिचको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ होस् भन्ने कामना गर्दै दीप प्रज्वलनसमेत गरेका थिए। लुम्बिनी भ्रमणपछि गबईले लुम्बिनी विकास कोषका पदाधिकारीसँग गुरुयोजना र हाल सञ्चालनमा रहेका विकास-निर्माणका गतिविधिबारे चासो देखाएका थिए। प्रधानन्यायाधीश गबई नेपालमा आयोजना हुने ‘नेपाल-इन्डिया जुडिसियल डाइलग’ कार्यक्रममा सहभागी हुन आएको अवसरमा लुम्बिनी पुगेका हुन्।

एक वर्षमा आठ हजारले लिए राहदानी

बागलुङ/ बागलुङमा एक वर्षको अवधिमा आठ हजारभन्दा बढीले राहदानी सिफारिस लिएका छन्। जिल्ला प्रशासन कार्यालय बागलुङले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष ०८१/८२ को अन्त्यसम्म आठ हजार ९९३ जनाले राहदानी सिफारिस लिएका छन्। कार्यालयमा विभागबाट प्रिन्ट भएर आएका आठ हजार ६९४ राहदानी वितरण गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले जानकारी दिए। कार्यालयबाट गत साउनमा मात्र ८७२ राहदानी सिफारिस र ९१२ राहदानी वितरण गरिएको छ। पौडेलका अनुसार वैदेशिक रोजगारी र भिजिट प्रयोजनकै लागि राहदानी बनाउने गरेको प्रारम्भिक अध्ययनले देखाएको छ। बागलुङबाट वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेकाले राहदानी बाउनेको संख्या पनि बढी नै छ। कार्यालयका अनुसार अघिल्लो आर्थिक वर्षमा एक हजार २११ जना नाबालक परिचयपत्र वितरण गरिएको छ। जसमा नयाँ एक हजार एक सय ७९ वटा छन् भने ४० वटा प्रतिलिपि वितरण गरिएको हो। गत साउनमा ११३ नाबालक परिचयपत्र वितरण गरिएको थियो। गत आवमा कार्यालयबाट चार हजार ७१८ वटा नयाँ नागरिकता वितरण र चार हजार ६ सय नागरिकता प्रतिलिपि वितरण गरिएको छ।

बागमती प्रदेशमा एक वर्षमा ६ वटा कानुन निर्माण

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले एक वर्षको अवधिमा ६ वटा कानुन निर्माण गरेको छ। प्रदेशको एकल तथा साझा अधिकारका विषय कार्यान्वयन गर्ने क्रममा प्रदेश सरकारले आर्थिक वर्ष ०८१/८२ मा ६ वटा कानुन निर्माण गरेको हो। प्रदेश सभा सचिवालयका प्रवक्ता मनोज गुप्ताका अनुसार प्रदेश सभाबाट पारित भएका ती विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरणसहित राजपत्रमा प्रकाशन भएर कार्यान्वयनको चरणमा छन्।

प्रदेश सभाले ५ जेठ ०८२ बाट सुरु भएको बजेट अधिवेशनका क्रममा पाँच र गत हिउँदे अधिवेशनमा एउटा विधेयक पारित गरेको हो। जेठबाट सुरु भएको बजेट अधिवेशनले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन संशोधन विधेयक, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन संशोधन विधेयक, स्वास्थ्य ऐन संशोधन विधेयक, प्रादेशिक व्यापार ऐन संशोधन विधेयक



र प्रादेशिक व्यवसाय सञ्चालन ऐन संशोधन विधेयक प्रदेश सभाबाट पारित गरी कानुनी मान्यता प्रदान गरेको हो।

यसै अवधिमा दुईवटा सालबसाली विधेयक पनि पारित भएको उनले जानकारी दिए। यसअघि प्रदेश सभाले गत हिउँदे अधिवेशनमा एउटा मात्र संशोधन विधेयक पारित गरेको प्रवक्ता गुप्ताको भनाइ छ। १९ माघ ०८१ बाट सञ्चालनमा आएको हिउँदे अधिवेशन जम्मा पाँच दिन बसेर सकिँदा एउटा मात्रै विधेयक पारित भएको थियो। बजेटमाथि विवाद हुँदा दलहरूबिचको अन्तर्द्वन्द्वले प्रदेश सभा बैठकसमेत रोकेर अधिवेशन नै अन्त्य गरिएको थियो।

१९ माघमा सञ्चालनमा आएको अधिवेशनमा केही संशोधन विधेयकमाथि समितिले तयार गरेको प्रतिवेदन पेस भएको थियो। प्रतिवेदनमाथि छलफल गरेर पारित गर्ने क्रममा दलहरूबिच गत आर्थिक वर्षको बजेटमाथि विवाद हुँदा बैठक सञ्चालन हुन सकेन। २६ माघमा स्थगित गरिएको बैठक २० चैतमा अन्त्य गरिएको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार सो अवधिमा उक्त ऐनसँग सम्बन्धित नियमावली २, निर्देशिका १, मापदण्ड ४, कार्यविधि ६, सूचना जारी भई राजपत्रमा प्रकाशन भएका छन्। उक्त अवधिमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र प्रदेश निजामती सेवानियमावलीको ड्राफ्ट तयार भई मन्त्रिपरिषद्बाट स्वीकृतिको चरणमा छ। सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन गरिएको पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयले

माओवादीको मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान पुनः सुरु

काठमाडौं/ माओवादीको मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान पुनः सुरु भएको छ। माओवादी अध्यक्ष प्रचण्डले शनिबार दिउँसो ३ बजे कास्कीको रूपा गाउँपालिका- १ स्यास्त्रीस्थित सहिदपार्कमा अभियान पुनः सुरुवात भएको घोषणा गरे। गत २ जेठमा बैतडीको पाटनबाट सुरु भएको अभियान वर्षाका कारण गत १० जेठमा पोखरा पुगेर स्थगित भएको थियो। अभियानको क्रममा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायतका नेताहरू लमजुङ पुगेका छन्।

२२ भदौमा लमजुङ, २३ गते गोरखा, २४ मा धादिङ र २५ भदौमा नुवाकोटमा अभियान सञ्चालन हुने माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए। उनका अनुसार दसैंअघि मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान सम्पन्न गरिनेछ। बाँकी जिल्लाको अभियान मिति छिट्टै तय गरिने उनले बताए। ‘मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान पुनः सुरु भएको छ। दसैंअघि अभियान सम्पन्न गरेर दसैं-तिहारको बिचमा केन्द्रीय समिति बैठक बस्ने तयारी छ,’ उनले भने। शिक्षकसमेत रहेका खनाललाई ०५८ मा तत्कालीन राज्यपक्षले हत्या गरेको थियो भने उनका जेठो छोरा प्रदीप खनाल ०६० मा बेपत्ता भएका थिए। जनयुद्धका क्रममा रूपा गाउँपालिकाबाट सातजना सहिद र एकजना बेपत्ता भएका थिए।

पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्यासँगै आक्रमणका घटना पनि बढ्दै

दुई महिनामा जितपुरसिमराका तीनजनाले बाघको आक्रमणबाट गुमाए ज्यान

बारामा **इन्दीप कोइराला**

पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पथलैया-अमलेखगन्ज सडकखण्डमा पछिल्लो समय बाघ आक्रमणका कारण स्थानीय आतंकित बनेका छन्। दुई महिनाको अवधिमा मात्रै बाघको आक्रमणमा परेर जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ र २२ का तीनजनाले ज्यान गुमाएका छन्।

मृत्यु हुनेमा जितपुरसिमरा उपमहानगरपालिका- २१ का ५५ वर्षीय चन्द्रबहादुर बोलाङ, वडा नम्बर २२ का ४७ वर्षीय कृष्णकुमार शर्मा र ३८ वर्षीय रमेश कार्की छन्। स्थानीयवासीका अनुसार बोलाङ र शर्मा घाँसदाउरा गर्न जंगल गएका वेला बाघको आक्रमणमा परेका थिए। कार्की भने रातिको समयमा ३ नम्बर पुलनजिकै सडकछेउमा मृत भेटिएका थिए।

जितपुरसिमरा उपमहानगरपालिका- २१ का वडाध्यक्ष सुवास श्रेष्ठले केही महिनादेखि गाउँमा बाघको त्रास बढेको जनाउँदै साँझ-बिहान बाहिर निस्कनसमेत स्थानीय डराउने अवस्था आएको बताए। ‘सामान्य कामकाजका लागि पनि मानिसहरू जंगल पस्न सक्दैनन्, साँझ-बिहान खेतबारी वा बाटोमा हिँड्दासमेत ठुलो जोखिम भएको छ,’ उनले भने, ‘निकुञ्जमा बाघको संख्या बढ्नु सकारात्मक हो, तर बाघसँग सम्बन्धित मानवीय घटना हुँदा प्रशासनले चाल्नुपर्ने आवश्यक कदम कमजोर देखिएका छन्। सुरक्षा व्यवस्थामा निकुञ्जले कुनै ठोस काम गरेको पाइँदैन, सायद त्यही कारणले स्थानीय निकुञ्ज प्रशासनप्रति आक्रोशित छन्।’

स्थानीयवासीले पटक-पटक निकुञ्जनजिकका बस्तीमा सुरक्षा व्यवस्था कडा गर्न माग गरेका छन्। निकुञ्जको





● जितपुरसिमरा उपमहानगरपालिका- २१ का वडाध्यक्ष **सुवास श्रेष्ठ** भन्छन्-
सामान्य कामकाजका लागि पनि मानिसहरू जंगल पस्न सक्दैनन्, साँझ-बिहान खेतबारी वा बाटोमा हिँड्दासमेत ठुलो जोखिम भएको छ। निकुञ्जमा बाघको संख्या बढ्नु सकारात्मक हो, तर बाघसँग सम्बन्धित मानवीय घटना हुँदा प्रशासनले चाल्नुपर्ने आवश्यक कदम कमजोर देखिएका छन्। सुरक्षा व्यवस्थामा निकुञ्जले कुनै ठोस काम गरेको पाइँदैन, सायद त्यही कारणले स्थानीय निकुञ्ज प्रशासनप्रति आक्रोशित छन्।

बाघ, हात्ती तथा अन्य जंगली जनावरको गतिविधिका कारण निजगढ नगरपालिका र कोल्हबी नगरपालिका पनि प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। निजगढ नगरपालिकाका ११ र १३ नम्बर वडा पूर्ण रूपमा जोखिममा छन्, जहाँ बाघ तथा अन्य जंगली जनावरले बस्तीछेउको खेतबारी र सडक क्षेत्रमा प्रवेश गर्ने घटना बढेका छन्।

कोल्हबी नगरपालिकामा पनि जंगली जनावरको क्रियाकलाप बढ्दै गएको छ। स्थानीयका अनुसार बाघ तथा हात्ती खेतबारी, घरछेउको बाटो र नदीछेउमा नियमित रूपमा देखिन थालेका छन्, जसले दैनिक जीवन प्रभावित भएको छ। बालबालिका, महिला र वृद्धवृद्धा साँझ-बिहान घरबाहिर निस्कन डराउने गरेका छन्।

स्थानीयवासीले निकुञ्ज प्रशासनसँग सुरक्षा मापदण्ड कडा गर्न, निगरानी वृद्धि गर्न र जंगली जनावरको गतिविधि नियन्त्रण गर्न बारम्बार आग्रह गरे पनि पर्याप्त कदम नउठाइएको भन्दै आक्रोश पोखेका छन्। निकुञ्जमा बाघको संख्या बढेसँगै मानिससँग जम्काभेट हुने सम्भावना पनि बढेको छ, जसले गर्दा दुर्घटना निम्त्याइरहेको उनीहरूको भनाइ छ।

निकुञ्ज प्रशासनले भने पथलैया-अमलेखगन्ज सडकखण्डमा सवारीसाधन नरोक्न सूचना जारी गरेको छ। साथै, बाघको गतिविधि नियन्त्रित गर्न र निगरानी बढाउन सडकछेउमा क्यामेरा जडान गर्ने तयारी भइरहेको प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिए। ‘बाघले मान्छे देख्नेबित्तिकै आक्रमण गर्ने होइन, तर जम्काभेट हुँदा आक्रमण हुन्छ। त्यसैले मानिसले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्छ,’ खतिवडाले भने। उनका अनुसार साँझपख जंगलतिर नजाने, समूहमा मात्र घुम्ने र घाँस-दाउरा गर्ने कामलाई सीमित गर्नेजस्ता व्यावहारिक सावधानी आवश्यक छ।

पर्सा राष्ट्रिय निकुञ्जमा हाल ४१ वटा बाघ रहेको आधिकारिक तथ्यांक छ। संरक्षण प्रयासका कारण निकुञ्जमा बाघको संख्या निरन्तर बढ्दै गएको छ। निकुञ्ज प्रशासनले आगामी गणनामा बाघको संख्या ५० नाघ्ने अनुमान गरेको छ। विशेषज्ञहरूको भनाइमा बाघ संरक्षणका कारण संख्या बढ्नु सकारात्मक भए पनि मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको छ। बाघले आफ्नो वासस्थान फैलाउँदा मानवीय गतिविधिसँग ठोक्किन थालेको छ, जसको असर ग्रामीण बस्तीले झेल्नुपरेको छ।

निकुञ्जआसपासका बासिन्दाले बाघसँग सहअस्तित्वको चुनौती व्यहोर्दै आएका छन्। एकातिर बाघ संरक्षण आवश्यक छ भने अर्कोतर्फ स्थानीयको जीवन सुरक्षित बनाउने चुनौती पनि छ। बाघको आक्रमणमा परी ज्यान गुमाउनेको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन र गाउँमा सुरक्षा व्यवस्था कडा गर्न स्थानीयले सरकार र निकुञ्ज प्रशासनसँग माग गरेका छन्।

निजामती प्रशासनमा रूपान्तरण कसरी ?

मनमा राष्ट्र र मस्तिष्कमा जनता राखेर सेवामा समर्पित भएपछि मात्र निजामती प्रशासनको रूपान्तरण सहज हुन्छ



● गोपीनाथ मैनाली

अग्रलेख

निजामती सेवा सरकार र शासनको संस्थागत मियो हो । यसको क्षमता र अभिप्रेरणामा नै सरकारको साख, राज्यको वैधता र नागरिक विश्वास सिर्जना हुन्छ । जापान, सिंगापुरजस्ता मुलुक दह्रिलो प्रशासनिक संयन्त्रका कारण आजको अवस्थामा पुगेका हुन् भने अमेरिका, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, फ्रान्सलगायत राष्ट्रको राज्य-प्रणालीलाई संस्थागत गराउन त्यहाँको निजामती प्रशासनले खेलेको भूमिकाको सधैँ प्रशंसा हुन्छ । नेपाललगायत केही मुलुकमा भने निजामती प्रशासन संस्थागत हुनै सकेन । नेपालमा प्रशासन अकर्मण्य भएको, क्षमता गुमाउँदै गएको, आर्जित क्षमताको उपयोग नगरेको र सेवाग्राहीसँग असल व्यवहार नगरेको आरोप लाग्दै आएको छ । अहिले प्रशासन अस्तित्वको संकटमा छ । सदनदेखि सर्वसाधारणसम्मले कर्मचारीतन्त्रको आलोचना गरिरहेका छन्, कर्मचारीको मनोबल निकै गिरेको छ, सार्वजनिक प्रशासन जीवन्त संस्था बन्न सकेको छैन । परिणमतः निजामती सेवा आर्थिक सामाजिक रूपान्तरणको संस्था बन्नै सकेन । मौजुदा अवस्था नै कायम राखेर यो समृद्धि र रूपान्तरणको संस्था बन्न सक्दैन, न यसलाई उपेक्षा गरेर समृद्धि र रूपान्तरणमा पुग्ने कल्पना नै गर्न सकिन्छ ।

नेपालमा निजामती सेवा आर्थिक सामाजिक रूपान्तरणको बाहक बन्न नसक्नुका केही आभ्यान्तरिक र कतिपय प्रवृत्तिगत कारण जिम्मेवार छन् । पहिला आभ्यान्तरिक कारणको विवेचना गरौँ । कर्मचारीतन्त्र यसको 'रेसिपी'का कारण पनि आफैँ आलोचित छ । कर्मचारीतन्त्र सामान्य विधिबाट संरचित हुन्छ । यसको रणनीति माथिबाट निर्धारित हुन्छ, अधिकार र जिम्मेवारी माथिबाट तल झर्छ, जवाफदेहिता तलबाट माथि उक्लन्छ । ठुलाले कजाउँछ, साना कजिन्छन् । यसको आविष्कार गर्दा नै कार्यप्रक्रियाको जन्जिर निर्माण गरिएको छ । नीति, विधि पुऱ्याउँदा काम छिटो हुन्न । कार्य स्वायत्तता होइन, नियन्त्रणलाई केन्द्रविन्दुमा राखिएको छ । यसले 'लालफितासाही' जन्माउन पुग्यो । निश्चित विधिमा काम गर्दा यान्त्रिक बन्यो, मानवीय संवेदनालाई वास्ता गरेन । नजाने पनि गर्न खोज्यो, समय र सेवा मूल्यलाई विस्थापन गर्न पुग्यो । अत्यधिक वृत्ति सुरक्षा भयो, संगठनको अभिष्ट र समर्पणलाई पाखा लगायो ।

आभ्यान्तरिक कमजोरीका कारण मात्र कर्मचारीतन्त्रमाथि आलोचना गरिएको होइन, मूलतः प्रवृत्तिगत प्रश्न गाँसिएका छन् । पहिलो त यो सेवकीयभन्दा शासकीय सोचमा देखियो, समाजको बेग्लै वर्ग बन्न खोज्यो । जसका कारण राज्य र जनताको सम्बन्ध सूत्र बन्नुपर्नेमा विच्छेदकजस्तो देखियो । प्रशासनिक व्यावसायिकता पनि गिरेर गएको छ । कर्मचारीले हिजोभन्दा धेरै 'एक्सपोजर' पाएका छन्, चेतना र प्रविधिले पनि सिक्न सकिने स्थिति छ । तर, संस्था र जिम्मेवारीको सापेक्षमा यसलाई उपयोग गरिएको छैन । क्षमता विकासका प्रक्रिया कमजोर छन्, अभिमुखीकरणको अवस्था छैन । समय, स्रोत, सेवा र जिम्मेवारी निर्वाहका आधारमा व्यावसायिक सदाचारिता पातलिएको छ । उदाहरणीय बन्नुपर्ने प्रशासनिक नेतृत्व क्षमता र सदाचार दुवै आयाममा कमजोर देखिँदै आयो । नीति, निर्णय, बजेट, कार्यक्रम, सेवा र संवादमा देखिएको स्तरले त्यही पुष्टि गरिरहेको छ । पछिल्लो समय हुर्किएको स्वार्थको सौदाबाजीले प्रणालीभित्र रहेका असल कर्मचारी पनि हीन मनोभावमा छन् । राजनीतिले कर्मचारीलाई जतिखेर पनि चलाए हुन्छ भन्ने ठानेको छ, कर्मचारीले त्यो वातावरण निर्माण गरिदिएका छन् । आस्थामा विभाजित प्रशासनले सामूहिक भावनालाई छिन्नभिन्न बनाएको छ । संस्थागत सम्झना र ज्ञान हस्तान्तरण छैन, आवश्यकता महसुस पनि गरिएको छैन । राजनीतिक कार्यकारीले अभिभावकत्व दिएको छैन, मात्र उपयोग गरेको छ । गिर्दो सामाजिक छविका कारण उम्दा प्रतिभा किनारा लाग्दै छन् । अर्को प्रवृत्तिगत समस्या सरकारले लगानी गरेर, हैसियत बनाइदिएर, क्षमता विकास गरिदिएर बनाएका बनिबनाउ व्यक्ति राष्ट्र र सर्वसाधारणप्रतिको दायित्व भुलेर विदेशमा बस्ने, उतै जागिर खाने, उतैको नागरिक बन्नेसम्मका काम भएका छन् । राष्ट्र र जनताका नाममा शपथ खाएका व्यक्ति कुनै पनि तर्क र प्रभावका आधारमा राष्ट्रलाई धोका दिने अवस्थामा पुग्नु उचित होइन । यसले नकारात्मक संस्कृति विकास गरेको छ । संगठनभित्र भएका सीमित अवसर वितरणमा न्याय पुगेको छैन । संगठनभित्र विश्वास र सहभागिताको अवस्था कमजोर छ । कर्मचारी अन्तरमुखी र वृत्तिवादी देखिएका छन् । यसको समग्र उपचार कसरी भन्नेमा समाधान खोज्न प्रशासनिक नेतृत्वको स्वार्थले सहयोग गरेको छैन । भएका प्रयास वास्तविक नभई संरचनावादी र सजिला छन् । नीति बनाउने, मापदण्ड निर्धारण गर्ने, कार्यालय स्थापना गर्ने, कार्यदल आयोग बनाएर सुझाव लिने काम यस अवस्थामा हुने नै भए । कार्यसंस्कृति पक्षमा ध्यान गएन । परिणामतः अजस्र शक्तिको स्रोत, अनुभव र योग्यताको खानी निजामती प्रशासन समृद्धि र रूपान्तरणको वास्तविक सहयात्री बन्ने अवसरबाट बाहिरियो ।



अहिले विश्वव्यापी रूपमा कर्मचारीतन्त्रमाथि आलोचनाको वातावरण छ । अमेरिकी राष्ट्रपति चुनावको एउटा एजेन्डा कर्मचारीको आकार घटाउने थियो । जसलाई कार्यान्वयन गर्न इलन मस्क र विवेक रामास्वामीलाई कर्मचारीतन्त्र सुधार (डिस्मेन्टल ?) जिम्मेवारी दिइयो ।

> हाम्रो निजामती सेवा आर्थिक-सामाजिक रूपान्तरणको संस्था बन्नै सकेन । मौजुदा अवस्था कायमै राखेर यो समृद्धि र रूपान्तरणको संस्था बन्न सक्दैन, न यसलाई उपेक्षा गरेर समृद्धि र रूपान्तरणमा पुग्ने कल्पना नै गर्न सकिन्छ ।

कर्मचारीतन्त्र र खर्च घटाउने कामलाई 'मेक अमेरिका ग्रेट अगेन (मागा)'को रणनीति बनाइयो । कर्मचारीतन्त्रमाथिको आक्रमण लोकतन्त्रको खतरा होइन, भ्रष्ट कर्मचारीतन्त्रका लागि खतरा हो' (थ्रेट टु डेमोक्रेसी, नोप, थ्रेट टु ब्युरोक्रेसी) भन्ने भाष्य बनाइयो । मोदीले 'ननपर्फर्मर क्लिन अप' अभियान चाले । नीति निर्णयमा प्रशासनिक वर्चस्व रहेको 'कानरो सिहाइ-रोन'लाई परिवर्तन गरी पावर सिफ्टको अभियानमा जापानी राजनीतिज्ञ छन् । साम्यवादी नेतृत्व त कहिले पनि निजामती प्रशासनको अस्तित्वप्रति सकारात्मक थिएन नै । उनीहरूको अर्थमा कर्मचारीतन्त्र बुर्जुवा वर्गको अनुचर (नोकारशाह ?) बुर्जुवाको समूल नष्टसँगै कर्मचारीतन्त्रका पनि समूल नष्ट हुन्छ । फ्रान्समा कर्मचारीतन्त्रप्रति जापानमा जस्तै सम्मान भए पनि यसको आकार विस्तार भएकामा नियन्त्रणका उपायमा छ । अन्य मुलुकको प्रवृत्तिबाट नेपाल अपवाद छैन । न्युजिल्यान्ड मात्र यस्तो मुलुक हो, जसले कर्मचारीतन्त्र किन वास्तविक रूपमा कार्यप्रेरित छैन भनी मनोबल उठाउन संरचनात्मक अभ्यासको विकल्पमा नयाँ सार्वजनिक जागरण (न्यू पब्लिक प्यासन) को अवधारणा अघि सारेको छ ।

विश्वव्यापी रूपमा कर्मचारीतन्त्रप्रति बनेको नकारात्मक अवधाणाका कारण यसको मनोबल घटे पनि आफ्नो छवि सुधार्ने अवसर पनि साथै ल्याएको छ । निजामती प्रशासनविनाको राजकीय व्यवस्थाको कल्पना गर्न सकिँदैन । यस अवस्थामा आलोचना र आक्रमणबाट डराएर भाग्नुभन्दा प्रशासनले आफ्नो आन्तरिक सुधार र संस्थागत प्रबलीकरणमा एक कदम अघि बढेर सेवाग्राही र राजनीतिक प्रणालीको विश्वास जित्नुपर्छ । कर्मचारीले आफूमाथि लागेको आरोप वा गरिएका गुनासाको रक्षात्मक पंक्तिमा रहेर वा शब्दबाट उत्तर दिने होइन । कर्मको आचरणबाट जवाफ दिने दायित्व उसको हो । उसमाथि गरिने प्रशंसा वा आलोचनाका आधार उसले गरेको काम र देखाएको व्यावसायिकताबाट हो । भनिन्छ, कर्मचारीको मन ठुलो हुन्छ, मुखचाहिँ सानो । भन्ने होइन, गरेर उसले आफूलाई उम्दा साबित गर्नुपर्छ । नागरिक चेतनाले नयाँ सेवा र सन्तुष्टि खोजिरहेको छ । राजनीतिक कार्यकारीले व्यावसायिक सदाचारिता भएका व्यक्तिसँग काम गर्नभन्दा अनुचरसँग काम गर्न सजिलो महसुस गरे पनि उनीहरूकै छविमा आँच आउने घटना घटेपछि योग्य व्यक्ति खोज्न थाल्नेछन् । असल राजनीतिज्ञले व्यावसायिक इमानदारी खोजिरहेका छन् । राष्ट्रसेवामा सधैँ उम्दा व्यक्ति चाहिन्छ भन्ने सिद्ध गर्ने दायित्व स्वयं कर्मचारीको हो । यस्तो अवस्थामा जागिरे वृत्तिभन्दा माथि सधैँ जागरुक संस्थाको उदाहरणमा प्रशासन रहनुपर्छ । सधैँ सिकिरहने, सधैँ गरिरहने, सधैँ सुधारमा रहने, 'एक्स्ट्रा माइलेज' खोजिरहने र आफूप्रति औँलो नठडिने स्थितिमा रहने प्रवृत्तिमा कर्मचारी रहनुपर्छ ।

व्यावसायिकताले विश्वास जितेपछि आलोचना र आरोप स्वतः पाखा लाग्छन् । सफल प्रशासनका उदाहरणमा प्रशासनिक क्षमताको मापनमा सदाचार, शीघ्र निर्णय, व्यावसायिक सुझाव, निष्पक्षता, इमानदारी, प्रतिस्पर्धात्मकता र स्वयं जागरुकताजस्ता सूचकबाट प्रशासनको स्तर मापन गरिन्छ । यी कुरा नौला नभएर सार्वजनिक सेवाका मूल्य, सिद्धान्त नै हुन् । कर्मचारीलाई नियुक्ति गर्दा यिनै कुराको अपेक्षा गरिएको हुन्छ, शपथमार्फत प्रतिबद्धता गरिन्छ । यी अपेक्षा पूरा गर्नु भनेको निजामती सेवा रूपान्तरणकारी संस्था बन्नु हो । जापानका मेजी, सिंगापुरका यू, दक्षिण कोरियाका पार्कहरूले कर्मचारीतन्त्रलाई राम्ररी सदुपयोग गरे, यो समृद्धि र रूपान्तरणको संस्था बन्यो र कजाउनेहरू राजनेता कहलिए । राजापाक्षे, हसिना, एर्सादहरूले दुरुपयोग गरे, जसको परिणाम अहिलेको श्रीलंका, बंगलादेश र पाकिस्तान हुन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने समृद्धि र रूपान्तरणका लागि धेरै पात्रको स्वचालित निष्ठा चाहिन्छ, औपचारिक प्रक्रियाले पुग्दैन । मनमा राष्ट्र र मस्तिष्कमा जनता राखेर सेवामा समर्पित भएपछि मात्र रूपान्तरण सहज हुन्छ । दक्षिण कोरिया र सिंगापुरले के बताएका छन् भने जनताको दुःखमा मन दुख्ने नेता र काममा समर्पित कर्मचारी भएपछि मात्र रूपान्तरणको अभिष्ट पूरा हुन्छ । निजामती सेवा दिवस मनाउन चयन गरिएको आदर्श वाक्य 'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन'ले निजामती सेवालाई रूपान्तरणकारी संस्था बनाउने आशय बोकेको छ । केही वर्षदेखि यही आदर्श वाक्यलाई निरन्तरता दिनुको कारण पनि निजामती सेवाको रूपान्तरणमार्फत आर्थिक सामाजिक रूपान्तरणको खोजी हो भन्न सकिन्छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

३ प्रश्न

एकीकृत समाजवादीकी राष्ट्रिय सभा सदस्य **सावित्री मल्ल**लाई



सामाजिक सञ्जाल विधेयक संसद्मा विचाराधीन रहेकै अवस्थामा सरकारले दर्तामा नआएको नाममा एक्कासि बन्द गर्नुलाई कसरी हेर्नुहुन्छ ?

आजको विज्ञान प्रविधिको युगमा सामाजिक सञ्जाल बन्द गर्नु अभिव्यक्ति स्वतन्त्रताविरोधी कदम हो । यसले नागरिकको बोल्ने, लेख्ने संवैधानिक अधिकारलाई कुण्ठित गरेको छ । सूचना तथा सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले सूचीकरण हुन आउने समयसीमा सकिँदै गर्दा कोही पनि आधिकारिक रूपमा सम्पर्कमा नआएको बताउनुभएको थियो । सम्पर्क गर्नतर्फ लाग्नुपर्नेमा हठात् बन्द गर्नु सरकारको गैरजिम्मेवार कदम हो । दर्ता नभएको बहानामा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथिको प्रहार हो ।

यस्तो प्रतिबन्धले नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारमाथि आघात पुग्दैन ?

दर्ता नभएको बहाना बनाएर फेसबुकलगायत सामाजिक सञ्जाल बन्द गर्नु राम्रो होइन । यो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रका विश्वव्यापी मान्यताविपरीतको कदम हो । यसले नागरिकको अधिकारमाथि आघात पुऱ्याएको छ । यो सरकारले अनेकखाले छलकपट र भ्रम सिर्जना गरिरहेको छ । कानुन निर्माण गरेर सामाजिक सञ्जाललाई नियमन गर्नुपर्नेमा दर्ता नभएको बहानामा जनताको अभिव्यक्ति स्वतन्त्रतामाथि कुठराघात गरिएको छ । सरकारको यो कदम भर्त्सनायोग्य छ ।

सामाजिक सञ्जाललाई कसरी नियमन गर्न सकिन्छ त ?

सार्वभौम संसद्बाट कानुन बनाएर सामाजिक सञ्जाललाई व्यवस्थित र पारदर्शी नियमन गर्न सकिन्छ । त्यसका लागि सरोकारवाला निकाय, विज्ञ, विशेषज्ञ सम्मिलित कार्यदल गठन गरेर जान सकिन्छ । यस्तो वैधानिक बाटो खुला हुँदाहुँदै हतारमा सामाजिक सञ्जाल बन्द गर्नु सरकारको स्वेच्छाचारिता हो । विकल्पसमेत नदिई सामाजिक सञ्जाल बन्द गर्दा त्यसले दीर्घकालीन असर पार्छ ।

प्रेरक प्रसंग

बालकको संस्कार

एउटा बालक सहरको भव्य भवनको घन्टी बजाइरहेको थियो । घरधनी महिलाले ढोका खोलेपछि बालकले हात जोड्दै भन्यो- आन्टी, म तपाईंको बर्गैंचा सफा गरिदिऊँ ? घरधनी महिलाले भनिन्- अहँ पर्दैन, हामी आफैँ सफा गर्छौं ।



बालकले हात जोडेरै भन्यो- प्लिज आन्टी, म निकै राम्रोसँग सफा गर्छु, सफा गर्ने अनुमति दिनुहोस् न !

बालकको कुरा सुनेर मनमा दया पलाएपछि उनले सोधिन्- ठिक छ, तिमी सफा गर्न सक्छौ । तर, कति पैसा लिन्छौ नि ? बालकले भन्यो- मलाई पैसा चाहिँदैन, खाना दिनुभए हुन्छ । महिलालाई बालक निकै भोको रहेछ भन्ने लाग्यो । उनी किचनमा गइन् र उसका लागि खाना ल्याइदिइन् र भनिन्- ल बाबु, तिमी पहिला खाना खाऊ अनि काम गर । बालकले जवाफ दियो- पर्दैन आन्टी, पहिले म काम नै पूरा गर्छु । करिब एक घण्टामा बालकले काम सिध्याएर महिलालाई काम देखायो । काम देखेर उनी निकै खुसी भइन् । उनले बालकलाई खाना ल्याईदिइन् । तर, बालकले खाना खानुको साटो झोलामा खन्याएर पोको पाऱ्यो । त्यो देखेपछि ती महिलाले उसलाई त्यसको कारण सोधिन् । बालकले जवाफ दियो- घरमा आमा निकै बिरामी हुनुहुन्छ । औषधि त सरकारी अस्पतालबाट निःशुल्क पाइयो । तर, औषधि खाली पेटमा खान मिल्दैन ।

बालकको कुरा सुनेपछि महिलाका आँखा रसाए । उनले आफ्नै हातले बालकलाई खाना खुवाइन् । उसकी आमाका लागि तात्तातो खाना तयार गरेर बालकसँगै उसको घर गइन् । बालककी आमासित भेटेर भनिन्- बहिनी तपाईंले आफ्नो सन्तानलाई जुन अमूल्य संस्कार दिनुभएको छ, त्यो हामीले आफ्ना सन्तानलाई दिन कहिल्यै सकेनौं । तपाईं धन्य हुनुहुन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सामाजिक सञ्जाल बन्द किन ?

सरकारले सामाजिक सञ्जाललाई करको दायरामा ल्याउन भन्दै नेपालमा अनिवार्य दर्ता गर्नुपर्ने प्रस्ताव अघि सारेर दर्ता गराउन पटक-पटक सूचना जारी गरेको थियो । तर, नेपालमा एकाध मिडियाबाहेक अन्य मिडिया दर्ता गराउनै आएनन् । अन्ततः सरकारले दर्ता नभएकाजति बन्द गराउने निर्णय गरेको छ । सामाजिक सञ्जाललाई मनोरञ्जन र फुर्सदको साधन सम्झिन हुँदैन । यसले मानिसको जीवनमा पठन, लेखन तथा सिर्जनात्मक अभ्यासका साथै सूचना प्रविधिको क्षेत्रमा ठुलै फड्को मारेको छ । बन्द हुँदा नाफाघाटाका कुरा मात्र चले पनि मानिसका दिनचर्याका अभिन्न अंग बनिसकेको सामाजिक सञ्जाल लामै समय बन्द भयो भने यसले समग्र देश र जनतालाई असहज परिस्थितिमा पुऱ्याउनेछ । अब सामाजिक बन्द सञ्जालकै कारण जनता सडकमा उत्रन बेर छैन ।

● **नवराज न्यौपाने** 'मौन', चुँदी, तनहुँ

सरकार तर्सेकै हो त ?

सरकारले सामाजिक सञ्जालमा हुने पोस्टमाथि अनेक बहाना बनाएर नियमन गर्न खोजेको अहिले होइन । हरेक प्रधानमन्त्रीको पालामा उनीहरूको ध्यान यसतर्फ गएकै हो । तर, देशभर चर्को विरोधको लहर उठेकाले उनीहरू पटक-पटक पछि हट्न बाध्य भएका थिए । सरकारलाई केही निहुँ पारेर सामाजिक सञ्जाल बन्द गराऊँ जस्तो भइरहेको थियो । आखिर उसले गतिलो बहाना पायो- सूचीकरण । आखिर त्यही सूचीकरणको आडमा जनताको प्रतिक्रियाबाट तर्सेको सरकारले सामाजिक सञ्जाल बन्द गराइछाड्यो ।

● **सुविधा कमाचार्य**
जोरपाटी, काठमाडौं

सरकारको उल्टो बाटो

सरकारले सामाजिक सञ्जाल बन्द गराएर नागरिकको सूचनाको हकलाई नै कुण्ठित गराएको छ । आफ्ना अक्षमता, असफलता र निकम्मापनको विरोधमा जनताले विरोधमा लेख्छन्, सबैले थाहा पाउँछन् भनेर अत्तालिएको सरकारले आफूलाई सुधार्न छाडेर सामाजिक सञ्जाल नै बन्द गरेको छ । सरकारमा बुद्धि भएका मानिस पुगेका थिए भने तिनले आफ्नो कार्यशैली सुधार्थे, जनताले दिएका प्रतिक्रियालाई शिरोधार्य गर्ने थिए र जनताका गुनासा सुनेर आफूलाई सच्याउने थिए । सरकार किन उल्टो बाटो हिँड्दै छ ?

● **रिमिका मगर**
बागबजार, काठमाडौं

युवाको अवसर खोस्ने प्रयास

शुक्रबारदेखि सुरु भएको एमालेको विधान अधिवेशनलाई धेरैले चासोपूर्वक हेरिरहेका छन् । यो अधिवेशनले ७० वर्षे उमेर हद कायम राख्ने कि नराख्ने ? अनि एकै व्यक्तिले एउटै कार्यकारी पदमा दुई कार्यकालभन्दा बढी बस्न पाउने कि नपाउने ? भन्ने प्रश्नको जवाफ खोज्ने अपेक्षा छ । तर, अध्यक्ष केपी ओलीको चाहनाअनुसार यी दुवै सवालमा उनले चाहेअनुसार नै प्रस्ताव पारित हुने लगभग निश्चित छ । यो अधिवेशनपछि ओलीलाई तेस्रो कार्यकालको ढोका खुल्ने पूर्वतयारी लुकेको छैन ।

तर, एमाले नेतृत्वको यो प्रयासले ७० वर्षे उमेरहदभित्रका केही नेता र युवाको अवसर खोस्ने या नेतृत्वमा पुग्ने उनीहरूको सम्भावनाको ढोका बन्द गर्ने सम्भावना छ । वृद्ध नेताहरू राजाले जस्तै आजीवन कुर्सीमा बसिरहने हो भने एमालेको पछि लाग्ने युवा नेताले कहिले अवसर पाउने ? सायद यही सुझबुझसाथ ७० वर्षे उमेर हदको प्रावधान राखिएको थियो, जसलाई एमालेले हाल निलम्बनमा राखेको छ । यी दुवै प्रावधानबारे विधान अधिवेशनमा गोप्य मतदान हुने हो भने ती दुवै प्रावधान पुनः ब्युँतिनेछन् । तर, ओलीले गोप्य मतदान कदापि गराउन दिनेछैनन् । किनकि, उनी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई समेत रोकेर तेस्रो कार्यकालका लागि अध्यक्षको कुर्सीमा बस्न हतारिइरहेका जो छन् ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकी र इयू प्रतिबन्धले निम्त्याएको मानवीय क्षति

प्रतिबन्धले सन् १९७० पछि तीन करोड ८० लाख मानिसको मृत्यु भएको छ, जसमध्ये धेरैजसो ग्लोबल साउथअन्तर्गतका देशका छन्

देश/विदेश

● जेसन हिकेल
● डिलन सुलिभान
● ओमर तैयब

अमेरिका र युरोपले लामो समयदेखि एकपक्षीय प्रतिबन्धलाई साम्राज्यवादी शक्तिको उपकरणका रूपमा प्रयोग गर्दै आएका छन्, जसले पश्चिमी प्रभुत्वलाई हल्लाउन, स्वतन्त्र मार्ग तय गर्न र कुनै पनि प्रकारको अर्थपूर्ण सार्वभौमिकता स्थापना गर्न खोज्ने ग्लोबल साउथअन्तर्गतका सरकारलाई अनुशासनमा राख्न र ढाल्न पनि मद्दत गर्छ । सन् १९७० को दशकमा कुनै पनि वर्षमा औसतमा लगभग १५ देश पश्चिमी एकपक्षीय प्रतिबन्धअन्तर्गत थिए । यी प्रतिबन्धले वित्त र अन्तर्राष्ट्रिय व्यापारमा पहुँच रोक्न, उद्योगलाई अस्थिर बनाउन र राज्यको पतन उक्साउन विभिन्न संकट निम्त्याउन खोजेका थिए ।

उदाहरणका लागि जब १९७० मा चिलीमा लोकप्रिय समाजवादी साल्भाडोर एलेन्डे सत्तामा निर्वाचित भए, अमेरिकी सरकारले क्रूर प्रतिबन्ध लगायो । सेप्टेम्बर १९७० मा ह्वाइट हाउसमा भएको बैठकमा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले यसको उद्देश्य 'चिलीको अर्थतन्त्रलाई त्राहिमाम् बनाउनु' थियो भनेर व्याख्या गरे । इतिहासकार पिटर कोर्नब्लुहका अनुसार प्रतिबन्धहरू 'अदृश्य नाकाबन्दी' थिए, जसले चिलीलाई अन्तर्राष्ट्रिय वित्तबाट कटौती गऱ्यो, सामाजिक अशान्ति सिर्जना गऱ्यो र अगस्टो पिनोचेको क्रूर दक्षिणपन्थी तानाशाही स्थापना गर्ने अमेरिकी समर्थित विद्रोहका लागि मार्ग प्रशस्त गऱ्यो ।

त्यसवेलादेखि, अमेरिका र युरोपले प्रतिबन्धलाई नाटकीय ढंगले बढाएका छन् । सन् १९९० र २००० को दशकमा कुनै पनि वर्षमा औसत ३० देश पश्चिमी एकपक्षीय प्रतिबन्धमा थिए । र, अब २०२० को दशकमा ६० भन्दा बढी देशमा यो प्रतिबन्ध छ । यीमध्ये अधिकांश ग्लोबल साउथअन्तर्गतका देश छन् । प्रतिबन्धमा प्रायः ठुलो मानवीय क्षति हुने गरेको विद्वान्हरूले औंल्याएका छन् । जस्तै- १९९० को दशकमा इराकविरुद्ध अमेरिकी प्रतिबन्धले व्यापक कुपोषण, सफा पानी, औषधि र बिजुलीको अभाव निम्त्यायो । हालसालै, भेनेजुएलाविरुद्ध अमेरिकी आर्थिक युद्धले गम्भीर आर्थिक संकट निम्त्याएको छ । प्रतिबन्धले २०१७ देखि २०१८ सम्म मात्र एक वर्षमा ४० हजार अतिरिक्त मृत्यु निम्त्याएको एक अध्ययनले देखाएको छ ।

अहिलेसम्म, अनुसन्धानकर्ताले तथ्यगत आधारमा प्रतिबन्धको मानवीय क्षति बुझ्न खोजेका छन् । यो गाह्रो काम हो र यसले हामीलाई आंशिक तस्बिर मात्र दिन सक्छ । तर, यो वर्ष द ल्यान्सेट ग्लोबल हेल्थमा प्रकाशित नयाँ अनुसन्धानले हामीलाई पहिलोपटक विश्वव्यापी दृष्टिकोण दिन्छ । डेनभर विश्वविद्यालयका अर्थशास्त्री फ्रान्सिस्को रोड्रिगेजको नेतृत्वमा भएको अध्ययनले १९७० देखि २०२१ सम्म अन्तर्राष्ट्रिय प्रतिबन्धसँग सम्बन्धित अतिरिक्त मृत्युको कुल संख्याको गणना गरेको छ । नतिजाहरू अचम्मलाग्दा छन् । लेखकहरूले पत्ता लगाएका छन् कि १९७० देखि अमेरिका र इयूद्वारा लगाइएका एकपक्षीय प्रतिबन्ध तीन करोड ८० लाख मृत्युसँग सम्बन्धित छन् । सन् १९९० को दशकको केही वर्षमा दश लाखभन्दा बढी मानिस मारिएका थिए । त्यस्तै, सन् २०२१ (तथ्यांकको सबैभन्दा पछिल्लो वर्ष) प्रतिबन्धले आठ लाखभन्दा बढी मृत्यु निम्त्यायो ।

यी नतिजाका अनुसार युद्धको प्रत्यक्ष हताहत (औसतमा, प्रतिवर्ष लगभग एक लाख मानिस) भन्दा धेरै गुणा बढी मानिस प्रतिबन्धबाट मारिन्छन् । पीडितमध्ये आधाभन्दा बढी बालबालिका र वृद्धवृद्धा छन्, जो कुपोषणको सबैभन्दा बढी जोखिममा छन् । अध्ययनले पत्ता लगाएको छ कि सन् २०१२ देखि मात्र,



प्रतिबन्धले दश लाखभन्दा बढी बालबालिकाको ज्यान लिएको छ । भोकमरी र अभाव पश्चिमी प्रतिबन्धको आकस्मिक बाइप्रोडक्ट होइन, तिनीहरू एक प्रमुख उद्देश्य हुन् । यो अप्रिल १९६० मा लेखिएको विदेश मन्त्रालयको ज्ञापनपत्रबाट स्पष्ट छ, जसले क्युबाविरुद्ध अमेरिकी प्रतिबन्धको उद्देश्यलाई व्याख्या गर्छ । ज्ञापनपत्रमा उल्लेख गरिएको छ कि फिडेल क्यास्ट्रो र क्रान्तिले क्युबामा झन् व्यापक लोकप्रियता हासिल गरेको थियो । यसले तर्क गऱ्यो कि 'क्युबाको आर्थिक जीवनलाई कमजोर बनाउन हरेक सम्भावित कदम तत्काल चाल्नुपर्छ ।'

पश्चिमा प्रतिबन्धहरूको शक्ति विश्वका आरक्षित मुद्राहरू (अमेरिकी डलर र युरो) मा उनीहरूको नियन्त्रण, अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीहरू (स्विफ्ट) मा उनीहरूको नियन्त्रण र आवश्यक प्रविधिमा उनीहरूको एकाधिकारमा निर्भर गर्छ । यदि ग्लोबल साउथका देश बहुध्रुवीय संसारतर्फ अझ स्वतन्त्र मार्ग तय गर्न चाहन्छन् भने उनीहरूले यी सन्दर्भमा आफ्नो निर्भरता सीमित गर्न कदम चाल्नुपर्नेछ । रुसको हालैको अनुभवले देखाउँछ कि यस्तो दृष्टिकोण सफल हुन सक्छ ।

सरकारले ग्लोबल साउथ देशबिच वस्तु तथा सेवा र प्रविधिको आदानप्रदान गरेर, आवश्यक प्रविधि विकास गर्न क्षेत्रीय योजना प्रयोग गरेर र पश्चिमा नियन्त्रणबाहिर नयाँ भुक्तानी प्रणाली स्थापना गरेर ठुलो स्वतन्त्रता प्राप्त गर्न सक्छन् । वास्तवमा, धेरै देशले पहिले नै यस दिशामा कदम चालिरहेका छन् । महत्त्वपूर्ण कुरा चीनमा विकसित गरिएका नयाँ प्रणाली (जस्तै- अन्तर्राष्ट्रिय भुक्तानीका लागि सिआइपिएस, उपग्रहहरूका लागि बिडोउ, दूरसञ्चारको हुवावे) ले अब अन्य ग्लोबल साउथ देशलाई विकल्प प्रदान गर्छन्, जुन पश्चिमी निर्भरता र प्रतिबन्धको जालबाट बाहिर निस्कने बाटो बन्न सक्छ ।


सार्वभौम विकास हासिल गर्न चाहने देशका लागि यी कदम आवश्यक छन्, तर यी नैतिक अनिवार्यता पनि हुन् । हामी त्यस्तो संसारलाई स्वीकार गर्न सक्दैनौं, जहाँ पश्चिमा प्रभुत्वलाई समर्थन गर्न प्रत्येक वर्ष पाँच लाख मानिस मारिन्छन् ।

(अलजजिराका लागि हिकेल, सुलिभान र तैयबको आलेख)

ट्रम्पको स्वास्थ्यलाई किन बेवास्ता गर्छन् अमेरिकी मूलधारका मिडियाले ?

अधिकांश अमेरिकी सञ्चारमाध्यम राष्ट्रपति ट्रम्पको स्वास्थ्यको विषयमा चर्चा गर्न अत्यधिक सतर्क देखिन्छन्







● मार्गरिट सुलिभान

'द गार्जियन'की अमेरिकी स्तम्भकार मार्गरिट सुलिभान मिडिया, राजनीति र संस्कृतिबारे लेख्छिन्

हरक्षण मिडियामा छाइरहने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प गत साता केही दिन सार्वजनिक स्थानबाट गायब भए। तर, यस अनुपस्थितिलाई अमेरिकाका प्रतिष्ठित समाचार संस्थाले त्यति उठाएनन् वा खासै ध्यानै दिएनन्। सामाजिक सञ्जालमा आएका केही पोस्ट र गल्फ-कोर्सका केही धमिलो तस्बिरबाहेक राष्ट्रपति लगभग गायब भएकोजस्तो देखियो। तर, ठुला मिडियाले भने यो विषयलाई पूरै बेवास्ता गरिदिए।

उसो त केही समयअघि नै ट्रम्पको स्वास्थ्य समस्या सार्वजनिक चासोको विषय बनेको थियो। उनको गोलीगाँठो सुन्निएको थियो। उनमा उभिन असहजता, हातको चोट र बोल्दा केही लरबरिएजस्तो समस्या देखिएका थिए। सार्वजनिक रूपमै देखिएका यी असहजताप्रति मिडियाको मौनतालाई धेरै मानिसले प्रश्न गरेका छन्। 'ठुला समाचार कक्ष किन मौन छन् ?' मिडिया न्युजलेटर 'स्टेटस'का लागि लेख्ने जोन पासान्टिनोले प्रश्न गरे, 'यो विषय न पहिलो पृष्ठको समाचार बन्यो, न कुनै प्रसारण प्याकेज । ट्रम्पको स्वास्थ्य समस्या र केही दिनको सार्वजनिक अनुपस्थिति मुख्य धारका मिडियामा झन्डै उठ्दै उठेन भने पनि हुन्छ।'

मिडियाले अघिल्ला राष्ट्रपति जो बाइडेनको बुढ्यौली र त्यससम्बन्धी समस्या निरन्तर कभरेज गर्ने गर्थे। सन् २०२४ को चुनावी अभियानका क्रममा तत्कालीन राष्ट्रपतिको कमजोर प्रदर्शनपछि यो विषय निकै चर्किएको। दुई ठुला पत्रकारले यस विषयमा लेखेको पुस्तक बेस्ट सेलर बनेको थियो। अधिकांशले बाइडेनको स्वास्थ्यमा समस्या देखिएको र त्यसलाई ह्वाइट हाउसका अधिकारीले लुकाएको भन्दै त्यसको विरोध जनाएका थिए।

यसपटक, अमेरिकाको श्रम दिवसको सप्ताहान्तमा सामाजिक सञ्जालमा ट्रम्पको मृत्यु भएको वा पक्षघात भएको अफवाह फैलियो। ड्रज रिपोर्ट नामक न्युजपोर्टलको धेरै पढिएको समाचारको शीर्षक थियो, 'राष्ट्रपतिको स्वास्थ्य संकट गहिरिँदै छ।' तर, मूलधारका सञ्चार माध्यमहरूले खासै चासो देखाएनन्। लगत्तै उपराष्ट्रपति जेडी भान्सले ठुला मिडियालाई लक्षित गर्दै सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भने, 'तपाईंले उपभोग गर्ने मिडियाले तपाईंलाई डोनाल्ड ट्रम्पले तीन दिनसम्म पत्रकार सम्मेलन नगरेको कारणले मृत्युशय्यामा रहेको बताए भने कल्पना गर्नुहोस्, उनीहरूले तपाईंलाई अरू के-के झुट बोलिरहेका छन्।' भान्सको भाषा र निसाना मूलधारका प्रेसप्रति ट्रम्प र उनका समर्थकले गर्ने नियमित आक्रमणकै हिस्सा थियो।

> केही समयअघि ट्रम्पको स्वास्थ्य समस्या सार्वजनिक चासोको विषय बन्यो । उनको गोलीगाँठो सुन्निएको थियो। उभिन असजिलो, हातमा निलडाम र बोल्दा केही लरबरिएजस्तो समस्या देखिएका थिए। यो विषय न पहिलो पृष्ठको समाचार बन्यो, न कुनै प्रसारण प्याकेज। सार्वजनिक रूपमै देखिएका ती असहजताप्रति मिडियाको मौनतालाई धेरै मानिसले आश्चर्य प्रकट गरेका छन्।

वास्तवमा ठुला मिडियाले त ट्रम्पको सार्वजनिक अनुपस्थितिलाई धेरै हल्का रूपमा लिएका थिए। तर, ट्रम्प र उनका सहयोगी विगतमा जस्तै केही छिटपुट उठेको विषयलाई समेत अतिरञ्जित गर्ने प्रयास गरिरहेका छन्। 'कल्पना गर्नुहोस्, उनीहरूले तपाईंलाई अरू के-के झुट बोलिरहेका छन्' जस्ता अभिव्यक्तिले ट्रम्प र उनका सहयोगीकै मनोवृत्तिबारे धेरै सटिक बताउँछ। यस भिडमा ट्रम्प पनिसामेल भए।

'यो फेक (झुटो) समाचार हो, धेरै फेक। त्यसैले त मिडियाको विश्वसनीयता यति कम छ,' ट्रम्पले फक्स न्युजका पत्रकार पिटर डुसीसँग अन्तर्वार्तामा भने। ट्रम्प सार्वजनिक रूपमा देखिन थालेपछिको सुरुवाती अन्तर्वार्तामा डुसीले 'सप्ताहन्तमा तपाईंको मृत्यु भएको भन्ने खबरलाई तपाईंले कसरी थाहा पाउनुभयो' भनेर सोधेका थिए। तर, यस विषयलाई मिडियाले उचाल्ने भन्नु बकवास कुरा हो। किनकि, अधिकांश मूलधारका मिडिया यो विषय उठाउन अत्यधिक सतर्कता अपनाएका थिए।

द न्युयोर्क टाइम्सले यो विषयलाई ढिलो गरी उठाउँदा पनि यसबारे अप्रत्यक्ष रूपमा मात्र कुरा उठाएको थियो। अर्थात्, समाचार मुख्यतया ट्रम्पको मृत्युको झुटा अफवाह फैलिएको विषयमा केन्द्रित थिए। यस विषयमा लेखिएको लामो न्युज स्टोरीको पुछारतिर मात्र ट्रम्पको स्वास्थ्य अवस्थाबारे जानकारीको कमीको विषय उठाइएको थियो। जुन समाचारको शीर्षक थियो- राष्ट्रपति ट्रम्प जीवित छन्। यस न्युज स्टोरीले ऐतिहासिक सन्दर्भमा ह्वाइट हाउसका कर्मचारीले अमेरिकी राष्ट्रपतिको स्वास्थ्य समस्या लुकाउने गरेको प्रवृत्तिबारे पनि चर्चा गरेको छ। राष्ट्रपति बुढ्यौ विल्सनको स्ट्रोकदेखि जोन एफ केनेडीको ढाडको दुखाइसम्मका विवरणलाई लुकाउने गरेको इतिहासमाथि प्रकाश पारिएको छ।

ट्रम्पको स्वास्थ्य सम्बन्धमा उठ्ने गरेको उचित चिन्ता र प्रश्नबारे उनीवरपरका मानिसले प्रायः अस्पष्ट वा हल्काफुल्का व्याख्या दिने गरेका छन्। जुलाईमा ह्वाइट हाउसले ट्रम्पको हातमा देखिएको रातो दाग र सुनिएको समस्यालाई 'क्रोनिक भेनस इनइफिसेन्सी' भएको बतायो। र, सो समस्या वृद्ध मानिसमा हुने सामान्य समस्याको रूपमा न्यूनीकरण गऱ्यो। र, ट्रम्पका डाक्टरले राष्ट्रपति उत्कृष्ट स्वास्थ्य अवस्थामा रहेको घोषणा गरेका थिए। गत वर्ष ट्रम्पमाथि भएको हत्या प्रयासपछि पनि कुनै मेडिकल ब्रिफिङ गरिएको थिएन। तर, यी सबै विवरणबिच ह्वाइट हाउसकी प्रेस सचिवले भने ट्रम्प 'आफ्ना पूर्ववर्तीजस्तो जनतासँग आफ्नो स्वास्थ्यबारे लुकाउने प्रवृत्तिको नभई पूर्ण रूपमा पारदर्शी' रहेको बताइन्। सधैंझैं ट्रम्पको 'संसार'मा सत्यलाई झुटले जित्ने प्रयास गर्दै सबै कुरामा बाइडेनको गल्ती देखाएर पन्छिने प्रयास गरियो।

त्यसो भए यस विषयको जिम्मेवार मिडिया कभरेज कस्तो हुनुपर्थ्यो ? यो प्रश्नले 'गोल्डिलक्स' नामक बालकथामा जस्तै केही प्रश्न उठाउँछ। कथामा जस्तै 'कुनचाहिँ धेरै तातो हो ? कुनचाहिँ धेरै चिसो हो ? कुनचाहिँ सही र उपयुक्त हो ?' 'राष्ट्रपतिको स्वास्थ्यको प्रमाणमा आधारित मूल्यांकन पत्रकारका लागि स्वाभाविक माग हो,' कोलम्बिया जर्नलिज्म स्कुलका बिल ग्रुस्किनले भने। जब ट्रम्प जस्तोमिडियामा सर्वव्यापी छाइरहने व्यक्तित्व केही दिन कतै देखिँदैन, त्यसबारे प्रश्न उठ्नु उचित हो।

गत जुनमा ७९ वर्ष पूरा गरेर अहिले ८०औँ वर्षमा हिँडिरहेका ट्रम्पको सन्दर्भमा यी प्रश्न स्वाभाविक रूपमा उठ्छन् नै। अनुमान निश्चित रूपमा उत्तर होइन। तर, यथार्थ जानकारीको अभावमा अनुमानले नै प्रश्रय पाउँछ। ह्वाइट हाउसका अधिकारीले आश्वस्त पार्ने प्रयासमा दिने जवाफको स्वीकृति पनि उत्तर होइन। असल पत्रकारितामा 'कुनचाहिँ सही र उपयुक्त हो' भन्ने कुरा आशंकामा आधारित हुन्छ। अर्थात्, तथ्यहरूलाई दृढतापूर्वक उत्खनन् गरेर र स्पष्ट रूपमा प्रस्तुत गरेर मात्र वास्तविकता बाहिर आउन सक्छ।

-द गार्जियनबाट

इन्डोनेसियामा महँगीविरोधी प्रदर्शनले निम्त्याएको अस्थिरता



इन्डोनेसियामा महँगीविरुद्ध उठेको हिंसात्मक सरकारविरोधी प्रदर्शनले अहिले पूरै देश हल्लाएको छ। राजधानी जकार्तामा प्रदर्शनका क्रममा प्रहरीको गाडीले ठक्कर दिएर मोटरसाइकल चालकको मृत्यु भएपछि आक्रोश झन् बढेको छ। प्रदर्शन नियन्त्रणबाहिर गएपछि एक भिडियो सम्बोधनमा राष्ट्रपति प्रबोवो सुबियान्तोले शान्ति कायम गर्न आह्वान गरे। उनले आमनागरिकलाई सरकार र आफ्नो नेतृत्वमाथि विश्वास गर्नसमेत अनुरोध गरे। तर, राष्ट्रपतिको सम्बेधनले पनि मानिसलाई शान्त पार्न सकेको छैन।

प्रदर्शनकारीले घुमुवा प्रहरीको ब्रिगेडको मुख्यालयमा ढुंगा प्रहार गरे। मध्य जकार्ताको क्विताङ छिमेकमा रहेको प्रहरीपरिसरनजिकै रहेको पाँचतले भवनमा आगो लगाइदिए। अधिकारीहरूका अनुसार प्रदर्शनकारीले आगो लगाइदिएको भनिएको भवनमा तीनजना मारिएका छन्। भारी वर्षाका बाबजुद भएको प्रदर्शनलाई अक्टोबरमा पदभार ग्रहण गरेका प्राबोवोको शासनका लागि सबैभन्दा ठुलो परीक्षाका रूपमा हेरिएको छ।

पछिल्लो दंगालाई महिनौंदेखिको आर्थिक र राजनीतिक निराशाको पराकाष्ठा बताइएको छ। देशका ५८० सांसदलाई तलबका अतिरिक्त मासिक पाँच करोड इन्डोनेसियन रुपैयाँ (तीन हजार अमेरिकी डलर) आवास भत्ता पाउने रिपोर्ट बाहिरिएपछि आक्रोश सडकमा छताछुल्ल भएको हो। गत वर्षदेखि दिन थालिएको सो भत्ताको तथ्यांकगत जानकारी हालै सार्वजनिक भएको हो। सांसदहरूले पाउने भत्ता जकार्ता क्षेत्रलाई तोकिएको न्यूनतम ज्यालाको लगभग १० गुणा हो भने देशका विपन्न क्षेत्रको मासिक न्यूनतम ज्यालाको लगभग २० गुणा हो।

२८ करोडभन्दा बढी जनसंख्या भएको इन्डोनेसियामा प्रहरी र संसद् सदस्यमाथि प्रायः भ्रष्टाचारको आरोप लाग्ने गर्छ। विरोध प्रदर्शन आयोजना गर्ने समूहमध्ये एक सदस्य गेजयन मेमांगिलले सांसदहरूको तलब कटौती गर्नुपर्ने आफूहरूको पहिलो माग भएको बताए। त्यसबाहेक प्रदर्शनकारीले कर र मुद्रास्फीतिले जनजीवन निकै कठिन भएको दाबी गरे। प्रदर्शनका आयोजकले मुद्रास्फीति दरअनुसार न्यूनतम ज्याला बढाउनसमेत माग राखेका छन्।

पूर्वसैन्य जनरल रहेका राष्ट्रपति प्रबोवोले पाँच वर्षभित्र आर्थिक वृद्धि आठ प्रतिशतमा पुऱ्याउने र देश लगानीका लागि आकर्षक बनाउने वाचासहित चुनाव लडेका थिए। तर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले व्यापारिक साझेदारमाथि लगाएको उच्च भन्सार शुल्कले अनिश्चितताले थप बढाएको छ। इन्डोनेसियाली सामान अमेरिका भित्रिँदा अहिले १९ प्रतिशत भन्सार दरको सामना गर्नुपर्ने हुन्छ। तथापि, वासिंटनले सिद्धान्ततः इन्डोनेसियाका पाम तेल, कोको र रबरमाथिको भन्सार शुल्क छुट दिन सहमत जनाएको छ। अमेरिका चीनपछि इन्डोनेसियाको दोस्रो ठुलो निर्यात बजार हो। विश्व बैंकले अनुमान गरेअनुसार इन्डोनेसियाको अर्थतन्त्र सन् २०२५ र २०२७ को बिचमा औसत ४.८ प्रतिशतले बढ्नेछ, जुन प्रबोवोले प्रतिज्ञा गरेको स्तरभन्दा धेरै कम हो।

सोमबारदेखि देशव्यापी विरोध प्रदर्शन सुरु भएको थियो। त्यस दिन कालो पोसाक लगाएका प्रदर्शनकारीले इन्डोनेसियाको संसद् भवनमा प्रवेश गर्ने प्रयास गर्दा दंगा प्रहरीमाथि ढुंगा प्रहार गरेका थिए। त्यसपछिका दिन पनि विरोध जारी थियो। बिहीबार सामाजिक सञ्जालमा मोटराइकल चालक मारिएको भिडियो भाइरल भएपछि आक्रोश सुरक्षा बलविरुद्ध सोझियो र हिंसा झन् भड्कियो। मृतक २१ वर्षीय अफान कुर्नियावानले खाना वितरण गर्ने काम गरिरहेका वेला संसद् भवनबाहिर एउटा बख्तरबन्द प्रहरी गाडीले उनलाई ठक्कर दिएको बताइएको छ। दंगा प्रहरीले भिडलाई तितरबितर पारिरहेको समयमा उनी आक्रमणको घानमा परेको बताएको छ।

> देशका ५८० सांसदलाई तलबका अतिरिक्त मासिक पाँच करोड इन्डोनेसियन रुपैयाँ (तीन हजार अमेरिकी डलर) आवास भत्ता पाउने रिपोर्ट बाहिरिएपछि सडकमा आक्रोश देखिएको हो

कुर्नियावानको मृत्युपछि प्रदर्शनकारीले शुक्रबार जकार्तामा घुमुवा प्रहरीको ब्रिगेडको मुख्यालय घेराउ गरेका थिए। त्यहाँ केहीले ट्राफिक चिह्न र अन्य पूर्वाधार नष्ट गरे। रात पर्दै जाँदा झडप बढ्दै गयो र त्यो छिट्टै राजधानी जकार्ता र बाहिर फैलियो। अश्रुग्यासको प्रहारपछि पनि भिड तितरबितर भइरहेको थिएन। इन्डोनेसियाको दोस्रो ठुलो सहर सुराबायामा प्रदर्शनकारीले सवारी साधनमा आगो लगाउँदै गभर्नरको कार्यालयपरिसरलाई नै आक्रमणको निसाना बनाएका थिए। त्यहाँ पनि सुरक्षा बलले अश्रुग्यास, पानीको फोहोरा प्रयोग गरेका थिए। तर, प्रदर्शनकारीले काठका भाँडामार्फत प्रतिकार गरे। त्यसपछि देशका अन्य सहरमा पनि प्रदर्शन भए। तिनमा पूर्वी पपुवा क्षेत्रको सुराबाया, सोलो, योग्याकार्ता, मेदान, मकास्सर, मानाडो, बान्डुङ र मनोकवारी समावेश छन्।

इन्डोनेसियाको विपत् व्यवस्थापन निकायले शनिबार जकार्ताबाट करिब एक हजार ६०० किलोमिटर पूर्वमा रहेको मकास्सरको क्षेत्रीय संसद् भवनमा आगलागी हुँदा तीनजनाको मृत्यु भएको बताएको छ। अधिकारीले शुक्रबार प्रदर्शनकारीले उक्त भवनमा आगो लगाएको बताएका छन्। इन्डोनेसियाका राष्ट्रपतिले २१ वर्षीया कुर्नियावानको मृत्युको कारणमाथि 'पूर्ण र पारदर्शी अनुसन्धान' गर्न आह्वान गरेका छन्। इन्डोनेसियाको सेयर बजारमा सेयरको तीव्र बिक्री भइरहेकै समयमा सुरु भएको पछिल्लो विरोध-प्रदर्शनले प्रबोवोको प्रशासनमाथि संकट थपेको छ। तीव्र सेयर बिक्रीका कारण शुक्रबार इन्डोनेसियन रुपैयाँको भाउमै गिरावट आएको थियो। यस्तोमा प्रबोवोले आक्रोशित जनसंख्यालाई आश्वस्त पार्ने प्रयास गर्दा थप आर्थिक मन्दीले आगोमा घिउ थप्न सक्छ।

निर्वाचित भएपछि 'लोकतान्त्रिक रूपमा काम गर्ने' वाचा गरेका प्रबोबोले आवश्यक परेमा 'निर्णायक कारबाही' गर्नबाट पछि नहट्ने चेतावनी दिएका थिए। बढ्दो संकटबिच पूर्वजनरलले सत्ता जोगाउन निरंकुश तरिका अपनाउन सक्ने चिन्ता बढेको छ।

-अलजजिराबाट

इतिहासमा आज

सेप्टेम्बर ७



सन् १९५३ : निकिता ख्रुस्चेभ सोभियत संघको कम्युनिस्ट पार्टीको सर्वोच्च पद पहिलो सचिव (पछि महासचिव नामकरण गरिएको) बने। ख्रुस्चेभले आफ्ना पूर्ववर्ती स्टालिनको शासनको कठोरता खुकुलो बनाएका थिए।

सन् १८८८ : समयअघि नै जन्मिएका बच्चा राख्ने इन्कुबेटरको पहिलो प्रयोग भयो।

सन् १९७७ : पानामा र अमेरिकाबिच २० औँ शताब्दीको अन्त्यसम्ममा पानामा नहरलाई अमेरिकाको स्वामित्वबाट पानामाको हातमा फर्काउने टोरिजोस-कार्टर सन्धि भयो।

सन् १९७९ : इएसपिएन 'इन्टरनेनमेन्ट एन्ड स्पोर्टस् प्रोग्रामिङ नेटवर्क'को प्रसारण सुरु।

सन् १९८६ : डेसमन्ड टुट दक्षिणी अफ्रिका प्रान्तको चर्चको नेतृत्व सम्हाल्ने पहिलो अश्वेत व्यक्ति बने।

सन् १९८८ : पहिलो अफगान अन्तरिक्षयात्री अब्दुल अहद मोहमद उनको पहिलो अन्तरिक्ष यात्रा सकेर पृथ्वी अवतरण गरे। अगस्ट २९ मा अन्तरिक्षतर्फ लागेका मोहमदको समूह सोभियत अन्तरिक्ष केन्द्र मिरमा नौ दिन बसेर आजकै दिन पृथ्वी फर्किएको थिए।

सन् २००५ : इजिप्टको इतिहासमा पहिलोपटक राष्ट्रपतिको चुनाव भयो।

सन् २०१३ : चिनियाँ राष्ट्रपति सी जिनपिङले कजाखस्तानको भ्रमणका क्रममा पहिलोपटक उनको देशको महत्त्वाकांक्षी 'सिल्क रोड आर्थिक करिडोर' योजनालाई विश्वसामु सार्वजनिक गरे।

सन् २०१९ : भारतीय अन्तरिक्ष एजेन्सी (इसरो)ले चन्द्रमा पठाएको चन्द्रयान-२ चन्द्रमाको सतहभन्दा दुई किमिमाथि सम्पर्कविच्छेद भएसँगै अभियान असफल भयो।

सन् २०२१ : तालिबानले अफगानिस्तानमा पुनः सत्ताकब्जा गरेको केही सातापछि मुल्ला मुहम्मद हसन अखमुन्डको नेतृत्वमा अन्तरिम सरकारको घोषणा।

सन् २०२१ : अल सल्भाडोर बिटकोइनलाई आधिकारिक लेनदेनको मुद्राका रूपमा स्विकार्ने विश्वको पहिलो मुलुक बन्यो।

हमासले फेरि सार्वजनिक गऱ्यो बन्धकहरूको भिडियो

गाजा सिटी / हमासले अक्टोबर २०२३ मा सीमापार आक्रमणका क्रममा एक संगीत महोत्सवबाट पक्राउ परेका दुई इजरायली बन्धकलाई देखाइएको भिडियो सार्वजनिक गरेको छ। भिडियोमा अगस्टको अन्त्यमा गाजा सहरमा गाय गिल्बोआ-दलाललाई देखाइएको छ, जहाँ उनले इजरायलको योजनाबद्ध आक्रमणका बाबजुद आफू र अन्य आठजनालाई हिरासतमा राखिएको बताएका छन्। भिडियोमा दक्षिणी इजरायलको नोभा महोत्सवबाट पक्राउ परेका गिल्बोआ-दलालले आफ्नो रिहाइका लागि बिन्ती गरिरहेको देखाइएको छ। २८ अगस्टको फुटेजमा उनलाई एउटा कारमा चित्रित गरिएको छ।

भिडियोमा अर्का बन्दी एलोन ओहेललाई पनि देखाइएको छ। फुटेजमा ७०० दिनअघि आक्रमणपछि अपहरणमा परेका ओहेललाई पनि पहिलोपटक देखाइएको हो। गिल्बोआ-दलाल पहिले फेब्रुअरीमा हमासको भिडियोमा देखिएका थिए। हमासले अझै बन्धक बनाएका ४८ मध्ये उनीहरू दुई हुन्, जसमध्ये २० जना जीवित रहेको अनुमान गरिएको छ।

भिडियो सार्वजनिक भएपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले दुवैका आमाबाबुसँग 'लामो कुराकानी' गरेको उनको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। उनले हमासले इजरायलका सर्त स्वीकार गरेमा युद्ध तुरुन्तै अन्त्य हुन सक्ने कुरा दोहोऱ्याएका छन्, जसमा सबै बन्धकको रिहाइ पनि समावेश छ। 'कुनै पनि दुष्ट प्रचार भिडियोले हामीलाई कमजोर पार्नेछैन वा यी लक्ष्य प्राप्त गर्ने हाम्रो दृढ संकल्पबाट हामीलाई विचलित गर्नेछैन,' विज्ञप्तिमा भनिएको छ।

गाजामा बन्धकद्वारा रिहा गरिएका बन्धकको पहिलेका भिडियोलाई विश्वनेता र परिवारले निन्दा गरेका छन्। इजरायलका अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन ग्विरले गाजाको पूर्ण कब्जाका लागि आह्वान गर्दै 'बन्धकलाई सुरक्षामा फिर्ता ल्याउने' यो एक मात्र तरिका भएको दाबी गरेका छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २२ भदौ ०८२

एक वर्षमै १२३५.४२ किमि सडक कालोपत्रे

देशभर राष्ट्रियस्तरका सडकको लम्बाइ ३४ हजार ७०७ किमि पुगेको छ, त्यसमा कालोपत्रे २० हजार ४३ किमि

मिलन विश्वकर्मा/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा राष्ट्रियस्तरका सडकतर्फ १२ सय ३५ दशमलव ४२ किलोमिटर सडक कालोपत्रे भएको छ। अघिल्लो आव ०८०/८१ मा देशभर सात सय ५६ किमि सडक कालोपत्रे भएको थियो। गत आवमा भने त्योभन्दा ६३.४१ प्रतिशत धेरै सडक कालोपत्रे भएको सडक विभागबाट प्राप्त तथ्यांकले देखाएको छ।

गत आवमा सरकारले दुई लेनका आठ सय किमि र चार लेनका एक सय ३० किमि गरेर कुल नौ सय ३० किमि सडक कालोपत्रे लक्ष्य राखेको थियो। बिचमै त्यो प्राप्ति भएपछि लक्ष्य बढाएर दुई लेनका एक हजार तीन सय ५८ किमि र चार लेनका एक सय ९३ किमि गरेर कुल १५ सय ५१ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको थियो। त्यसमा असार मसान्तसम्म दुई लेनका एक हजार ८८ दशमलव ७३ किमि सडक कालोपत्रे भएको छ। चार लेनका भने १४६ दशमलव ६९ किमि सडक कालोपत्रे भएको छ। संशोधित लक्ष्यको ८० प्रतिशतको अनुपातमा सडक कालोपत्रे भएको हो।



■ यी हुन् धेरै कालोपत्रे गर्ने सडक परियोजना

सडक विभागको वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गतका विभिन्न सडकमा १८६.१९ किमि सडक कालोपत्रे भएको छ। निर्वाचन क्षेत्र रणनीतिक सडकतर्फ भने २५६.१४ किमि सडक कालोपत्रे भएको देखिन्छ। यस्तै, हुलाकी राजमार्गमा ९४.२२ किमि, राजमार्ग स्तरोन्नतितर्फ ८७.९० किमि, उत्तर-दक्षिण करिडोर (कर्णाली, कालीगण्डकी र कोशी)मा ८४ किमि र पुष्पलाल राजगर्गामा ६१.८ किमि सडक कालोपत्रे भएको छ।

यस्तै, मदन भण्डारी राजमार्गको (बाहुनडाँगीदेखि रूपालसम्म) ४८.५ किमि, तमोर करिडोरमा ४२ किमि, सासेक सडक सुधार आयोजनामा ३९.८७ किमि, सासेक मुग्लिन-पोखरामा ३३.०६ किमि र सडक सुधार अयोजनामा ३२.३३ किमि सडक कालोपत्रे भएको छ।

तथ्यांकअनुसार क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजनामा २८.१४ किमि, सासेक राजमार्ग सुधार आयोजनामा २२.३२ किमि, औद्योगिक करिडोर विस्तार आयोजनामा २१.०८ किमि, भेरी करिडोरमा २१ किमि, सहिद मार्ग (घोराही-नुवागाउँ-मैकोट)मा १३.१ किमि र खुटिया-दिपायल-उरैभन्ज्याङ राजमार्गमा १३ किमि सडक कालोपत्रे भएको छ। यीबाहेक विभिन्न १५ वटा सडक आयोजनाअन्तर्गत भन्डै ५१ किमि सडक कालोपत्रे भएको छ।

■ कुन परियोजनामा कति कालोपत्रे ?

परियोजना	कालोपत्रे भएको सडक (किमिमा)
वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	२८६.१९१
निर्वाचन क्षेत्र रणनीतिक सडक	२५६.१४२
हुलाकी राजमार्ग (पुलहरूसमेत)	९४.२२
राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम	८७.९०७
उत्तर-दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी)	८४
पुष्पलाल राजमार्ग	६१.८
मदन भण्डारी राजमार्ग (बाहुनडाँगीदेखि रूपालसम्म)	४८.५
तमोर करिडोर	४२
सासेक सडक सुधार आयोजना	३९.८७
सासेक मुग्लिन-पोखरा सडक योजना	३३.०६
सडक सुधार आयोजना	३२.३३८
क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना	२८.१४
सासेक राजमार्ग सुधार आयोजना	२२.३२५
औद्योगिक करिडोर (व्यापारिक मार्ग) विस्तार आयोजना	२१.०८
भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे धो)	२१
सहिद मार्ग (घोराही-नुवागाउँ-मुसिकोट-मैकोट)	१३.१५
खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ राजमार्ग	१३

स्रोत : सडक विभाग

■ कसरी बढ्यो कालोपत्रे ?

सडक विभागका प्रवक्ता ई. प्रभातकुमार झाले गत आवमा सडक कालोपत्रे धेरै भएको बताए। 'यसका पछाडि बहुआयामिक कारण छन्। बजेट व्यवस्थापन राम्रो हुँदा पनि धेरै काम गर्न सकियो। यसपालि प्रि-मनसुन पनि धेरै भएन। त्यसले गर्दा आर्थिक वर्षसम्मै सडक कालोपत्रे गर्ने वातावरण बन्यो,' उनले भने, 'ठेक्का व्यवस्थापनमा सुधार आउँदा पनि धेरै काम भएको देखिन्छ।'

■ राष्ट्रियस्तरका सडक यस वर्ष ९०८ किमि थप्ने लक्ष्य

असारसम्म देशभर राष्ट्रियस्तरका सडकको लम्बाइ ३४ हजार सात सय सात किमि पुगेको छ। त्यसमा कालोपत्रे सडकको लम्बाइ २० हजार ४३ किमि पुगेको छ। त्यसमा दुई लेनका १९ हजार ४५५.७ किमि र चार लेनका ५८७.६९ किमि रहेका छन्। सडक विभागले चालू आवमा कालोपत्रे सडकको लम्बाइ ९०८.५ किमि थप गर्ने लक्ष्य लिएको छ। त्यसमा दुई लेनतर्फ आठ सय किमि र चार लेनतर्फ १०८.५ किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छ। त्यो लक्ष्य प्राप्ति भएमा दुई लेनतर्फ २० हजार २५५.७ किमि र चार लेनतर्फ ६९६.१९ किमि गरेर कुल ९० हजार नौ सय ५२ किमि सडक कालोपत्रे भएका हुनेछन्। अहिले राष्ट्रियतर्फ १४ हजार ६ सय ६४ किमि सडक कालोपत्रे गर्न बाँकी छ।

■ ११८ पुल निर्माण, चालू आवमा १६२ वटा बनाउने लक्ष्य

गत आवमा सडक विभागले एक सय १८ वटा पक्की पुल बनाएको छ। गत आवमा सरकारले एक सय ५० वटा पक्की पुल बनाउने लक्ष्य लिएको थियो। त्यसमा एक सय १८ वटा पुल निर्माण भएको सडक विभागबाट प्राप्त तथ्यांकले देखाएको छ, जुन लक्ष्यको ७८.६७ प्रतिशत हो। अघिल्लो आव ०८०/८१ मा भने दुई सय दुईवटा पुल निर्माण भएका थिए। विभागको तथ्यांकअनुसार अहिले राष्ट्रियस्तरका राजमार्गमा तीन हजार पाँच सय ३७ वटा मोटरेबल पुल बनेका छन्। चालू आवमा भने एक सय ६२ वटा पुल बनाउने लक्ष्य लिएको छ। त्यो पूरा भएमा देशभर यस्तो पुलको संख्या ३६ सय ९९ वटा पुग्नेछ।

■ ३०१ किमि नयाँ सडक निर्माण

गत आवमा विभागले देशभर तीन सय एक नयाँ ट्याक (सडक) निर्माण गरेको छ। गत आवमा विभागले सुरुमा एक सय ५० किमि नयाँ ट्याक खोल्ने लक्ष्य लिएको थियो। त्यो पूरा भएपछि विभागले लक्ष्य बढाएर तीन सय ५७ किमि पुऱ्याएको थियो। त्यसमा तीन सय एक किमि नयाँ ट्याक स्थापना भएको हो। असार ०८१ सम्म राष्ट्रियस्तरका सडक ३४ हजार चार सय ६ किमि थियो। गत आवमा तीन सय एक किमि थपिएसँगै त्यो ३४ हजार सात सय सात किमि पुगेको छ।

कुन वर्ष कति सडक कालोपत्रे ?

०७१/७२	६०१ किमि
०७२/७३	२६४ किमि
०७३/७४	६३० किमि
०७४/७५	९०४ किमि
०७५/७६	९८८ किमि
०७६/७७	१०८१ किमि
०७७/७८	६४० किमि
०७८/७९	६१८ किमि
०७९/८०	८२० किमि
०८०/८१	७५६ किमि
०८१/८२	१२३५ किमि

कुन वर्ष कति पुल बन्यो ? (संख्यामा)

०७१/७२	७२
०७२/७३	६३
०७३/७४	७२
०७४/७५	८२
०७५/७६	२३०
०७६/७७	२१०
०७७/७८	१९२
०७८/७९	२८२
०७९/८०	२२२
०८०/८१	२०२
०८१/८२	११८

कुन वर्ष कति नयाँ सडक निर्माण ?

०७१/७२	६४८ किमि
०७२/७३	६३९ किमि
०७३/७४	८०९ किमि
०७४/७५	९७१ किमि
०७५/७६	४४० किमि
०७६/७७	३६५ किमि
०७७/७८	१३७ किमि
०७८/७९	२८० किमि
०७९/८०	२४३ किमि
०८०/८१	१६७ किमि
०८१/८२	३०१ किमि

स्रोत : सडक विभाग

१५ सय कन्टेनर अड्किए चिनियाँ क्षेत्रमा

दसैंको सामान बोकेका कन्टेनर लोमान्थाङ नाकाबाट ल्याउने तयारी



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

रसुवा र तातोपानी नाका अवरुद्ध भएपछि दसैं, तिहार र जाडो महिनाका लागि ल्याइएका फलफूल र कपडाका १५ सयभन्दा बढी कन्टेनर चिनियाँ क्षेत्रमा अड्किएका छन्। सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतका अनुसार रेडिमेड, इलेक्ट्रोनिक्स, हाइड्रोका सामान बोकेका कन्टेनर खासा, न्यालम, केरुङ, दिङ्री र ल्हासामा अड्किएका छन्। 'चिनियाँ क्षेत्रमा रहेका ट्रान्सपोर्ट कम्पनीहरूसँग समन्वय गरेर सूचना संकलन गर्दा १५ सय कन्टेनर सामान रहेको थाहा भयो,' बस्नेतले भने। दसैंका लागि भनेर ल्याइएका रेडिमेड र फलफूल बोकेका चार सय कन्टेनर सामान खासा र न्यालम क्षेत्रमा रहेको उनले बताए। मितेरीपुलबाट भरियाले बोकेर झन्डै ४० कन्टेनर फलफूल भन्सार ल्याइएको तथा केही कन्टेनर रेडिमेड सामान पनि भरियामार्फत तातोपानी भन्सार ल्याइएको उनले जानकारी दिए।

तातोपानी कोदारी क्षेत्रमा झरेको पहिरो पन्छाउने प्रयत्न सफल नभएपछि नजिक आएको चाडपर्वले हतारिएका व्यापारीहरू मुस्ताङको लोमान्थाङ नाकामा केन्द्रित हुन थालेका छन्। चिनियाँ क्षेत्रमा क्यारिङ गर्दै आएको स्टार कस्टम क्लियरेन्स एजेन्टले दुई महिनादेखि अड्किएका कन्टेनर लोमान्थाङ लाने टाढा छ। ढुवानी भाडाका कारण मूल्यवृद्धि हुन्छ। '४२ सय मिटर उचाइमा रहेको कोरोला नाकाबाट सामान ल्याउन सहज छैन,' बस्नेतले भने, 'कोदारीको एउटा सानो पहिरो पनि पन्छाउन सरकारले राम्ररी चासो दिएन।'

तातोपानी भन्सारका सूचना अधिकृत रमेशबहादुर शाहका अनुसार पहिरोले अरनिको सडक बन्द भएकाले चाडपर्वलक्षित सामान व्यापारीको चाहनामुताबिक जुन नाकाबाट पनि ल्याउन खुला रहेको छ। कोदारीको इको क्षेत्रको पहिरो पन्छाउन धेरै समस्या भएको सडक डिभिजन कार्यालय चरिकोटले जनाएको छ।

कोदारी सडकको ठेक्का सम्झौता नहुँदा तातोपानी नाकालाई असर

अरनिको राजमार्गअन्तर्गत बाह्रबिसेदेखि लिपिडसम्म २६ किलोमिटर कोदारी सडकखण्ड निर्माणको ठेक्का सम्झौता हुन नसक्दा तातोपानी नाकालाई ठुलो असर गरेको छ। सडक डिभिजन कार्यालय चरिकोटले ठेक्का खुला गरेको पाँच महिना बितिसक्दा पनि कुनै निर्माण कम्पनीसँग सम्झौता गर्न सकेको छैन।

बाह्रबिसे-लिपिङ २६ किलोमिटर सडक पुनर्निर्माणका लागि सरकारले करिब एक अर्ब ७५ करोड ८० लाख विनियोजन गरेको छ। १५ चैत ०८१ मा ठेक्का खुलेको सूचना प्रकाशन गरेको सडक डिभिजनले ३ असारमा सूचना प्रकाशित गरेर पाँच निर्माण कम्पनी प्राविधिक मूल्यांकनमा उत्तीर्ण भएको विवरण सार्वजनिक गरेको थियो।

ढुकुचु कमलजित सोवर्ण जेभी, रमन त्रिवेणी जेभी, मृत सञ्जीवनी गल्वा जेभी, लामा कन्स्ट्रक्सन कम्पनी र महादेव खिम्ती नाना जेभीको नाम सार्वजनिक गरेर आर्थिक प्रस्तावका लागि असार १० र असार १७ सम्मको म्याद राखेर सूचना प्रकाशित गरेको थियो। आर्थिक प्रस्ताव खुलेको लामो समय बित्दा पनि ठेक्का सम्झौता भएन।



नेपाल बिमा प्राधिकरणको अध्यक्ष बन्न १४ जनाको आवेदन

नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणको अध्यक्ष बन्नका लागि १४ जनाले आवेदन दिएका छन्। ९ भदौको मन्त्रिपरिषद्ले आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीको संयोजकत्वमा गठन गरेको सिफारिस समितिले १४ भदौमा सात दिनको म्याद राखेर प्रस्ताव आह्वान गरेको थियो। त्यसमा अन्तिम दिन शुक्रबारसम्म १४ जनाले प्रस्ताव पेस गरेको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

त्यसमा घनश्याम बुढाथोकी (ललितपुर), विक्रान्त पाण्डे (काठमाडौं), पारस काफ्ले (भक्तपुर), विष्णुबाबु मिश्र (काठमाडौं), बुद्धकाजी श्रेष्ठ (काठमाडौं), डा. दामोदर बसौला (कास्की) र चिन्तामणि शिवाकोटी (काठमाडौं)ले प्रस्ताव दिएका छन्।



यस्तै, ज्ञानेन्द्र अधिकारी (झापा), देवकुमार ढकाल (मोरङ), प्राडा दीपकबहादुर भण्डारी (लम्जुङ), डा. राजेन्द्र पण्डित (काठमाडौं), यज्ञप्रसाद कोइराला (दाङ), रमेशकुमार भट्टराई (भक्तपुर) र महेश्वर न्यौपाने (भक्तपुर)ले आवेदन दिएका छन्।

सिफारिस समितिमा आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी छन् भने सदस्यमा अर्थसचिव घनश्याम उपाध्याय र विज्ञ सदस्यमा डा. खोमराज खरेल छन्। उनीहरूले अब प्राप्त आवेदनबाट तोकिएको मापदण्डका आधारमा पाँचजनाको नाम सर्टलिस्ट गर्नेछन्। समितिले छनोटमा परेका पाँचजनाको व्यावसायिक योजनासहित अन्तर्वार्ता लिनेछ। त्यसका आधारमा तीनजनाको नाम छनोट गरेर नियुक्तका लागि मन्त्रिपरिषद्मा सिफारिस गरिनेछ। त्यसका आधारमा मन्त्रिपरिषद्ले कुनै एकजनालाई प्राधिकरणको अध्यक्षलाई नियुक्ति गर्नेछ, जसको कार्यकाल चार वर्षको हुनेछ।

यसअघि १२ फागुनमा प्राधिकरणका अध्यक्ष नियुक्ति भएका शरद ओझाको योग्यता र कार्यक्षमता नपुगेको देखिएपछि सर कारले २ भदौमा उनलाई बर्खास्त गरेको थियो। त्यसपछि अध्यक्षको जिम्मेवारी अर्थ मन्त्रालयका सहसचिव सेवन्तक पोखरेललाई दिइएको छ। साथै, नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि अघि बढाइएको छ।

भट्टराईको नेतृत्वमा सेजनको नयाँ कार्यसमिति



काठमाडौं/ आर्थिक पत्रकारहरूको छाता संगठन आर्थिक पत्रकार समाज (सेजन)को अध्यक्षमा भागवत भट्टराई निर्वाचित भएका छन्। शनिबार सम्पन्न निर्वाचनमा भट्टराई ११० मतसहित अध्यक्ष चुनिएका हुन्। उनका प्रतिद्वन्द्वीद्वय विश्वास रेग्मीले ९२ र आशा थपलियाले ४१ मत पाएका थिए।

त्यसैगरी, उपाध्यक्षमा जीवनकुमार बस्नेत यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् भने महासचिवमा कमल बस्नेत चुनिएका थिए। बस्नेत एक सय ३९ मतसहित चुनिँदा उनका प्रतिद्वन्द्वी अच्युत पुरीले कुल एक सय चार मत ल्याए। साथै, सचिवमा शंकर पण्डित निर्विरोध निर्वाचित भए। एक सय ३३ मतसहित कोषाध्यक्षमा केशु लामिछाने विजयी हुँदा उनकी प्रतिद्वन्द्वी ममता थापाले १०८ मत ल्याइन्। सदस्यहरूमा अर्जुन तामाङ, कमल धिताल, भोजराज भण्डारी, राजु बाँस्कोटा र सीमा तामाङ विजयी भएका छन्।

Shivasatakshi Municipality
Office Of The Municipal Executive
Koshi Province, Jhapa

Invitation for online Bids

Date of Publication : **2082/05/22(07-Sep-2025)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

Contract Number	Description of Work	Bid Doc Fee	Bid Validity Perid	Minimun Bid Security Amount	Bid Security Validity Perid	Deadline For Submission of Bid	Opening of Bid
04/SM/NCB/ Med/2082/083	Supply and Delivery of Medicine And Surgical Items	Nrs 3000	90 Days After Bid opening	Nrs 1,85,000	30 Days beyond the Validity of Bid	07-Oct-2025 12: 00 Hours	07-Oct-2025 14: 00 Hours

Information to deposit the cost of Bidding document in Bank

Name of the Bank : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
Name of Office : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security, the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

CHIEF ADMINISTRATIVE OFFICER

अमेरिकाले भारतलाई लगाएको करको असर नेपालमा पनि देखियो

'भारतबाट लगानी फिर्ता सुरु भएपछि नेपालमा डलरको मूल्यमा रेकर्ड ब्रेक'

नयाँ पत्रिका

नेपाली बजारमा अमेरिकी डलरको मूल्यले रेकर्ड ब्रेक गरेको छ। नेपाल राष्ट्र बैंकले शनिबारका लागि एक डलरको खरिद मूल्य १४०.९३ रुपैयाँ र बिक्री मूल्य १४१.५३ रुपैयाँ तोकेको छ, जुन हालसम्मकै उच्च हो। यसअघि १४ भदौमा डलरको खरिद मूल्य १४०.८२ रुपैयाँ र बिक्री मूल्य १४१.४२ रुपैयाँ थियो। त्यसपछि घटेको डलरको मूल्य शनिबार पुनः बढेर नयाँ विन्दुमा पुगेको हो।

अहिले अमेरिकाले भारतीय वस्तुको आयातमा लाग्ने करको दर बढाएर ५० प्रतिशत पुऱ्याएको छ। अमेरिकाले गत २७ अगस्ट (११ भदौ)देखि भारतबाट आयात हुने वस्तुमा ५० प्रतिशत ट्यारिफ लगाउन सुरु गरेको छ। त्यसअघि अगस्ट १ देखि २५ प्रतिशत कर लगाइरहेको थियो। अहिले त्यो थप बढाएर ५० प्रतिशत पुऱ्याइएको छ।

■ एक डलरको मूल्य कुन दिन कति ? (नेपाली रुपैयाँ)

दिन	खरिद मूल्य	बिक्री मूल्य
भदौ १४	१४०.८२	१४१.४२
भदौ १५	१४०.८२	१४१.४२
भदौ १६	१४०.८२	१४१.४२
भदौ १७	१४०.८२	१४१.४२
भदौ १८	१४०.७६	१४१.३६
भदौ १९	१४०.६२	१४१.२२
भदौ २०	१४०.७४	१४१.३४
भदौ २१	१४०.९३	१४१.५३

स्रोत : नेपाल राष्ट्र बैंक

भारतको वैदेशिक व्यापारमा अमेरिकाको महत्त्वपूर्ण हिस्सा छ। त्यो अवस्थामा अमेरिकाले कर बढाएपछि भारतको अमेरिकासँगको व्यापार प्रभावित जोखिम बढेको छ। त्यसपछि अहिले भारतमा भएको विदेशी लगानी फिर्ता भइरहेको छ। सोही कारण भारतमा डलरको मूल्य बढ्न गई नेपालमा पनि बढेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछनन्।

नेपाली मुद्रा भारतीय मुद्रासँग पेग (विनिमयदर स्थिर) छ। त्यो अवस्थामा भारतमा डलरको मूल्य बढ्दा नेपालमा बढ्ने र भारतमा घट्दा नेपालमा पनि घट्ने हुन्छ। अहिले भारतमा डलरको मूल्य बढेपछि नेपालमा पनि यसको मूल्य स्वतः बढेको हो। डलरको मूल्य बढ्नु भनेको भारतीय र नेपाली मुद्रा कमजोर हुनु पनि हो।

नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा व्यवस्थापन विभागका प्रमुख तथा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले भारतमा डलरको मूल्य बढ्दा नेपालमा पनि स्वतः बढ्न गएको बताए।

'नेपाली मुद्रा भारतीय मुद्रासँग पेग छ। भारतमा मूल्य बढेपछि नेपालमा पनि बढ्छ,' उनले भने, 'अमेरिकाले भारतबाट आयात हुने वस्तुमा ५० प्रतिशत कर लगाउन सुरु गरेको छ। त्यसपछि भारतबाट क्यापिटल फ्लाइट (लगानी फिर्ता) हुन सुरु गरेपछि डलरको माग बढेको छ। त्यसले गर्दा भारतमा डलरको मूल्य बढेको छ। त्यसपछि नेपालमा पनि स्वतः यसको मूल्य बढेको हो।'

डलरको मूल्य बढेपछि विदेशी मुद्रामा हुने आम्दानी बढ्नेछ। तर, आयात भने महँगो हुनेछ। यसैगरी नेपालले तिर्ने वैदेशिक ऋण पनि महँगो हुनेछ। त्यसले गर्दा डलरको मूल्य बढेको अवस्थामा वैदेशिक ऋणको दायित्व पनि महँगो पर्नेछ।

सेन्सेईका घरायसी सामान किन्दा मोटरसाइकल जित्ने अवसर



काठमाडौं/ दसैं, तिहार र छठलाई विशेष बनाउन इलेक्ट्रोनिक्स ब्रान्ड सेन्सेईले आकर्षक अफर ल्याएको छ। यस अफरअन्तर्गत ग्राहकले सेन्सेईका कुनै पनि घरायसी सामान खरिद गर्दा बम्परमा उपहारमा हिरो स्प्लेन्डर मोटरसाइकल जित्न सक्नेछन्।

त्यसैगरी २५ प्रतिशतसम्म क्यासब्याक, पक्का उपहारका साथै मासिक उपहारमा सेन्सेईका वासिङ मेसिनसमेत पाइने कम्पनीले जनाएको छ। १९ भदौदेखि लागू भएको यस योजनामा सहभागी हुन ग्राहकले सेन्सेईका सामान खरिद गरेपछि विज्ञापनमा दिइएको क्युआर कोड स्क्यान गरी आफ्नो विवरण भरी पठाउनुपर्नेछ।

यस योजनाअन्तर्गत ४३ इन्चसम्मको टिभीको खरिदमा आकर्षक क्यासब्याक तथा सोभन्दा माथिको टिभी खरिदमा साओमीको पोर्टेबल स्पिकर जित्न सकिनेछ। साथै, रेफ्रिजेरेटर, भ्याकुम क्लिनर र सेस्ट फ्रिजरको खरिदमा आकर्षक क्यासब्याकका साथै सेमिअटोमेटिक वासिङ मेसिनमा तीन केजी एरियल र फ्रन्टलोड वासिङमा ६ केजी एरियल सरफ पाउनेछन्। सेन्सेईले हरेक चाडपर्वमा ग्राहकको जीवनशैलीलाई अझ सहज, रमाइलो र आधुनिक बनाउन विशेष योजना ल्याउने परम्परा निरन्तरता दिएको छ।

हवाई टिकट खरिद गर्दा ज्योतिको क्यासब्याक

काठमाडौं/ ज्योति विकास बैंकले दसैंका अवसरमा क्यासब्याक योजना ल्याएको छ। दसैंको अवसरमा ग्राहकलाई सहज र लाभदायक यात्राको सुविधा प्रदान गर्ने उद्देश्यले यो अफर सार्वजनिक गरेको बैंकको भनाइ छ। योजनाअन्तर्गत ग्राहकले ज्योति स्मार्ट एप प्रयोग गरी जुनसुकै घरेलु एयरलाइन्सको हवाई टिकट खरिद गर्दा पाँच सय रुपैयाँसम्मको सर्वाधिक क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

उक्त सुविधाको लाभ लिन ज्योति स्मार्ट एपबाट हवाई टिकट खरिद गर्दा जेबिबिएल-५०० प्रोमो कोड प्रयोग गर्नुपर्नेछ। यस योजनामा सुरुमा सहभागी हुने चार सयजनाले मात्रै यो सुविधा पाउन सक्ने बैंकले नजाएको छ। यो योजना सीमित अवधिका लागि मात्र उपलब्ध रहेको बताइएको छ।

ग्लोबल आइएमईलाई 'युरो मनी अवार्ड'



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेड 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२५'को बेस्ट बैंक अवार्डबाट सम्मानित भएको छ। मंगलबार सिंगापुरमा आयोजित विशेष समारोहमा युरो मनी म्यागजिनका प्रतिनिधिले बैंकका सञ्चालक समिति सदस्य रामबहादुर भण्डारी र ट्रेजरी तथा करेस्पोन्डेन्ट बैंकिङ विभागका म्यानेजर शिशिर शाक्यलाई उक्त अवार्ड हस्तान्तरण गरे।

सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैंकिङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो। बैंकले ग्राहकलाई प्रदान गर्दै आएको सेवा, वित्तीय अवस्था, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरूमा गरेको लगानी तथा उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो। यो वर्षको अवार्डसँगै बैंक तेस्रोपटक बेस्ट बैंक अवार्डबाट सम्मानित भएको हो। यसअघि पनि बैंकले युरो मनी अवार्ड फर एक्सलेन्स २०२२ र २०२४ मा बेस्ट बैंक अवार्ड प्राप्त गरेको थियो।

विश्व जलवायु परिवर्तन सम्मेलन काठमाडौंमा सुरु



काठमाडौं/ जलवायु परिवर्तन र यसको प्रभावसम्बन्धी विश्व सम्मेलन (सिसिआई-२०२५) काठमाडौंको सिनामंगलस्थित सेन्ट्रल कलेजमा सुरु भएको छ। पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा वेदराज केसीले शनिबार सम्मेलन उद्घाटन गरेका हुन्। सोमबारसम्म चल्ने तीनदिने सम्मेलनमा विश्वभरबाट २१ देशका विज्ञ, वैज्ञानिक र प्राज्ञिक व्यक्तित्वहरू गरी करिब दुई सय प्रतिनिधिको सहभागिता रहेको आयोजक सेन्ट्रल कलेजका सहप्राचार्य गणेश बुढाथोकीले बताए।

अर्को आयोजक संस्था एग्रिकल्चर एन्ड इन्भायरोन्मेन्टल टेक्नोलोजी डेभलपमेन्ट सोसाइटी भारतका कार्यक्रम संयोजक डा. वाजिद हसनका अनुसार सम्मेलनमा करिब आठ सय अनुसन्धानपत्र प्रस्तुत गरिनेछ। कार्यक्रममा नौ प्रमुख विषयवस्तु र ७० भन्दा बढी उपविषयमा छलफल हुने बताइएको छ। जसमा जलवायु विज्ञान, स्मार्ट कृषि, जैविक विविधता, पानीको सुरक्षा, विश्व तापक्रम वृद्धि, कार्बन उत्सर्जन, सामाजिक-आर्थिक सहनशीलता, एआई उपकरणद्वारा जलवायु पूर्वानुमान, प्राकृतिक स्रोत व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा नीतिगत संरचना समेटिएका छन्।

नबिल बैंक लिमिटेड, बट्टार शाखा, नुवाकोटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०५/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०५/०५ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा बट्टार शाखा, नुवाकोट** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम अनुसुचि १ सुर्यगढी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय चोकदे नुवाकोट, ३ नं. प्रदेश नेपालमा मिति २०७७/११/०३ मा प्रमाणपत्र नं २०९ अन्तर्गत दर्ता भएको **सुन्दर वाखा फर्म**।
ठेगानाः नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५, धन्सार चौर नुवाकोट।

ऋणी फर्मका प्रोपाइटरः
भिमसेन गुरुङकी छोरी, कृष्ण बहादुर परियारकी बुहारी भैरब परियारकी श्रीमती, नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं. ५९१८९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नुवाकोट, मिति : बि.सं. २०५५/११/०५ भएकी **कमला गुरुङ**।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. कृष्ण बहादुर परियारको नाति, भैरब परियारको छोरा, नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं.२५-०१-७६-०५७५६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.नुवाकोट, मिति : बि.सं. २०७६/०९/०६ भएको **विशाल परियार**।
२. घट्टि परियारको नाति, कृष्ण बहादुर परियारको छोरा, नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, नागरिकता नं. ७८४२०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: नुवाकोट, मिति : बि.सं. २०५९/०३/११ भएको **भैरब परियार**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
नुवाकोट जिल्ला उर्लेनी गा.वि.स वडा नं ९ स्थायी घर भई हाल नुवाकोट जिल्ला सुर्यगढी गा.पा. वडा नं ५ बस्ने, **कमला गुरुङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स वडा नं ३ सिट नं ३ मा अवस्थित कि.नं. १६८३ क्षेत्रफल २-८-१-१ रोपनी जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा बट्टार शाखा, नुवाकोट** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०६/०५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा बट्टार शाखा, नुवाकोट**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०६/०७ गते ३:०० बजे बैंकको **बट्टार शाखा, नुवाकोट** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकका **बट्टार शाखा, नुवाकोट** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौ फोन नं. ०१-५९७१८७१

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Mahakali Bridge Project, Mahendranagar

Invitation for Bids

Date of Publication: 2082-05-22 (07 September, 2025)

Tender Notice No.: 01/082/83/MBP

Mahakali Bridge Project, Mahendranagar invites Sealed bids for the following contract from the duly registered eligible bidders.

S. N.	Contract No.	Name of Project	Bid Security Amount	Bid Security Period	Bid Document Fee
1	BSMBP/02/ 337011324/ 082/83-01	Bridge Maintenance and Safety Upgradation Work along Mahendra Highway (Chisapani to Gadda chowki section)	Nrs. 6 lakhs	120 days	Nrs. 5000

Bidders shall download the bidding document and shall submit their bids by electronic means only, from PPMO egp system. Bidders are advised to visit website: bolpatra.gov.np/egp for more detail information.

धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/२२ गते

यस रिलायन्स फाईनान्स लिमिटेडबाट कर्जा लिने देहाय बमोजिमको ऋणीले लिनु भएको ऋण कर्जा वापत फाईनान्सलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको रिलायन्स फाईनान्सको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई वित्तीय संस्थाको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी वित्तीय संस्थाको को लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले संस्थाको केन्द्रिय कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। ती शर्तहरु यसै सूचनाको अभिन्न अङ्कको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै वित्तीय संस्था खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा वित्तीय संस्था आफैले सकार गर्दा समेत साविकमा वित्तीय संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा वित्तीय संस्था आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा फाईनान्स आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी फाईनान्स आफैले सकार गर्दा समेत वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून, नियम तथा फाईनान्सको कर्जा असुली निर्देशिका अनुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि कालोसूचीमा राखिनुको साथै ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

शिलबन्दी बोलपत्र आह्वान सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २:०० बजे संस्थाको शाखा कार्यालय मणीग्राम, रुपन्देहीमा खोलिनेछ।

शाखा कार्यालय : मणीग्राम, रुपन्देही

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण	
१ **नाम : गुरुङ्ग खाद्य सप्लायर्स प्रा. लि.** ठेगाना : रुपन्देही जिल्ला, देवदह १०, भलुई। दर्ता नं. : ३०५१७७/०७९/०८० दर्ता मिति : २०७९/०९/२५ **कर्जा शिर्षक : व्यापारिक कर्जा**	**निता कुमारी थापा मगर/उमेश कुमार थापा मगर**को नाममा दर्ता रहेको नवलपरासी (ब.सु.प.) जिल्ला सुनवल-०८/घ स्थित कित्ता ५३७ र ५३५ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-१-१० (बि.क.धु) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत। **उमेश कुमार थापा मगर**को नाममा दर्ता रहेको नवलपरासी (ब.सु.प.) जिल्ला सुनवल-०८/घ स्थित कित्ता नं. ५३४ र ५३६ को क्षेत्रफल क्रमशः ०-१-१० र ०-३-१० (बि.क.धु) जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**नाम : निता कुमारी थापा मगर** ठेगाना : सुनवल-०८, नवलपरासी बाबु : मकन बहादुर थापा मगर बाजे : नर बहादुर थापा मगर **नाम : उमेश कुमार थापा मगर** ठेगाना : सुनवल-०८,नवलपरासी बाबु : मकन बहादुर थापा मगर बाजे : नर बहादुर थापा मगर	**नाम : सबिता गुरुङ्ग** ठेगाना : भिरकोट १०, स्याङ्जा हालको ठेगाना : देवदह १०, रुपन्देही बाबु : प्रत बहादुर गुरुङ्ग बाजे : कुलविर गुरुङ्ग **नाम : निरमाया थापा** ठेगानाः सुनवल ०८,नवलपरासी बाबु : भिम बहादुर राई बाजे : दल बहादुर राई

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np
Branch : Manigram, Rupandehi, Phone : 071-562902

वित्तीय सेवाको अर्को परिभाषा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/०५/२२)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेलः info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको** माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/०५

बोलपत्र खोलिने मिति २०८२/०६/०७ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : सिद्धार्थ ग्रिल उद्योग (विविध कर्जा) -शाखा कार्यालय तुलसीपुर, दाङ** प्रा.फ.र.नं. : १५७/१११४१, ठेगाना : तुलसीपुर उ.म.म.पा. १८, दाङ **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. कृष्ण पौडेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ५२२०२५/३२३६, मिति २०७०/०२/०६ मा जि.प्र.का. दाङवाट जारी भएको), बाबु : मुकुन्द पौडेल, वाजे : डिल्ली प्रसाद उपाध्याय **२. मुकुन्द पौडेल -जमानीकर्ता** (ना.प्र.नं. ९९५/२५१६, मिति २०५९/०२/१४ मा जि.प्र.का.दाङवाट जारी भएको), बाबुः डिल्ली प्रसाद उपाध्याय, वाजे : रेश्मीराज उपाध्याय **३. भुमा देवी पौडेल -जमानीकर्ता** (ना.प्र.नं. १९३६६/१६५५, मिति २०३९/११/२४ मा जि.प्र.का. दाङवाट जारी भएको), पतिः डिल्ली प्रसाद उपाध्याय, ससुराः रेश्मीराज उपाध्याय	भुमा देवी पौडेलको नाममा दाङ जिल्ला मालपोत कार्यालय तुल्सीपुर, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, ज.म.वि.वि गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. ५४३ (१०९२.११ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय तुल्सीपुर, दाङ
२.	**ऋणी : न्यु पशुपति शु एण्ड फेन्सी स्टोर (विविध कर्जा) -शाखा कार्यालय तुलसीपुर, दाङ,** प्रा.फ.र.नं. : ५६१६/९७ (०७०/०७१) (स्था. व्या.), ठेगाना : तुलसीपुर उ.म.म.पा. ०५, दाङ **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. हेमराज रेग्मी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ८५१/१२२० मिति २०५८/०१/१३ मा जि.प्र.का. दाङवाट जारी भएको), बाबु : पदम राज रेग्मी, वाजे : दिर्घ राज रेग्मी **२. अनिता काफ्ले (रेग्मी) -जमानीकर्ता** (ना.प्र.नं. ५२-०१-७०-०३४५१, मिति २०७०/०७/१० मा जि.प्र.का.दाङवाट जारी भएको) पति : हेमराज रेग्मी, ससुरा : पदम राज रेग्मी	१. अनिता काफ्ले (रेग्मी)को नाममा दाङ जिल्ला मालपोत कार्यालय तुल्सीपुर, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, लाहुरेचौर गा.वि.स./न.पा. वडा नं. २(ख) स्थित कि.नं. २७९४ (८७८.८५ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २.अनिता काफ्ले (रेग्मी)को नाममा दाङ जिल्ला मालपोत कार्यालय तुल्सीपुर, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स./न.पा. वडा नं. २(ग) स्थित कि.नं. १८६३ (१२१.८७ व.मि.) र कि.नं. १८६४(१२१.८८ व.मि.) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय तुल्सीपुर, दाङ
३.	**ऋणी : सिद्धार्थ पोलिमर्स (सवारी साधन खरिद कर्जा) -शाखा कार्यालय भैरहवा** उ.द.नं. : १८३२८/०७५/७६, ठेगाना : सिद्धार्थनगर न.पा. ०४, रुपन्देही **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता :** **राजेश अग्रहरी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३७१०२०/३८२४७, मिति २०६६/०१/०३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु : जोगेन्दर वनिया, बाजे : सामरथी	यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : Hyundai सवारीको मोडेल : I20 Actives निर्माण वर्ष : २०१९ ईन्जिन नं. : G4LAKM440936 च्यासिस नं. : MALBM51BLKM755922*J सवारी दर्ता नं. : प्रदेश-३-०१-०२२ च ८०६० **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय राईजिङ्ग मल कमलादी/सम्वन्धीत यातायात नजिकको शाखा
४.	**ऋणीहरु :** **क) थापा अडर एण्ड सप्लायर्स (नगद कर्जा) -शाखा कार्यालय प्यूठान,** प्रा.फ.र.नं.: ५४५/०६८/६९, ठेगाना : खलंगा ०५, प्यूठान **ख) गन्ज बहादुर थापा (व्यक्तिगत धितो कर्जा) -शाखा कार्यालय प्यूठान,** ठेगाना : मल्लरानी ०४, खलंगा, प्यूठान (ना.प्र.नं. ३८६१९, मिति २०५९/०९/०९ मा जि.प्र.का. प्यूठानबाट जारी भएको) बाबु : गणेश बहादुर थापा क्षेत्री, बाजे : डवल सिंह थापा क्षेत्री **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शुशिला थापा -प्रोप्राईटर (थापा अडर एण्ड सप्लायर्स)/जमानीकर्ता** (ना.प्र.नं.५३१००४/१२७७, मिति २०६७/०३/०८ मा जि.प्र.का.प्यूठानबाट जारी भएको) पति : गन्ज बहादुर थापा, ससुरा : गणेश बहादुर थापा क्षेत्री **२. गन्ज बहादुर थापा -जमानीकर्ता** (ना.प्र.नं. ३८६१९, मिति २०५९/०९/०९ मा जि.प्र.का.प्यूठानबाट जारी भएको) बाबु : गणेश बहादुर थापा क्षेत्री, बाजे : डवल सिंह थापा क्षेत्री	गन्ज बहादुर थापाको नाममा प्यूठान जिल्ला मालपोत कार्यालय प्यूठानमा दर्ता कायम रहेको प्यूठान जिल्ला, खलंगा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ६२६ (२४१ व.मि.) र कि.नं. ६९४ (७५ व.मि.) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय प्यूठान
५.	**ऋणी : कर्णाली घर विजनेस प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय कमलादी,** दर्ता नं. : २३४३६२/०७६/०७७, ठेगाना : का.म.न.पा ०३, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राजन धिताल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २४१०५८/४८४७, मिति २०६४/११/२७ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : रामचन्द्र धिताल, बाजे : जय नारायण धिताल **२. रामचन्द्र धिताल -जमानीकर्ता** (ना.प्र.नं. ४४८, मिति २०३९/०८/२३ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), बाबु : जय नारायण धिताल, बाजे : महारुद्र धिताल	रामचन्द्र धितालको नाममा सिन्धुपाल्चोक जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ४१६ (५-१०-१-३ रोपनी), ४१८ (४-४-२-२ रोपनी) र कि.नं. १०४७ (३-६-१-३ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** वोलपत्र खोलिने स्थान : शाखा कार्यालय इन्द्रावती, सिन्धुपाल्चोक

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

■ पहिलो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल

नेपालले खेल्यो बंगलादेशसँग गोलरहित बराबरी



बंगलादेशको डिबक्सभित्र हेडिङ प्रयास गर्दै नेपालका खेलाडी। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

नेपाल र बंगलादेशबिच पहिलो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको छ। फिफा डेमा भएको सिरिजअन्तर्गत शनिबार पहिलो खेलमा नेपालले बंगलादेशविरुद्ध घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्न सकेन। दशरथ रंगशालामा नेपाली राष्ट्रिय पुरुष टोलीले दुई वर्षपछि अन्तर्राष्ट्रिय खेलेको हो। यद्यपि, नेपालले घरेलु मैदानमा त्यसको फाइदा उठाउन सकेन। अब सिरिजअन्तर्गत दोस्रो खेल मंगलबार हुनेछ।

आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले दुई खेलमा नतिजा नआउँदा टाइब्रेकरबाट सिरिजको विजेता घोषणा गर्ने जनाएको छ। प्रशिक्षक म्याट रोसले बंगलादेशविरुद्ध जितका साथ सिरिज सुरु गर्ने बताएका थिए। तर, मैदानमा नेपाली टोलीमा मिडफिल्ड र फिनिसिङका खेलाडीले एकआपसमा तालमेल मिलाउन सकेनन्। खेलको पहिलो हाफमा नेपालले मुस्किलले दुईपटक गोल अवसर निकालेको थियो।

खेलको २९औँ मिनेटमा मणिकुमार लामाको फ्रिकिकमा अनन्त तामाङको हेडिङ गोल भएन। यसैगरी, अञ्जन विष्टले डिबक्सभित्र सहज अवसरसमेत खेर फाले। अञ्जन नेपाली राष्ट्रिय टोलीबाट सर्वाधिक १४ गोलको सँघारमा छन्। उनी दुई वर्षदेखि १३ अन्तर्राष्ट्रिय गोलमा रोकिएका छन्। दुई दशकअघि नीराजन रायमाझी र हरि खड्काले संयुक्त रूपमा नेपाली टोलीबाट सर्वाधिक १३ गोलको रेकर्ड बनाएका थिए। त्यसपछि यी दुवै खेलाडीको गोल रेकर्ड अञ्जनले गरे। दोस्रो हाफमा बंगलादेशले खेलमा सुधार गरे पनि गोल गर्न सकेन। नेपालका गोलरक्षक तथा कप्तान किरण लिम्बूले उत्कृष्ट बचाउन गरेका थिए। बंगलादेशका ताज उद्दिनको प्रहारलाई किरणले विफल पारेका थिए। पहिलो हाफमा बंगलादेशको एक गोल अफ साइड भएको थियो। खेलको ३९औँ मिनेटमा बंगलादेशका सुमोन रेज्जाको प्रहार क्रसबार माथि गएको थियो। खेलको ६८औँ मिनेटमा जिलेस्पीजंग कार्कीको लामो दूरी प्रहार बंगलादेशका गोलरक्षकले बचाए।

२१ महिनापछि रंगशालामा खेल

पछिल्लोपटक नेपालले सन् २०२३ को नोभेम्बरमा यमनसँग एसियन कप छनोटको खेलमा प्रतिस्पर्धा गरेको थियो। नेपाली राष्ट्रिय पुरुष टोलीले २१ महिनापछि दशरथ रंगशालामा पहिलो खेल खेलेको हो। नेपाल र बंगलादेशबिचको पहिलो मैत्रीपूर्ण खेल हेर्न चार हजार आठ सय आठजना दर्शकले टिकट किनेको एन्फाले जनाएको छ।

एसियन कपको तयारी

नेपाल र बंगलादेशले एएफसी एसियन कप छनोट तयारीका लागि नै एकआपसमा मैत्रीपूर्ण खेल खेलेका हुन्। एसियन कप छनोटमा नेपाल समूह 'एफ'मा छ। समूहमा नेपालसँगै मलेसिया, लाओस र भियतनामसँगै छन्। नेपालले अहिलेसम्म समूह चरणमा दुई खेल खेलेको छ। दुवै खेलमा हारको सामना गरेको नेपाल आफ्नो समूहमा अंकविहीन छ।

नेपाल पहिलो खेलमा मलेसिया र दोस्रो छनोटमा लाओससँग पराजित भएको थियो। इतिहासमै पहिलोपटक नेपाल लाओससँग स्तब्ध भएको थियो। नेपालले छनोटको अब २३ असोजमा भियतनामसँग उसैको मैदानमा खेल्नेछ। त्यसको एक सातापछि नेपालमा भियतनामले खेल्ने तालिका छ। तर, एएफसीले दशरथ रंगशाला अन्तर्राष्ट्रिय आयोजना गराउन अयोग्य घोषणा गरे पनि अब नेपालले भियतनामै मैदानमा प्रतिस्पर्धा गर्नेछ।

■ एएफसी यू-२३ एसियन कप छनोट

दोस्रो हारसँगै नेपाल समूह चरणबाट बाहिरियो

लगातार दोस्रो हारपछि नेपाल एएफसी यू-२३ एसियन कप छनोटबाट बाहिरिएको छ। छनोटअन्तर्गत समूह 'के'मा शनिबार सिरियाले नेपाललाई ४-२ ले पराजित गऱ्यो। नेपालले सिरियाविरुद्ध २-१ को अग्रता गोल गरेको थियो। तर, नेपालले अग्रता रक्षा गर्न नसक्दा सिरियासँग पराजित भयो। ताजकिस्तानमा भएको खेलमा सिरियाले नेपालविरुद्ध खेलको २५औँ मिनेटमा १-० अग्रता बनायो। नेपालको कमजोर डिफेन्समा सिरियाले गोल गरेको हो।

नेपालले दोस्रो हाफमा उत्कृष्ट सुरुवात गर्दै २-१ को अग्रता बनायो। तर, नेपालको कमजोर डिफेन्स फाइदामा सिरियाले तीन गोल थप्दै खेलमा जित निकाल्यो। नेपालका मुख्य प्रशिक्षक नवीन न्यौपानेले दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गरे पनि गोल रक्षा नसक्दा पराजित भएको बताए। 'पहिलो हाफमा एक गोल मात्र व्यहोरेर दोस्रो हाफमा कमब्याक गऱ्यौं, तर यसलाई अन्तिमसम्म कायम राख्न सकेनौं,' उनले भने।

खेलको ५६औँ मिनेटमा नीराजन धामीले नेपाललाई १-१ को बराबरीमा ल्याए। खेलको ६६औँ मिनेटमा सुमित श्रेष्ठले नेपाललाई २-१ को अग्रता दिलाए। खेलको ७२औँ मिनेटमा अली अरिनाले सिरियाका लागि २-२ को बराबरी गोल गरे। खेलको ८१औँ मिनेटमा मोहमद अलसबादले सिरियालाई ३-२ को अग्रता दिलाए। खेलको ९०औँ मिनेटमा महमुद नायफले ४-२ का लागि गोल गरे।

नेपालका प्रशिक्षक न्यौपानेले पहिलो खेलभन्दा धेरै राम्रो खेलेको बताए। 'अनुभवी टिमसँग खेल्दा खेलाडी अलिकति आत्तिए। केही हाम्रो गल्तीबाट उनीहरूले फाइदा लिए,' उनले भने, 'अझै राम्रो एक्सपोजर र प्रशिक्षण पाउन सके बलिया टोलीहरूलाई हराउन सकिनेछ।' नेपाल पहिलो खेलमा ताजिकिस्तानसँग ४-० गोलअन्तरले पराजित भएको थियो। नेपालले अब २४ भदौमा फिलिपिन्ससँग खेल्नेछ। नेपालले दुई खेलबाट अंकको खाता खोल्न सकेको छैन।

सन् २०२६ को साउदी अरेबियामा हुने यु-२३ एसियन कप छनोटका लागि ४४ राष्ट्रले दाबेदारी प्रस्तुत गरेका छन्। एएफसीले ४४ टोलीलाई ११ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहमा चार टोली रहेका छन्। प्रत्येक समूहको विजेता छनोट हुनेछ। साथै उत्कृष्ट चार उपविजेताले पनि एसियन कप खेल्न पाउनेछ। साउदी अरेबिया आयोजकको हैसियतमा छनोट भइसकेको छ। एसियन कपमा कुल १६ टोलीले प्रतिस्पर्धा गर्नेछन्।

■ पल्सर स्पोर्टस् अवार्ड

चार विधाका मनोनयन सार्वजनिक



पोखरामा २९ भदौमा आयोजना हुने अवार्डअन्तर्गत वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस विधाको विजेताले पल्सर मोटरबाइक प्राप्त गर्नेछन्

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नयाँ पत्रिका

एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डअर्न्तगत वर्ष ०८१ को पुरुष, महिला, युवा खेलाडी र प्रशिक्षक गरी चार विधाका मनोनयन सार्वजनिक गरिएको छ। नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)को खेलाडी छनोट समितिले शनिबार २२औँ संस्करण स्पोर्टस् अवार्डको चार विधाको मनोनयन सार्वजनिक गरेको हो। वर्ष पुरुष खेलाडी, वर्ष महिला खेलाडी, वर्ष युवा खेलाडी तथा वर्ष प्रशिक्षकमा समान उत्कृष्ट पाँचजनाको मनोनयन गरिएको छनोट समितिले जनाएको छ।

वर्ष पुरुष, महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस विधाको विजेतालाई पल्सर मोटरबाइक प्रदान गरिनेछ। अन्य विधाका विजेताले जनही एक लाख रुपैयाँ र गिफ्ट ह्याम्पर पाउने मञ्चले जनाएको छ। वर्ष पुरुषमा क्रिकेटका दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेल, उसुका विजय सिन्जाली, टेबलटेनिसका स्यान्टु श्रेष्ठ र खो-खो खेलका जनक चन्द मनोनयनमा परेका छन्। महिलातर्फ कराँतेकी एरिका गुरुङ, फुटबलकी रेखा पौडेल, कराँतेकी एलिसा रास्कोटी मगर, खो-खोकी मानमती धामी र भलिबलकी सलिना श्रेष्ठ परेका छन्।

वर्ष २०८१ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त सफलता र उत्कृष्ट प्रदर्शनका आधारमा मनोनयन गरिएको मञ्चका सचिव तथा छनोट समितिका संयोजक अनिल मल्ल ठकुरीले जानकारी दिएका छन्। वर्ष युवा खेलाडीको मनोनयनमा एथलेटिक्सका अजय विक, कराँतेकी अञ्जली महर्जन, क्रिकेटकी पूजा महतो, बक्सिङकी स्वस्तिका र फुटबलका समीर तामाङ परेका छन्। वर्ष प्रशिक्षकमा पारा तेक्वान्दोका कविराज नेगी लामा, कराँतेका कुशल श्रेष्ठ, बक्सिङका दीपक महर्जन, क्रिकेटका महेश रिजाल र खो-खोका लक्ष्मीनारायण वैद्य मनोनयन परेका छन्। अवार्ड पोखरामा भदौ २९ गते आयोजना हुनेछ।

पाँचसदस्यीय छनोट समिति

ठकुरीको संयोजकत्वमा रहेको पाँच सदस्यीय छनोट समितिले खेलाडी र प्रशिक्षक छनोट गरेको हो। सो समितिमा निरञ्जन राजवंशी, प्रजित शाक्य, हिमेशरत्न बज्राचार्य र विराट रायमाझी छन्। पोखरा इभेन्ट सेन्टरमा हुने अवार्डको दिन सबै विधाको विजेता घोषणा गरिने आयोजकले जनाएको छ। 'वर्ष ०८१ मा नेपाली खेलाडीले ऐतिहासिक सफलतासँगै धेरै राम्रो नतिजा पाएकाले मनोनयनमा पर्न कठिन भएको थियो,' मञ्चका पूर्वअध्यक्ष राजवंशीले बताए। उनले एक वर्षभर नेपाली खेलकुदले पाएका सफलतालाई दस्तावेजका रूपमा राखिएको र त्यसले छनोट गर्न सहज भएको बताए।

मनोनयन सार्वजनिक कार्यक्रममा छनोट समितिका सदस्य प्रजित शाक्यले नेपाली खेलकुदले लामो समयदेखि प्रतीक्षा गर्ने कार्यक्रमका रूपमा अवार्ड रहेको बताए। एआइपिएसका अध्यक्ष जियानी मेर्लो अवार्ड कार्यक्रममा सहभागी हुनेछन्।

वर्ष उत्कृष्ट पुरुष खेलाडी

विजय सिँजाली (उसु), दीपेन्द्रसिंह ऐरी (क्रिकेट), जनक चन्द (खो-खो), कुशल भुर्तेल (क्रिकेट) र श्यादु श्रेष्ठ (टेबुलटेनिस)

वर्ष उत्कृष्ट महिला खेलाडी

एरिका गुरुङ (कराँते), मानमती धामी (खो-खो), एसिला रास्कोटी मगर (कराँते), सलिना श्रेष्ठ (भलिबल) र रेखा पौडेल (फुटबल)

वर्षको उत्कृष्ट युथ खेलाडी

अजय विक (एथलेटिक्स), अञ्जली महर्जन (कराँते), पूजा महतो (क्रिकेट), स्वस्तिका तिरुवा (बक्सिङ) र समीर तामाङ (फुटबल)

वर्ष उत्कृष्ट प्रशिक्षक

दीपक महर्जन (बक्सिङ), कविराज नेगी लामा (पारा तेक्वान्दो), लक्ष्मीनारायण वैद्य (खो-खो)

अवार्डकै पिपल्स च्वाइस विधाको मनोनयन सार्वजनिक भइसकेको छ। यस विधामा विजय सिन्जाली (उसु), पूजा महतो (क्रिकेट), हिमाल सुनारी (भलिबल), रेखा पौडेल (फुटबल) र इभाना थापा (टेबलटेनिस) छन्। यस वर्ष पनि एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डको मुख्य प्रायोजकको रूपमा गोल्छा ग्रुपको बजाज पल्सर मोटरसाइकल रहेको छ।

खेल संक्षेप

समृद्धि इन्डो-नेपाल टिम च्याम्पियन



काठमाडौं/ नेपालको समृद्धि स्कुल इन्डो-नेपाल कराँते प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेको छ। आयोजक समृद्धिले २० स्वर्ण, १० रजत र ८ कांस्य पदक जित्दै टिम च्याम्पियन बनेको हो। बनस्थलीस्थित आयोजक समृद्धि स्कुलको खेलपरिसरमा भएको प्रतियोगितामा भारत १० स्वर्णका साथ दोस्रो भएको प्रतियोगिता संयोजक रवि शाहीले बताएका छन्। कुमुतेको पुरुषमा समृद्धिका सविर श्रेष्ठ डंगोल तथा महिलामा मनमैजुकी सपना गिरी उत्कृष्ट खेलाडी घोषित भएका छन्।

कातामा वेदांग स्कुलकी अन्भी शाही उत्कृष्ट खेलाडी चुनिइन्। अन्भीले प्रतियोगितामा दोहोरो स्वर्ण जितिन्। प्रशिक्षकमा वेदांगका डम्बरबहादुर आले तथा निर्णायकमा सुवास कार्की उत्कृष्ट ठहरिए। विजेतालाई नेपाल कराँते महासंघका वरिष्ठ उपाध्यक्ष एवं नेपाल वादोरियो कराँते संघका अध्यक्ष हरिशरण केसीले एक कार्यक्रमबिच पुरस्कृत गरे। दुईदिने प्रतियोगिताअन्तर्गत काता र कुमुतेमा गरी ४५ स्पर्धामा दुई सय ८३ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

सफल र सांग्रिला पहिलो

काठमाडौं/ अल्कापुरी हाई स्कुलका सफल पुन र काठमाडौं महानगरपालिका वडा ५ की सांग्रिला श्रेष्ठ डबली सर्किट रनमा शनिबार पहिलो भएका छन्। सफल पुरुषको तीन किलोमिटर तथा सांग्रिला महिलाको दुई किलोमिटर दूरीमा पहिलो भएका हुन्। सफलले निर्धारित दूरी ११ मिनेट ३४.८ सेकेन्डमा पूरा गरे। अनमोल ज्योतिका अविरलबहादुर सिंह (११ मिनेट ५१.५ सेकेन्ड) दोस्रो तथा काठमाडौं इंग्लिस स्कुलका तीर्थराज उपाध्याय (१२ मिनेट ४.१ सेकेन्ड) तेस्रो भए। सांग्रिलाले निर्धारित पूरा गर्न ९ मिनेट ५२.७ सेकेन्ड समय खर्चिन्।

स्वर्ण विजेता सनी सम्मानित

काठमाडौं/ सिम्रिक युवा क्योकुसिन कराँते डो वज्रले २५औँ दक्षिण एसियाली अन्तर्राष्ट्रिय फुल कन्ट्याक्ट कराँते खुला प्रतियोगिताका स्वर्ण विजेता सनी सिंहलाई शनिबार नगदसहित सम्मान गरेको छ। सनीलाई १० हजारसहित सम्मान गरिएको हो। काठमाडौं महानगरपालिका वडा १७ का अध्यक्ष नवीन मानन्धर र सिम्रिकका अध्यक्ष पुष्पमान मानन्धर सनीलाई एक कार्यक्रमबिच सम्मान गरेका छन्। श्रीलंकामा गत ११ साउनमा भएको प्रतियोगितामा सनीले २० खेलाडी सहभागी खुला तौलसमूहमा चारजना खेलाडीलाई पराजित गरी स्वर्ण जितेको अध्यक्ष पुष्पमानले जनाएका छन्।

एनपिएलको ट्रफी टुर विराटनगरबाट सुरु

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको दोस्रो संस्करण सुरु हुनुअघि ट्रफी टुर भएको छ। क्यानले ट्रफी टुरको सुरुवात विराटनगरबाट हुने जनाएको छ। सबै टोलीको प्रतिनिधित्व गर्ने सहर पुऱ्याइने ट्रफीको टुर अन्त्यमा सुदूरपश्चिमको कैलालीमा पुगेर टुंगिनेछ। क्यानका सचिव पारस खड्काले दोस्रो संस्करण अझ भव्य हुने बताए। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले एनपिएल नेपालको गौरव बनिसकेको बताए। विराटनगरबाट भएको ट्रफी टुर मधेश प्रदेशको जनकपुर पुग्नेछ। त्यसपछि चितवन, काठमाडौं, पोखरा, लुम्बिनी, सुर्खेत हुँदै कैलाली पुगेर टुंगिनेछ। एनपिएलको दोस्रो संस्करण १ देखि २७ मंसिरसम्म हुँदै छ। खेलाडी अक्सनसमेत सम्पन्न भइसकेको छ। पहिलो संस्करणको उपाधि जनकपुर बोल्ट्सले जितेको थियो।

■ युएस ओपनको फाइनलमा सिनर

एजेन्सी/ जानिक सिनर वर्षको अन्तिम ग्रान्डस्लाम युएस ओपनको फाइनलमा पुगेका छन्। सिनरले प्रतियोगिताको सेमिफाइनलमा फेलिक्स अगुरलाई ६-१, ३-६, ६-३ र ६-४ को सेटमा स्तब्ध पार्दै अन्तिम दुई स्थान पक्का गरेका हुन्। अब उनले उपाधिका लागि स्पेनिस खेलाडी कार्लोस अल्काराजसँग प्रतिस्पर्धा गर्ने छन्। सिनर र फेलिक्सबिचको खेल तीन घण्टा २१ मिनेटसम्म चलेको थियो। सिनरले फाइनलमा कार्लोसविरुद्धको रोमाञ्चक भिडन्त हुने बताए। 'यो सिजनमा हामी दुईबिच कडा प्रतिस्पर्धा भइरहेको छ। आशा गर्छौं युएस ओपनको फाइनलमा पनि यस्तै हुनेछ,' उनले भने, 'खेलाडीको नजरमा ग्रान्डस्लाम फाइनलमा महत्त्वपूर्ण पाटो हो। अझ उपाधि जित्दा थप आनन्द आउनेछ।' पुरुषतर्फको फाइनल आइतबार हुनेछ।



■ दोस्रो एभरेस्ट महिला भलिबल लिग

ललितपुर र कर्णाली अपराजित

कास्कीमा रोहितराज पराजुली

साबिक विजेता कर्णाली यसविस र साबिक उपविजेता ललितपुर क्विन्सले पोखरामा चलिरहेको दोस्रो एभरेस्ट महिला भलिबल लिगमा आफ्नो विजयी यात्रालाई निरन्तरता दिएका छन्। घरेलु टोली पोखरा निन्जाजले लगातार दुई खेलमा हारको सामना गरेको छ। पोखरा रंगशालास्थित बहुउद्देशीय कभर्ड हलमा शनिबार भएको पहिलो खेलमा ललितपुरले काठमाडौं स्पाइकर्सलाई सोझो ३-० को सेटमा हरायो। कर्णालीले लुम्बिनी लाभाजमाथि ३-१ को जित निकाल्यो।

जितसँगै ललितपुर ६ अंकका साथ शीर्ष स्थानमा उक्लेको छ। एक सेट गुमाएको कर्णाली ६ अंकका साथ दोस्रो स्थानमा छ। ललितपुरले काठमाडौंमाथि २५-१९, २५-२३ र २५-२१ ले आफ्नो पक्षमा पार्दै छिमेकी टोलीलाई निराश बनाएको हो। अर्को खेलमा लुम्बनीले साबिक विजेता कर्णालीमाथि पहिलो सेटमा दबाब बनाएको थियो। लुम्बिनीले पहिलो सेट २३-२५ ले आफ्नो पक्षमा राख्यो।

यद्यपि, त्यसपछिका सेटमा कर्णालीले उत्कृष्ट पुनरागमन गरी लुम्बिनीलाई २५-२१, २५-१७ र २५-२२ ले हरायो। लुम्बिनीकी कप्तान अरुणा शाही तेस्रो सेटमा घाइते भएपछि मैदान बाहिरिइन। त्यसपछि लुम्बिनीले कर्णालीविरुद्ध गतिलो प्रदर्शन गर्न सकेन। दिनको तेस्रो खेलमा मधेश युनाइटेडले पोखरालाई सोझो ३-० को सेटमा पराजित गऱ्यो। मधेशले दुईमध्ये एक खेलमा जित निकालेको हो। मधेशले पोखरालाई २५-१९, २५-१९ र २५-२३ ले जितेको थियो। प्रतियोगिताअन्तर्गत पहिलो खेलमा काठमाडौं र मधेशबिच हुनेछ। दोस्रो खेलमा लुम्बिनीले पोखराको सामना गर्नेछ।

मोरोक्को सन् २०२६ को विश्वकपमा छनोट हुने पहिलो अफ्रिकी राष्ट्र

अफ्रिकी महादेशमा चलिरहेको छनोटमा मोरोक्कोले समूह 'ई'मा सर्वाधिक १८ अंक बटुल्दै लगातार विश्वकपमा स्थान बनायो

एजेन्सी

मोरोक्को सन् २०२६ को फिफा पुरुष विश्वकपमा छनोट हुने पहिलो अफ्रिकी राष्ट्र बनेको छ। अफ्रिकी महादेशको छनोट प्रतियोगिताअन्तर्गत शनिबार भएको खेलमा मोरक्कोले नाइजरलाई ५-० गोलको फराकिलोअन्तरले हराएको हो। जितसँगै मोरोक्को आगामी फिफा विश्वकपमा छनोट हुने पहिलो अफ्रिकी राष्ट्र बन्न पुगेको हो। मोरोक्कोको जितमा इस्माइल साइबारीले दुई गोल गरेका थिए। उनले खेलको २९औँ र ३८औँ मिनेटमा गोल गरेका थिए। मोरोक्कोका लागि अयुब अल काबी, हमजा इगामाने र अजेदिनले समान एक गोल गरे।

मोरोक्कोको रावतमा भएको खेलको पहिलो हाफमा नाइजर १० खेलाडीमा समेटिएको थियो। खेलको २६औँ मिनेटमा नाइजरका अब्दुल लतिफ डियोरी रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएका थिए। सन् २०२२ मा कतार विश्वकपमा सेमिफाइनलसम्म पुगेर इतिहास रचेको मोरोक्को लगातार विश्वकपमा छनोट भएको हो। तीन वर्षअघि सनसनी नतिजा निकाली विश्वकपको अन्तिम चार स्थान बनाउने क्रममा मोरक्कोले स्पेन र पोर्चुगलजस्ता बलिया राष्ट्रलाई हराएको थियो। मोरोक्को सेमिफाइनलमा फ्रान्ससँग २-० ले पराजित भएको थियो। योपटक अफ्रिकी महादेशको छनोट प्रतियोगितामा मोरोक्को समूह 'ई'मा थियो। मोरोक्कोले लगातार ६ खेल जित्दै १८ अंक जोडेको छ। ६ खेल खेलेको तान्जानिया १० अंकसहित दोस्रो स्थानमा छ। सन् २०२६ को विश्वकप ११ जुन देखि १९ जुलाईसम्म अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्दै छन्। अफ्रिकी छनोटअन्तर्गत आठ समूह विजेता सीधै विश्वकपमा छनोट हुनेछन्।

■ विश्वकपमा पुगेका १७ राष्ट्र

एसिया : अस्ट्रेलिया, इरान, जापान, जोर्डन (पहिलोपटक), दक्षिण कोरिया, उज्वेकिस्तान (पहिलोपटक)

उत्तर अमेरिका : क्यानडा, मेक्सिको, संयुक्तराज्य अमेरिका

दक्षिण अमेरिका : अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, इक्वेडर, पाराग्वे, उरुग्वे

ओसिएना : न्युजिल्यान्ड

अफ्रिकी महादेश : मोरोक्को



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com